



# नेपाल समाचारपत्र

नपाली मनका नपाली पत्रिका

NEPAL SAMACHARPATRA

नपाल समाचापत्र दनिक, कामना, साधनाका ग्राहक बन्नुपमा, पत्रिका समयमा नआएमा, कुन गुनासा भएमा सम्पक गनुहाला।

कामना न्यूज पब्लिकसन्स
कामना प्लाजा, भीमसनस्थान, काठमाडां
सम्पक : ९८०१००३७३७, ०१-४२६११७९
एक्सटन्सन: २२५ (९ बजदखि ६ बजसम्म)

आइतबार, साउन ८, २०७४ | Sunday, July 23, 2017 | www.newsofnepal.com | नेसं ११३७ दिला ला: ३० | वष २३, अंक १९४ | पृष्ठ १२ | मूल्य रू. १०/-



२ { राजेन्द्र महतोसँगको अन्तर्वार्ता
५ { लोप भइसकेको जिब्रो छेड्ने जात्रा फेरि सञ्चालन हुने
७ { क्यान्टिलिभर पुलमा जोखिम बढ्यो
१० { साढे ८ लाख पर्यटक भित्रिए





### माओवादी केन्द्रको बैठक सम्पन्न

# ४ हजारको केन्द्रीय समिति ९९ बनाउने तयारी

मधुसूदन रायमाझी, काठमाडौं

नेकपा माओवादी केन्द्रले स्थानीय तहको निर्वाचनमा जम्बो केन्द्रीय समिति बनाउँदा निर्वाचनमा पराजित भएको निष्कर्ष निकाल्दै केन्द्रीय समितिको संख्या घटाउने निर्णय गरेको छ।

ठूलो केन्द्रीय समिति बनाउँदा सांगठानिक रूपमा अस्तव्यस्त भएकाले निर्वाचनअघि नै दुई अंकको केन्द्रीय समिति बनाउने निर्णय गरेको हो। प्रदेश कार्यालयको सिफारिसको आधारमा केन्द्रीय कार्यालयले केन्द्रीय समितिको संख्या घटाउनको निर्णय गरेको छ।

साउन २ गतेदेखि जारी पार्टी केन्द्रीय सचिवालयको विस्तारित बैठकको समापनमा बोल्दै नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले अब दुई अंकको केन्द्रीय समिति बनाउने बताउनुभएको छ।

'सबै प्रदेशबाट यस विषयमा निर्णय गराएर केन्द्रीय कार्यलयले दुई अंकको केन्द्रीय समिति बनाउछ', प्रचण्डको भनाइ उद्धृत गर्दै माओवादी केन्द्रका एक नेताले भने- 'पार्टीलाई गतिशील बनाउने जम्बो केन्द्रीय समितिले सक्दैन, अब सानो समिति बनाइन्छ।' बलिदानको औचित्य पूरा गर्नसक्ने पार्टी बनाउनुपर्नेमा जोड दिँदै प्रचण्डले सर्वहारा वर्गीय पहिचान बचाएर संगठन चुस्त पार्नुपर्ने बताउनुभयो।

देशविदेशका सबै प्रतिक्रियावादी शक्तिहरू नेपालको परिवर्तन भत्काउन घुँडा टेकेर लागेको बताउँदै परिवर्तन संस्थागतका लागि अझै पनि विवेकपूर्ण निर्णय गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले प्रतिक्रियावादीलाई धर्मनिरपेक्षता, संघीयता, गणतन्त्र र स्थानीय तहजस्ता परिवर्तन प्रतिक्रियावादीहरूलाई पटक मन नपरेको बताउनुभयो।

प्रचण्डको भनाइ उद्धृत गर्दै एक नेताले भने- 'हामी क्रान्तिकारी थियौं र हौं, संसद्वादको अभ्यास हामीले गरेका होइनौं।' क्रान्तिको स्वरुप मात्रै फेरिएको बताउँदै पार्टीले यसलाई उपयोग गर्दै समाजवादी क्रान्तिको तयारी गर्नेतर्फ संगठनलाई होम्नुपर्ने बताउनुभयो।

निर्वाचनमा विजयी हुनका लागि जनताको

- जम्बो केन्द्रीय समिति बनाउँदा चुनाव हारियो
- कार्यकारी राष्ट्रपतिको मुद्दा उठाउने
- नेताहरूलाई जनताको घरघरमा जान प्रचण्डको निर्देशन

घर-घरमा जान निर्देशन दिँदै अध्यक्ष प्रचण्डले चुनाव पनि क्रान्तिकै मोर्चा भएकाले संगठन बलियो बनाउन लाग्नुपर्ने बताउनुभयो। चुनाव जित्नका लागि जोसँग पनि एकता गर्न नसकिने बताउँदै आफ्नो पार्टीको लागि चुनाव एउटा कार्यनीति मात्रै भएको बताउनुभयो।

माओवादीको सचिवालयको विस्तारित बैठकले स्थानीय तहको दुई चरणको निर्वाचनमा पार्टीभित्र अन्तर्घात गर्ने पार्टी नेता तथा कार्यकर्तामाथि कारबाही गर्ने निर्णय गरेको छ। माओवादीले अन्तरघात छानविनका लागि ६ वटै प्रदेशमा कार्यदल गठन गर्ने भएको छ। प्रचण्डको भनाइ उद्धृत गर्दै एक नेताले भने- '६ वटै प्रदशेमा तीन/तीन सदस्यीय कार्यदल बनाएर छानबिन हुन्छ। बागी उठ्ने, अन्तर्घात गर्ने र अर्को पार्टीको पैसा खानेलाई कारबाही हुन्छ।'

बैठकले प्रदेश नम्बर २ को चुनावी तयारीका लागि साउन १० गते अगुवा कार्यकर्ता भेला गर्ने निर्णय गरेको नेता मणि थापाले बताउनुभयो। बैठकले संघीय चुनावको प्रतिबद्धता पत्रको मस्यौदा बनाउन नारायणकाजी श्रेष्ठ 'प्रकाश'को संयोजकत्वमा समिति बनाएको छ भने प्रदेशसभाको चुनावका लागि उम्मेदवार छनोटका लागि रामबहादुर थापाको संयोजकत्वमा समिति बनाएको छ।

बैठकले साउन २० देखि २२ गतेसम्म पार्टीका तर्फबाट निर्वाचित प्रतिनिधिहरूसँग विज्ञसहितको भेला गर्ने निर्णय गरेको छ।

नेकपा माओवादीका युवा नेता युवराज चौलागाईंले पार्टीले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको मुद्दालाई उठाउने निर्णय गरेको बताउनुभयो। उहाँका अनुसार स्थानीय तहको निर्वाचनमा पराजित भएका पार्टीका उम्मेदवारहरूलाई स्थानीय सरकार सञ्चालन समिति बनाउने निर्णय पनि भएको छ।

(क्रमश: पृष्ठ ९ मा)

# शिक्षामा अझै झमेला

ईश्वरराज ढकाल, काठमाडौं

शिक्षा मन्त्रालयले सबै महानगरपालिका, उपमहानगरपालिका र केही नगरपालिकासहित ७५ वटा स्थानीय तहमा शिक्षा हेर्न कर्मचारी खटाए पनि ती कर्मचारी कोही पनि हाजिर हुन गएका छैनन्।

शिक्षा मन्त्रालयले एक जना कर्मचारीलाई शिक्षा हेर्ने जिम्मेवारी दिए पनि अन्य कर्मचारीको विषयमा कुनै निर्णय नगरेको कारण गम्भीर समस्या परेको छ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले शिक्षा मन्त्रालयलाई तत्काल कर्मचारी खटाउन दबाब दिएपछि शिक्षाले ७५ जना कर्मचारीलाई खटाएको थियो। मन्त्रालयले ती कर्मचारीलाई जिम्मा दिएको भए पनि कुनै कागजात दिएको छैन। 'पत्र प्राप्त भएपछि म बुझ्नका लागि काठमाडौं महानगरपालिका पुगेको थिएँ, महानगरपालिकाले अन्य कर्मचारी खै त भन्दै उल्टै प्रश्न गऱ्यो।' - काठमाडौं महानगरपालिका सरुवा हुनुभएका शिक्षा सेवाका उपसचिव प्रह्लाद अर्यालले भन्नुभयो। उहाँले कर्मचारी खटाउने निकायले कायदिश नदिँदा सबै निकायमा समस्या परेको बताउनुभयो।

उपसचिव अर्यालले सरुवा भएको पत्रसँगै के काम कसरी गर्ने? कति कर्मचारी आफ्नो मातहतमा रहने? कार्ययोजना के हुने? जस्ता विषय प्रस्ट नभएसम्म कार्यालयमा हाजिर हुन समस्या हुने जानकारी दिनुभयो। यस्ता समस्या सबै स्थानीय निकायमा परेको छ। एक जना कर्मचारी खटाइएको छ। के गर्ने भन्ने विषयमा कुनै जानकारी नै छैन। शिक्षा विभाग र मन्त्रालयका लापरबाहीको कारण शिक्षा सेवाका कर्मचारी स्थानीय निकायमा खट्न समस्या देखिएको छ।

ललितपुर र काठमाडौं महानगरपालिका त एउटा उदाहरण मात्रै हो। अहिले खटाइएका ७५ जनामध्ये अधिकांशले पत्र पाएका छैनन्। वरिष्ठ कर्मचारीलाई व्यवस्थापन गर्ने विषयमा कुरा मिल्न नसक्दा मन्त्रालयमै समस्या बढेको हो। सरुवा भएका कर्मचारीसमेत कार्यालय नपुग्दा मन्त्रालयलाई नै समस्या परेको छ। शिक्षा मन्त्रालय, कर्मचारी महाशाखा प्रमुख चक्र बुढाले यो महिनाभित्र सबै शिक्षाका कर्मचारीलाई सबै स्थानीय तहमा खटाइसक्ने जानकारी दिनुभयो।

'पत्र नपुगेको बहाना मात्रै हो, सबैलाई पत्र दिएका छौं। कतिपय आफैले नबुझेको हुनसक्छ।' - उहाँको आरोप थियो। उहाँले केही दिनभित्र सबै समस्या समाधान हुने जानकारी दिँदै भन्नुभयो- 'केही समस्या देखिएको छ, चाँडै समाधान गर्नेछौं।'

शिक्षा सेवाको आधिकारिक ट्रेड युनियनले सरकारले मनपरीरूपमा कर्मचारी व्यवस्थापन गर्न लागेको भन्दै आपत्ति जनाएका छन्। उनीहरूले मापदण्ड बनाएर मात्रै शिक्षा सेवाका कर्मचारी सरुवा गर्नुपर्ने, स्थानीय निकायमा कर्मचारी खटाउँदा वरिष्ठ र कनिष्ठ छुट्याउनुपर्नेलगायतका माग राखेका छन्।

युनियनका अध्यक्ष हरिभक्त पौडेलले एक महिनादेखि माग राख्दै मुख्य सचिव, संघीय मामिला तथा स्थानीय, सामान्य प्रशासन र शिक्षा मन्त्रालयमा ज्ञापनपत्र दिँदासमेत मागको कुनै सुनुवाइ नभएको बताउँदै युनियनका माग सम्बोधन नभएसम्म शिक्षा सेवाका कुनै पनि कर्मचारी स्थानीय निकायमा हाजिर हुन नजाने चेतावनी दिनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# मधेसमा बृहत् मोर्चा बनाउने प्रस्ताव

बीपी साह, काठमाडौं

लामो समयदेखि आन्दोलनरत मधेसीहरुको माग पूरा गराउन बृहत् मधेसी मोर्चा बनाउनुपर्ने प्रस्ताव बुद्धिजीवीहरुले गरेका छन्। बृहत् मोर्चामा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी (केन्द्र) र राजपासहितका पार्टीमा रहेका मधेसी नेताहरुलाई समेटेर मोर्चा बनाउनुपर्ने प्रस्ताव आएको हो।

शनिबार काठमाडौंमा माओवादी निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चा नेपाल र संयुक्त मधेसी राष्ट्रिय आन्दोलन समितिले आयोजना गरेको अन्तरक्रियामा सहभागी बुद्धिजीवीहरुले मधेसवादी दलहरु मात्रले मधेसको माग पूरा गराउन नसक्ने भन्दै बृहत् मोर्चाको आवश्यकता रहेको बताए।

आन्दोलनमा देखिएको राष्ट्रिय जनता पार्टी नेपाल एक्लैले आन्दोलन गर्दैमा मधेसको माग पूरा नहुने निष्कर्ष उनीहरुले निकालेका छन्। उनीहरुले सम्झौताका आधारमा राजपालाई निर्वाचनमा सहभागी हुन पनि आग्रह गरेका छन्।

अन्तरक्रियामा माओवादी नेता मातृकाप्रसाद यादवले बृहत् मोर्चा बनाएर मधेस आन्दोलनलाई सफल पार्न प्रस्ताव गर्नुभएको थियो। नयाँ शक्ति नेपालका नेता रामकुमार शर्माले मधेसवादी कुनै पनि दल मधेसको माग सम्बोधन गराउन नसक्ने भएकाले सबै पार्टीका मधेसी नेताहरु मिलेर तत्कालै बृहत् मधेसी मोर्चा बनाउनुपर्ने बताउनुभयो।

(क्रमश: पृष्ठ ९ मा)

# कानुनी दायरामा आए ट्यांकर

टीका बन्धन, काठमाडौं

काठमाडौं उपत्यकामा खाने पानी वितरण गर्ने टयांकरलाई स्टीकर अनिवार्य गरिएपछि ४ सय २१ टयांकरले विभिन्न ३ रंगको स्टीकर अनुमति पाएका छन्। वितरण गरिने पानीको गुणस्तरका आधारमा टयांकरलाई निलो, हरियो र पहिलो स्टीकर तोकिएको हो।

काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डले स्टिकरको व्यवस्था अनिवार्य गरेपछि ३ महिनाको अवधिमा १४ टयांकरले निलो स्टीकर पाएका छन् भने अधिकांशले हरियो स्टीकर पाएका छन्।

हरियो स्टीकर पाउने टयांकरको संख्या ३ सय ५६ छ भने ५१ ले पहेलो रंगको स्वीकृति पाएका छन्। पिउन योग्य पानी वितरण गर्ने टयांकरलाई निलो, घरायसी प्रयोजन र उमालेर मात्र पिउन योग्य वितरण गर्नेलाई हरियो र निर्माण तथा सरसफाइमा मात्र प्रयोग गर्न मिल्ने सेवा प्रदायकलाई पहेंलो स्टीकर तोकिएको छ।

निलो स्टिकर पाएका १४ वटै टयांकर काठमाडौं उपत्यका खाने पानी लिमिटेड (केयूकेएल) का छन् भने बाँकी सबै निजी क्षेत्रले पानी वितरणमा प्रयोग गर्नेले पाएका छन्। टयांकरले उपलब्ध गराउने पानीको गुणस्तर परीक्षणपश्चात् फरक-फरक स्टीकर तोकिएको खानेपानी बोर्डका कार्यकारी निर्देशक सञ्जिव राणाले बताउनुभयो। 'हरेक टयांकरलाई स्टीकर अनिवार्य गरिएको छ', उहाँले भन्नुभयो- 'केयूकेएलको मुख्य प्रयोगशाला महांकालमा गरिने पानीको गुणस्तरपश्चात् स्टीकरको रंग वर्गीकरण गर्ने गरिएको हो।'

उपत्यकाका टयांकरले महांकाल, बाँसबारी, सैंबु, चोभारको खहरे, मातातीर्थ, बालाजु, गोंगबु, सानो भऱ्याङ, ठूलो भऱ्याङ, सीतापाइला, गोदावरी, हरिसिद्धि, जोरपाटी, भक्तपुरको झौखेललगायतका भूमिगत र सतही स्रोतको पानी संकलन गर्दै आएका छन्।

बोर्ड निर्देशक राणाका अनुसार केयूकेएलका टयांकरलाई महांकाल, बाँसबारी र सैंबुका स्रोतबाट मात्र पानी भर्न अनुमति दिइएको छ। मनोमानी ढंगले पानी वितरण गरिने कार्यलाई निरुत्साहित गर्न पानीको गुणस्तर कायम गर्न यस्तो व्यवस्था अनिवार्य गरिएको उहाँले प्रस्टयाउनुभयो।

टयांकरमार्फत वितरण भएको पानीमा स्वास्थ्यमा हानी पुऱ्याउने जीवाणु भेटिएमा त्यस्तो कार्यमा संलग्न रहनेलाई १ वर्ष कैद सजाय हुने प्रावधान छ। त्यसैले टयांकरमा प्रस्ट देखिने गरी राखिनुपर्ने स्टीकरमा स्टीकरको रंग, टयांकरको क्षमता, स्टीकर लाइसेन्स नम्बर, पानी भर्नका लागि तोकिएको स्रोतलगायतका बेहोरा खुलाइएको हुन्छ।

शुद्ध खानेपानी वितरणका लागि राष्ट्रिय खानेपानी मापदण्ड २०६२ ले स्पष्ट व्यवस्था तोकेको छ। सो मापदण्डका आधारमा गत वैशाख ५ गतेदेखि यस्तो व्यवस्था अनिवार्य गरिएको भए पनि उपत्यकामा पानी वितरणका लागि के कति टयांकर सञ्चालनमा छन् भन्ने यकिन तथ्यांक बोर्डसँग छैन।

अहिले करिब ६ सयका हाराहारीमा पानी टयांकर रहेको बोर्ड अधिकारीहरूको प्रारम्भिक अनुमान छ। गत फागुन तेस्रो साता उपत्यकाबाट २० वर्षे पुराना भाडाका सवारी हटाइएपछि केही टयांकर नवीकरणमा नपरेको अनुमान गरिएको छ। तर स्टीकर इजाजतसँगै अनुगमन कार्यसमेत अघि बढाइएकाले २० वर्षे अवधि नपुगेका बाँकी टयांकर छिट्टै पछिल्लो कानुनी प्रक्रियामा आउने बोर्डका वरीष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता योगेन्द्रबहादुर बम दाबी गर्नुहुन्छ। उहाँका अनुसार थप ४० टयांकर स्टीकर पाउने प्रक्रियाको अन्तिम चरणमा रहेका छन्।

केही महिनाभित्र उपत्यकामा मेलम्चीको पानी घर-घरै पुग्ने भएपछि केही व्यवसायी भने स्टीकर व्यवस्थामा आउन नचाहेको अनुमान गरिएको छ। स्टीकर इजाजत अनिवार्य गरिएपछिको वार्षिक नवीकरण शुल्क सबै प्रकारका टयांकरका लागि २ हजार तोकिएको छ।




पानीको गुणस्तरका आधारमा ट्यांकरलाई निलो, हरियो र पहिलो स्टीकर

# लक्ष्य १ सय, सम्पन्न २५

नेपाल समाचारपत्र

काठमाडौं

गत आर्थिक वर्षमा सरकारले एक सयवटा पुल निर्माण गर्ने लक्ष्य लिए पनि अहिलेसम्म २५ वटा मात्रै पुल निर्माण कार्य सम्पन्न भएको छ। जुन प्रतिशतको आधारमा २५ प्रतिशत मात्रै हुन आउँछ। पुल निर्माणका लागि चालु आर्थिक वर्षमा दुई अर्ब ५० करोड रुपियाँ बजेट विनियोजन गरिएको सडक विभागका सहायक प्रवक्ता ई. रमेशकुमार सिंहले *नेपाल समाचारपत्र*लाई जानकारी दिनुभयो।

सहायक प्रवक्ता सिंहले भन्नुभयो- '२०७३/०७४ सालमा कति पुल निर्माण भए भन्ने सबै प्रतिवेदन आउन अझै एक/दुई हप्ता लाग्छ। त्यसपछि लक्ष्यअनुसार प्रगति भयो भएन भन्ने कुराको यकिन विवरण जानकारी हुन्छ।'

पुल निर्माण कार्यमा ढिलासुस्ती र लापरबाही गरेको भन्दै ३० जना ठेकेदारलाई कालोसूचीमा राखिएको सडक विभागले जानकारी दिएको छ। पुल बनाउने कार्य किन ढिलो गरी अघि बढेको भन्ने जिज्ञाशामा विभागका सहायक प्रवक्ता सिंहले भन्नुभयो- 'स्थानीय तहको निर्वाचनका कारण समयमा बजेट पाएनौं। निर्माण सामग्रीको पनि अभाव भयो। पुल निर्माण कार्यमा कतिपय स्थानमा ठेकेदारले समेत लापरबाही गरेकाले अब कडा निगरानी गरेर अघि बढ्ने सोचमा छौं।'

सडक विभागका अधिकांश कर्मचारीहरू स्थानीय तहको चुनावमा खटिँदा पनि निर्माण कार्यमा केही ढिलाइ भएको बताइएको छ।

भविष्यमा कुल ९ सयवटा पुल निर्माणका लागि सडक विभागले ३५ अर्ब बजेट प्रस्ताव गरेको छ। एउटा पुल निर्माणका लागि ५ करोडदेखि २५ करोड रुपियाँसम्म लाग्ने प्रारम्भिक अनुमान गरिएको छ। कतिपय स्थानमा निर्माण सामग्रीका लागि आवश्यक पर्ने ढुंगा, गिट्टी, बालुवा उत्खनन कार्यमा रोक लगाइएकाले पनि पुल निर्माण कार्यमा केही ढिलासुस्ती भएको सडक विभागले बताएको छ।

(क्रमश: पृष्ठ ९ मा)

नेपाल समाचारपत्र
www.newsofnepal.com
2017, JULY Sunday 23



कुरा गरेको राम्रो देखिन्छ। प्रयास गरेको छु भन्नुहुन्छ। तर खै त परिणाम आएको छैन। परिणाम नआएसम्म जनताले अधिकार पाउँदैनन्। जति राम्रो कुरा गरे पनि परिणाम ल्याउने काममा लाग्नुपर्छ।



**राजेन्द्र महतो**
नेता, राष्ट्रिय जनता पार्टी नेपाल

# 'हामी भोलि नै निर्वाचनमा भाग लिन्छौं'

संविधान संशोधन विधेयक पारित नभएसम्म राष्ट्रिय जनता पार्टीले स्थानीय तहको निर्वाचनमा भाग नलिने अडान कायमै राख्दै आएको छ। राजपाकै कारण सरकारले २ नम्बर प्रदेशमा असोज २ गतेका लागि स्थानीय तहको निर्वाचनको मिति घोषणा गरेको छ। संविधान संशोधन विधेयक पारित गराउनका लागि सरकारले दुई तिहाइ बहुमत पुर्‍याउने कसरत गरिरहेको छ। तर आवश्यक बहुमत नपुग्दा भोटिङमा लैजान सकेको छैन। विधेयक पारित गर्ने सहमतिमा राजपाले सरकारलाई समर्थन गरेको थियो। संविधान संशोधन विधेयक पारित गर्नका लागि सरकार र राजपाका नेताहरुबीच वार्ता भए पनि दुई तिहाइ बहुमत नपुग्दा निकास निस्कन सकेको छैन। प्रमुख प्रतिपक्ष दल नेकपा एमालेले कुनै पनि हालतमा विधेयक पारित गर्न नदिने रणनीति बनाएको छ।

संविधानसभाबाट संविधान जारी भएपछि राष्ट्रिय राजनीति संविधान संशोधन विधेयकमा केन्द्रित भएको छ। संविधान कार्यान्वयन गर्नका लागि ६ वटा प्रदेशमा स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि २ नम्बर प्रदेशमा स्थानीय तहकै निर्वाचन हुन बाँकी छ। आगामी माघ ७ गतेभित्र प्रदेश र केन्द्रको निर्वाचन सम्पन्न गरिसक्नुपर्ने संविधानमा नै व्यवस्था गरिएको छ। यस्तो अवस्थामा सरकार र राजनीतिक दलहरु कसरी अगाडि बढलान् ? यसै विषयमा संविधान संशोधन विधेयक, निर्वाचनमा राजपाले भाग नलिनुको कारण र आगामी राजनीतिक बाटो के हुन्छ भन्ने विषयमा राजपाका अध्यक्ष मण्डलका नेता राजेन्द्र महतोसँग नेपाल समाचारपत्रका लागि **मधुसूदन रायमाझी**ले गरेको कुराकानी :-

**संविधान संशोधन वियेकको विषय कहाँ पुग्यो, के हुँदै छ ?**

त्रुटिपूर्ण संविधान बनाइयो। विगतमा भएका आन्दोलनमा राज्यसँग गरिएका सहमति र सम्झौता विपरीत संविधान बनाइयो। अन्तरिम संविधानमा प्राप्त अधिकारलाई समेत कुण्ठित गर्ने काम गरियो। त्यति बेलादेखि नै मधेसी र जनजातिहरूले संघर्ष गर्दै आएका छन्। त्यो संविधानमा आवश्यक संशोधन नभएसम्म आन्दोलन जारी रहन्छ। जसरी तीन पार्टी मिलेर जनताको अधिकार खोस्ने काम गरे। सुधार पनि उनीहरूले नै गर्नुपर्छ। देश अनुकूल संविधान बनेन। सबै क्षेत्र, वर्ग, उत्पीडनमा परेका समुदायका जनताका लागि यो संविधान बनेन। त्यसैले गलत संविधानको विरोध जारी नै छ। र, संसद्मा परिमार्जनसहितको विधेयक दर्ता गराइएको छ। तर, त्यो विधेयक पारित भइरहेको छैन।

**संविधान संशोधनका लागि प्रमुख शक्तिहरूले प्रयास त जारी राखेका छन् नि ?**

अहिलेको सरकारलाई तीनबुँदे सहमतिकै आधारमा हामीले समर्थन गरेका हौं। सरकार बनाउँदा प्रधानमन्त्रीको निर्वाचित हुन दुई तिहाइ बहुमतसम्म पुर्‍याइहाल्ने। ३ सय ८८ मत त शेरबहादुर देउवाजीलाई परेकै थियो। ९ वटा भोट अनुपस्थित थियो। ३ सय ९७ मत भनेको दुई तिहाइ हो। प्रधानमन्त्री बन्नलाई त्यति धेरै मत पुग्ने। तर, संविधान संशोधनका लागि बहुमत नपुग्ने ? यो मानेन ऊ मानेन भनेर फेल बनाउने प्रक्रियामा लैजान्छु भनेर तम्सिने ? नियत नै ठीक भएन। अर्को कुरा ल्याइएको प्रस्ताव कुनै पार्टीको एजेन्डा हो र ? त्यो त जनताको एजेन्डा हो। देशको समस्या हो। देशको समस्या समाधान गर्न एमाले किन तयार नभएको ?

प्रस्ताव ल्याउने पक्षले दुनियाँको अगाडि सार्वजनिक रूपमै यो प्रस्ताव देश र जनताका लागि हो, संविधान कार्यान्वयनका लागि हो। देशमा शान्ति र सबै जनतालाई अधिकार दिलाउनका लागि हो भनेर सार्वजनिक रूपमा एमालेलाई समेत राखेर कहिले छलफल किन गरिएन ? एमालेले एकतर्फी राष्ट्रघाती-राष्ट्रघाती भनेको छ। के राष्ट्रघाती हो त्यो संविधान संशोधनमा ? कांग्रेस र माओवादीले सोध्नुपर्‍यो। त्यो एमालेले बताउनुपर्‍यो। दुनियाँ र जनताको अगाडि एमालेलाई नाङ्गो पार्नुपर्‍यो। त्यो राष्ट्रघाती होइन भने त एमालेले पनि त सहयोग त गर्नुपर्‍यो नि। एमालेले खोक्रो राष्ट्रवादको नारा दिएर जनतालाई गुमराहमा पार्ने ? यता संविधान संशोधन नहुने अनि जनताले अधिकार नपाउने। हामीले मिलेर अधिकार खोजेको हो। अनि एउटाले तिमी कुटेजस्तो गर्नु म रोएजस्तो गर्छु भन्ने कुरा त होइन यो ?

**प्रधानमन्त्रीले त रातदिन नभनी संविधान संशोधन विधेयक पारित गराउन लागिपर्नुभएको छ नि ?**

सरकार विस्तार गर्ने, कसलाई मन्त्री बनाउने, कसलाई सरकारमा ल्याउने त्यो उहाँहरूको काम हो। हामीलाई कुनै सरोकार छैन। सरकार विस्तार किन ढिलाइ भएको छ, त्यो उहाँहरूलाई थाहा होला। राजपाको कारणले सरकार विस्तार कार्य रोकिएको छैन। हामीले संशोधन प्रस्ताव पो पारित गरौं भनेका छौं। तीन दल मिलेर जालझेल गरेर अन्यायपूर्वक संविधान जारी गर्ने अनि त्यसलाई सुधार गर्ने बेलामा विभिन्न बखेडा झिक्ने भनेपछि त यो कहिले पनि समाधान हुने देखिँदैन। सुधार गर्ने बेला तीनवटै एउटै सरकारमा आउँदै आउँदैन। अनि विपक्षीमा हुनेले सहयोग नगर्ने। आज एमाले विपक्षमा छ। एमालेले सहयोग नगर्ने। भोलि माओवादी विपक्षमा होला माओवादीले सहयोग नगर्ने। यो तीन दलको नौटंकी भयो। यी तीनवटै दलमा मधेस विरोधी मानसिकताबाट संविधान बनाइएको छ।

**संविधान संशोधनमा प्रधानमन्त्री शेरबहादुर देउवाको भूमिका कस्तो पाउनुभएको छ ?**

कुरा गरेको राम्रो देखिन्छ। प्रयास गरेको छु भन्नुहुन्छ। तर खै त परिणाम आएको छैन। परिणाम नआएसम्म जनताले अधिकार पाउँदैनन्। जति राम्रो कुरा गरे पनि परिणाम ल्याउने काममा लाग्नुपर्छ। प्रचण्डजीले पनि धेरै प्रयास गरेको भन्नुभयो। प्रयास त भएको छ। तर काम त भएको छैन। फुटबलमा गोल नहान्दासम्म जित हुँदैन। राप्रपाले प्रधानमन्त्रीका लागि भोट हाल्ने, संविधान संशोधन विधेयकमा भोट हाल्न बाध्य कसले बनाउने ? प्रधानमन्त्री देउवाले टुँडिखेलमा कार्यक्रम गरेर एमालेलाई भन्नुपर्छ- संविधान संशोधनमा कुन कुन कुरामा राष्ट्रघाती हो ? राष्ट्रघाती भए फिर्ता गर्छौं भन्नुपर्‍यो। होइन भने पास गराउनुपर्‍यो नि सरकारले। यसरी गैरजिम्मेवार भएर बस्न पाउँछ एमालेले ? एमालेको कारण बिल पास भएन भनेर एमालेलाई देखाउँदै जनताको सहानुभूति बटुल्ने काम कांग्रेसले गरेको रे। अर्को राजपा चुनावमा नआए फाइदा हुन्छ भनेर कांग्रेसले नै हिसाबकिताब गरिरहेको छ। एमालेलाई पनि खोक्रो राष्ट्रवादको नारा दिँदा फाइदैफाइदा छ। संशोधन प्रस्ताव पारित नगर्दाखेरि तीनवटा दललाई नै फाइदैफाइदा छ। हामीलाई कुरा बुझ्न बडा अप्ठ्यारो भएको छ।

**विधेयक पारित गराउनका लागि राजपाले पनि एमालेसँग सहकार्य अगाडि बढाएको हो ?**

एमालेलाई हामीले भुल सुधार गर्नुहोस्। यो जनताको समस्या हो। समाधान गर्नुहोस् भनेर भनिरहेका छौं। संविधानमा आवश्यक संशोधन गरेर मुलुकलाई निकास दिनुपर्छ भनेर सम्झाउने कोसिस गरेका छौं। संविधान कार्यान्वयन गरौं भनेर भनेको हो। हामी चलकता अपनाउँछौं। तर एमालेले कुनै पनि हालतमा संविधान संशोधन विधेयक पारित हुन दिँदैनौं भनेर एकतर्फी भनेकोभन्यै छ। यो त भएन नि ?

**निर्वाचनमा भाग लिएर संविधान संशोधन विधेयक पारित गराउँदा पनि त हुन्थ्यो होला नि ?**

स्थानीय तहको निर्वाचन संविधान संशोधन गर्न सक्ने निर्वाचन हो र ? यो संसद्को निर्वाचन हो र बहुमत ल्याएर संशोधन गर्ने ? जसले संविधान जारी गरे त्यसैको परिवर्तित संसद् हो। जहाँबाट गल्ती भएको छ। त्यहीँबाट सुधार गर्नुपर्छ। यो निर्वाचनमा सहभागी हुनु भनेको बेइमानीपूर्वक बनाइएको संविधानलाई वैधानिकता दिनु हो। यो निर्वाचनले संविधान कार्यान्वय गराउने होइन। जुन संविधानले हाम्रो अधिकार खोसेको छ। विभेद गरेको छ। त्यो संविधान कार्यान्वय गर्न चुनाव गराउन खोजिएको छ। स्थानीय तहको निर्वाचन पनि संविधान कार्यान्वयनको चरण हो। यो सामान्य निर्वाचन भएको भए लोकतन्त्रमा विश्वास गर्ने पार्टी निर्वाचनमा भाग लिइहाल्छ नि।

**तर विगतमा आन्दोलनरत सहयात्री दल संघीय समाजवादी फोरमले जनताको मत नै अन्तिम हो भनेर निर्वाचनमा भाग लियो त ?**

कसैले आन्दोनलाई बीचमै छोडेर जान सक्छ। प्रतिगमनविरुद्धको आन्दोलनमा एमालेले आधा प्रतिगम सच्चियो भनेर आन्दोलन छोडेर भागेकै हो। मधेस र जनजातिको आन्दोलनमा फोरम नेपाल पनि शुरूदेखि नै आन्दोलनमा थियो। आन्दोलनमा धेरै जनताले सहादत पनि दिए। घनघोर आन्दोलन भयो। तर त्यो मागहरू पूरा नहुँदै शहीदको सपना साकार नहुँदै शहीदको रगत सुक्न नपाउँदै आन्दोलनको मोर्चा छोडेर, जनतालाई धोका दिएर निर्वाचनमा गइहाल्यो। कसैले गल्ती गर्‍यो भने हामीले पनि गल्ती नै गर्नुपर्छ भन्ने छैन। मधेसी जनजातिका लागि लड्ने एउटै मात्र पार्टी भनेको राजपा हो। यो मुद्दाको बीउलाई जोगाइराख्नुपर्छ। यो आन्दोलनमा को-को छुट्छ छुट्छ। तर बीउ र मुद्दा बचाउन सक्यो भने जनताले अधिकार लिन्छन्।

**जनताको मतको सम्मान गर्नु त संघीय समाजवादीको राम्रो निर्णय होइन र ?**

यो बकवास हो। उपेन्द्र यादवले संविधान पुनर्लेखन नभएसम्म कुनै पनि निर्वाचनमा जाँदैनौं भनेर हजारौंपटक भाषण गरे। जनतालाई त्यही भएर सहादत गर्न लगाए। भयो त पुनर्लेखन ? भयो त संविधान संशोधन ? पाए त जनताले अधिकार ? आफैंले गरेको बाचा आफैंले भनेको कुरालाई तल्याएर धोका दिएर गएका हुन्। यो संविधानको विरुद्धमा संघीय समाजवादी पनि लाग्यो अन्ततः विनासंशोधन कार्यान्वय गराउन पनि लाग्यो।

**त्यसो भए संघीय समाजवादी निर्वाचनमा भाग नलिएको भए संविधान संशोधन विधेयक पारित हुन्थ्यो भन्न खोज्नुभएको हो ?**

हिजोसम्म मिलेर संघर्ष गरेका थियौं। उपेन्द्र यादवले जनतालाई धोका दिएर गएपछि असर त पर्ने नै भयो। तर तागत जनतामा हुन्छ। आन्दोलनमा कुनै कमी भएको छैन। राज्यमाथि दिने दबाब घट्दो रहेछ। संघर्ष गर्ने मैदानबाट पहिला विजय गच्छदार छुटे। अहिले उपेन्द्र यादव छुटे।

- संविधान संशोधन विधेयकमा भोट हाल्न बाध्य कसले बनाउने ?
- यो मुलुकमा विदेशीको नाममा पार्टी नै सञ्चालन भएको छ।
- यो मुद्दाको बीउलाई जोगाइराख्नुपर्छ।
- दुनियाँको अगाडि एमालेलाई सोध्नुपर्‍यो- विधेयकमा राष्ट्रघात कहाँ छ ?
- हामी भोलि नै निर्वाचनमा भाग लिन्छौं।
- हामीलाई कुरा बुझ्न बडा अप्ठ्यारो भएको छ।
- यो तीन दलको नौटंकी भयो।
- देशको समस्या समाधान गर्न एमाले किन तयार नभएको ?

राज्यले कमजोरी देखाएर दबाउन खोजेको हो। उपेन्द्र यादवजस्ता जनतालाई धोका दिएर गए पनि जनता थाक्दैनन् र हार्दैनन्।

**राजपालाई पनि थाहा छ कि अहिले सत्ता पक्षसँग संविधान संशोधन विधेयक पारित गर्न दुई तिहाइ बहुमत छैन। तपाईंहरूले पनि चलकता अपनाएर समस्या समाधानका लागि जिम्मेवार बन्नुपर्ने होइन र ?**

यथास्थितिमा हामी निर्वाचनमा सहभागी हुँदैनौं। दुई चरणको निर्वाचनमा हामीले बहिष्कार गरेका छौं। त्यो अवस्थामा के परिवर्तन भएको छ ? छैन नि।

**सरकारले तत्काल दुई तिहाइ बहुमत नपुगेकाले विधेयक स्थगित गरेर निर्वाचनमा सहभागी हुन पनि आग्रह गरेको छ नि होइन ?**

यो प्रस्ताव तिमी मरिहाल अनि डाक्टर आउँछन् भनेजस्तै हो। संविधान कार्यान्वयन गराउन लागू गराउन लागिपर। यो बेइमानी हो। संविधान बनाउने बेलामा नै आन्दोलन भएको थियो। गोली चलाएर संविधानसभाबाट संविधान जारी भयो। कुनै भरोसा र विश्वास छैन।

**त्यसो भए आगामी असोज २ गतेको निर्वाचन के होला ?**

यही अवस्थामा असोज २ गतेको निर्वाचनमा राजपाले भाग लिँदैन। संघर्ष तीव्र रूपमा अगाडि बढ्छ। प्रदेश नम्बर २ मधेस आन्दोलनको उद्गमस्थल हो। यदी हाम्रो माग पूरा नगरी निर्वाचनमा जाने कोसिस हुन्छ भने राज्य पक्षलाई महँगो पर्न सक्छ। ठूलो मूल्य चुकाउनुपर्छ। राज्य समयमा नै संयमित हुनुपर्छ। अन्यथा आन्दोलनको उद्गमस्थलमा प्रतिकार शुरू हुन्छ।

**यसको अर्थ राजपा निर्वाचनबाट डराएको हो ?**

सरकारले हाम्रो माग पूरा गरोस्। हामी भोलि नै निर्वाचनमा भाग लिन्छौं। निर्वाचनबाट किन भाग्ने ? लोकतन्त्रमा भरोसा राख्ने अनि निर्वाचनबाट भाग्ने त्यो पनि हुन सक्छ ? निर्वाचनबाट भाग्नका लागि कि त बन्दुक उठाउनुपर्‍यो। हाम्रो त त्यस्तो कुनै उद्देश्य छैन। हामीले त जनताकै बीचमा गएर राजनीति गर्ने हो। गलत संविधान कार्यान्वयन गर्ने निर्वाचन किन हुनुपर्‍यो। हामी निर्वाचनबाट भाग्ने होइन। हुन नदिने बिथोल्ने हो।

**अब पनि मधेसमा निर्वाचन हुन नदिने हो भने मधेसको भविष्य के होला ?**

मधेसको भविष्य अधिकारमाथि छ। हामीले मुखिया र मेयरका लागि लडेको होइन। मधेसको सहादत मुखिया र मेयर बन्नका लागि थिएन। संविधान संशोधनका लागि भएको थियो। मुखिया मेयर पनि चाहिएको छ। तर पहिला अधिकार अनि त्यसपछि मात्र।

**तपाईंहरूले एमालेलाई मधेस विरोधीका रूपमा चित्रित गरे पनि स्थानीय तहको निर्वाचनमा एमाले पहिलो शक्तिका रूपमा देखिएको छ नि ?**

एमालेले जुन खोक्रो राष्ट्रवादको बीउ रोपिरहेको छ। मधेस र जनजातिप्रति घृणा भावको बीउ रोपेको छ। यसले मुलुक र जनतालाई फाइदा गर्न सक्दैन। पार्टीलाई त फाइदा गर्न सक्छ। यो खोक्रो राष्ट्रवादको नारा भनेको अफिमको गोली हो। जनतालाई भड्काउन सक्छ। जनतालाई भ्रममा पारेर मत त तान्न सक्छ। पार्टी त बनाउन सक्छ। तर देश बनाउन सक्दैन।

**तर जनताले एमालेलाई मत त दिए त ?**

जनता सीधासाधा हुन्छन्। खोक्रो राष्ट्रवादको नाराको भ्रममा पारेर एमालेले अहिले खेती गरेको छ। भारत विरोधी र मधेस विरोधी राष्ट्रवाद पञ्चायतकालमा पनि थियो। अहिले गणतन्त्रमा पञ्चायतको उत्तराधिकारी एमालेका अध्यक्ष केपी ओली भएका छन्। जनता जनता भिडाउने, वितृष्णा जगाउने काम एमालेले गर्दै आएको छ। मुखमा रामराम बगलीमा छुरी भनेझैं एमालेले मधेसप्रति त्यही व्यवहार गर्दै आएको छ। सबै दिन जनतालाई झुक्याउन सकिँदैन। जनताको आँखा खुल्छ तब एमाले नाङ्गिन्छ।

**छ पार्टीबीच एकता भएर बनेको राजपाभित्र पनि पुनः विवाद उत्कर्षमा पुग्यो भन्छन् नि ?**

जीवन्त पार्टीमा असन्तुष्टि देखिन्छ। गतिशील पार्टीमा आफ्नो कुरा राख्छन्। राम्रो संकेत हो। यसलाई अन्यथा लिनु हुँदैन।

**विगतमा पनि असन्तुष्टि जनाउँदै पार्टी विभाजनसमेत भएको थियो ?**

अब राजपा फुट्ने कल्पना नै नगरे हुन्छ। विभाजनको दौड समाप्त भइसक्यो। एकताको दौड शुरू भएको छ। दुनियाँको कुनै तागतले राजपालाई विभाजित गर्न सक्दैन। जसले विभाजन गर्न खोज्छ एक जना कार्यकर्ता नलिइकन नेता मात्र एक्लै जान्छ। अब विभाजन जनता र कार्यकर्तालाई स्वीकार्य छैन्। जे छ पार्टीभित्र राख्नुपर्छ। सडकमा असन्तुष्टि राख्नु अनुशासनहीन काम हो।

**सडकमा असन्तुष्टि राख्नेलाई के राजपाले कारबाही गर्छ ?**

असन्तुष्टि पार्टीभित्र राख्नुपर्छ। सीमा पार गर्‍यो भने पार्टीले सोच्छ। अहिले त्यो अवस्था आएको छैन। जे-जे कुरा छ। संघर्षभित्र नै गर्नुपर्छ। बाहिर रमिता देखाउन हुँदैन। बाहिर गएर बकबक गर्नेले गैरजिम्मेवारको तक्मा पाउँछ।

**तपाईंहरूको माग पूरा नभए सरकारलाई दिएको समर्थन फिर्ता लिने तयारी थाल्नुभएको हो ?**

अहिले पार्टीभित्र छलफल चलिरहेको छ। राष्ट्रिय कार्यसमितिको बैठकले के गर्ने भन्ने निर्णय गर्छ। निर्वाचनमा जाने वातावरण बनेन भने संघर्षमा नै जाने अवस्था आउँछ। सबै कुराको छिनोफानो साउनभित्र टुङ्गिन्छ।

**संविधान संशोधनलगायतको विषयमा भारतीय दूतावासकै इसारामा राजपा चलेको भन्दै आलोचना हुने गरेको छ नि ?**


यहाँका कुन पार्टी कुन दूतावासमा गएर भेट गरेको छैनन् ? आफू गएर लुकीलुकी भारतीय दूतावासमा गएर भेट्ने। यो सडक बनाइदिनुपर्‍यो। मलाई प्रधानमन्त्री बनाइदिनुपर्‍यो। मलाई मन्त्री बनाइदिनुपर्‍यो भन्दै भारतीय दूतावासमा कांग्रेस एमाले र माओवादीका नेताहरू दौडिएको मैले देखेको छु। मधेसको प्रतिनिधित्व गर्ने राजपा हो। त्यही भएर आलोचना र विरोध हुन्छ। कांग्रेस एमाले र माओवादीले हामीभन्दा एक हजार गुणा बढी भारतीय दूतावास र दिल्ली दरबारमा दौडिरहेका हुन्छन्। कहिले लेखेको छ मिडियाले ? यो मुलुकमा विदेशीको नाममा पार्टी नै सञ्चालन गरेको छ। मार्क्सवादी लेलिनवादी एमाले के हो ? यो नेपालीको नाममा पार्टी सञ्चालन भएको हो ? यो विदेशीको नाममा हो कि होइन ? अनि अहिलेसम्म राष्ट्रवाद खतरामा पर्‍यो भनेर कसैले भन्यो। यही चिन्तन र व्यवहारको कारण सत्यबाट टाढा भइरहेको छ। आफ्नो विश्वास बढाउनका लागि आफ्नो दाजुभाइले आफैं समुदायलाई गाली गर्नुपर्‍यो नि।

**त्यसो हो भने समस्याको समाधान के हो त ?**

विगत बीस वर्षको संघर्षको जनताले प्राप्त गरेको उपलब्धि संविधान हो। यो संविधान कार्यान्वयन हुन्छ कि हुँदैन ? उपलब्धि जोगिन्छ कि जोगिँदैन ? यो महत्त्वपूर्ण कुरा हो। सारा उपलब्धि जोगाउनका लागि सबैको स्वामित्व कसरी बनाउने ? उपलब्धि कसरी जोगाउने यो चुनौतीपूर्ण कुरा हो। संविधानको स्वीकार्यता बढाउने काम गरिएन भने माघ ७ गते सारा उपलब्धि समाप्त हुन्छ। यो सारा कमाइहरू कांग्रेस, एमाले र माओवादीले जिम्मा लिनुपर्छ। जनताको कमाइ समाप्त पार्ने खेलमा लागेका छन्। मधेसी र जनजातिको माग सम्बोधन गर्न ढिलाइ गर्नु हुँदैन।

निर्वाचनमा जाने वातावरण बनाउनुपर्‍यो। अहिलेको संविधान संशोधन खाली समस्या समाधानका लागि बाटो खोल्ने काम मात्र हो। त्रुटिपूर्ण संविधान जारी गर्ने मुख्य दोष एमाले र कांग्रेस र माओवादीले पनि लिनुपर्छ। सीमांकनको समस्या समाधान गर्न आयोग गठन गर्ने गरी बाटो खोल्छ। भाषाको विषय पनि भाषा आयोगले टुंगो लगाउँछ। अहिलेको समस्याले मधेसको समस्याको समाधान गर्दैन। तर भोलिका लागि समस्या समाधान गर्ने बाटो खोल्ने मात्र हो। ढोका बन्द गरेर कुट्न लाग्यो भने बिरालोले घाँटी नै समात्छ। बन्द भाँडोमा आगो लगाएर बन्द गर्ने हो भने विस्फोट हुन्छ। घाँटी समात्ने ठाउँमा नपुर्‍याइयोस्।

# खेतमा पुष्पल र पार्वतीको रोमान्स



असार साउनको महिना, खेतीपातीको महिना। यो बेला भनेको मानो रोपेर मुरी उब्ज्याउने महिना हो। धान रोप्ने यो महिनामा धान, हिलो र खेतालालगायत विविध पक्षहरूले गीतमा स्थान पाएका छन्।

यस्तैमा झुलेन बरालले *जाऊँ हिँड खेताला* गीत बजारमा ल्याएका छन्। झुलेनलाई स्वरमा मेलिना राईले साथ दिएकी छन्। जीवन शाहीको निर्देशनमा यस गीतको भिडियो पनि तयार भएको छ। जसलाई युट्युबमार्फत् सार्वजनिक गरिएको हो। असार साउनको रोपाइँ, हिलो र खेतालासम्बन्धी विषयवस्तुलाई समेटिएको गीतको भिडियोमा गहिरी खेतमा हिलो छ्यापी अनस्क्रिन रोमान्स गरेका छन् पुष्पल खड्का र पार्वती राईले।

उत्सव दाहालले छायांकन गरेको भिडियोलाई अर्जुन पोखरेलले सम्पादन गरेका छन्। 'यो मौसमलाई ठ्याक्कै मिल्ने गीतलाई धेरैले मन पराउनेमा आशावादी छु' -निर्देशक जीवनले भने।

# आचार्य र श्रेष्ठलाई एक्सिलेन्ट अवार्ड

दुई नेपाली कलाकारले भारतको मुम्बईमा अवार्ड प्राप्त गरेका छन्। कलाकारद्वय महेश आचार्य र समुद्रमानसिंह श्रेष्ठले स्पन्दन इन्टरनेसनलबाट *एक्सिलेन्ट अवार्ड* प्राप्त गरेका हुन्।

स्पन्दनले भारतका विभिन्न स्थानमा ४५ महिनाको बीचमा २५ सय कलाकार सहभागी गराई प्रदर्शनीको आयोजना गरेको थियो। ती प्रदर्शनीमा सहभागी कलाकारमध्येबाट विश्वका विभिन्न मुलुकका १० कलाकारलाई अवार्ड प्रदान गरेको कलाकार महेश आचार्यले बताए। मुम्बईस्थित मुम्बई आर्ट सोसाइटीमा एक समारोहका बीच कलाकारलाई अवार्ड प्रदान गरिएको थियो। कार्यक्रममा भारतका कलाकार पृथ्वी सोनीले अवार्ड प्रदान गरेका थिए।

नेपाली कलाकारको कलालाई अवार्डले अन्तर्राष्ट्रिय रूपमा चिनाउन मद्दत गरेको कलाकार महेश आचार्यले बताए। कलाकार समुद्रले नेपाली कलाकारले पनि अन्तर्राष्ट्रियस्तरका कला बनाउन सिर्जना गर्न सक्छन् भन्ने पछिल्ला कला प्रदर्शनीबाट पुष्टि हुँदै गएको बताए। दुई वर्षअघि १२ जना नेपाली कलाकारको प्रदर्शनी भारतको हिमाञ्चल प्रदेशको सिम्लामा भएको थियो। सो प्रदर्शनीमा कलाकार श्रेष्ठ र आचार्य सहभागी भएका थिए।



# बाबुछोराकै बलिउड नायिकाहरू

बलिउड फिल्म नगरी यस्तो उद्योग हो, जहाँ समाचारभन्दा बढी गसिप बिक्छ। सानोसानो कुरालाई लिएर तहल्का मच्चाइने बलिउडमा विशेष गरी अभिनेता र अभिनेत्रीको सम्बन्ध चर्चामा रहने गर्दछ। बलिउडमा यस्ता अभिनेत्रीहरू पनि छन्, जसले बाबुछोरा दुवैसँग अभिनय गरेका छन्।

विनोद खन्ना र माधुरी दीक्षितले फिल्म *दयावान*मा सँगै काम गरेका थिए। उक्त फिल्मको गीत *आज फिर तुमपे प्यार आया*ले निकै चर्चा पनि भयो। पछि सन् १९९७ को फिल्म *मोहब्बत*मा माधुरी दीक्षित र विनोद खन्नाका छोरा अक्षय खन्ना प्रमुख भूमिकामा देखिएका थिए।

सन् १९८७ मा प्रदर्शनमा आएको फिल्म *इन्सानियतके दुस्मन*मा धर्मेन्द्र र डिम्पल कपाडिया प्रमुख भूमिकामा देखिएका थिए। यसअघि १९८४ मा आएको फिल्म *मञ्जिलमञ्जिल*मा धर्मेन्द्रका छोरा सनी देओल र डिम्पल कपाडियासँगै देखिएका थिए।

सन् २००० मा प्रदर्शनमा आएको फिल्म *मोहब्बते*मा अभिषेक बच्चन र ऐश्वर्या रायलाई देख्न सकिन्छ। त्यसको ७ वर्षपछि आएको फिल्म *गुरु*मा अमिताभकै छोरा अभिषेक र ऐश्वर्यालाई देख्न सकिन्छ। पछि अभिषेक र ऐश्वर्या दम्पतीसमेत बन्न पुगे।

सन् १९८० मा प्रदर्शनमा आएको फिल्म *खुबसुरत*को प्रमुख भूमिकामा राकेश रोशन र रेखालाई देखिएको थियो। त्यसको धेरै समयपछि आएको फिल्म *क्रिस* टुमा राकेशका छोरा ऋतिक रोशन र रेखालाई देखियो।

सन् २०१४ को फिल्म *बेवकुफिया*मा ऋषि कपूर र सोनम कपूरलाई देखिएको थियो। त्यो भन्दा ७ वर्षअघि प्रदर्शनमा आएको फिल्म *सावरिया*मा ऋषिकै छोरा रणवीर र सोनमले प्रमुख भूमिका निर्वाह गरेका थिए।












BRITISH COUNCIL
PRESENTS
11TH ECAN EDUCATIONAL FAIR
SHRAWAN 5-8, 2074 (JULY 20-23, 2017)

Thousands of students have already made their choices for abroad study.

ARE YOU STILL IN DILEMMA?

Come, visit today and determine the best choice for your studies!



IN ASSOCIATION WITH Pacific College of Technology Sydney, Australia

LAST DAY

FREE ENTRY

COMMUNICATE-ECAN '17

ECAN Educational Fair is just about everything!
• Counseling for USA, UK, Australia, New Zealand, Ireland, Canada, Germany, France, Japan, Philippines, Malaysia, China, India, Bangladesh and more.
• Professional Educational Counselling • Information on Preparation Classes • Scholarship Opportunities

20-23 July, 2017 | 10 am - 5 pm
Bhrikutimandap, Kathmandu

NEPAL'S LARGEST FAIR FOR ABROAD STUDIES

MAIN SPONSORS:
EDUCATION ASIA, EEVS EXPERT Education & Visa Services, Mate's education, MERCY EDUCATION, Oli & Associates Pioneer in Australian Education, Pathfinder Int'l Education

SPONSORS:
Arena International Education Services, BABA Education Consultancy, Boston Educational Services, Cambridge Institute of Technology, EDU Consultancy, Enlighten International Education, EP Education & Migration, Fast Track Education Consultancy (P) Ltd., GNK, RJLCC, Golden Gate Int'l Education, Harvard, IET Bhaddal Technical Campus, Ropar, Indo-World Educational Consultancy, Kangaroo Education Foundation, Kantipur Education, ModelGlobal Visas Consultancy, Nepcoms Education | Visa, Nurse Training Australia Promoting Holistic Training, Oxford edu. Consultancy, Rohini Int'l Education Services, Royal Educational Foundation, Shimla University, Yojala

ENDORSED BY: FNCCI, Nepal Chamber of Commerce, अभिभावक संघ नेपाल, EJON
OFFICIAL HOTEL: Hotel Annapurna Truly a Heritage of Hospitality
PARTNER BANKS: NIC ASIA, NMB Bank, Prabhu Bank
OFFICIAL MAGAZINE: yes!
OFFICIAL PARTNERS: FOGG, Hero
IT PARTNER: Communicate
ORGANIZED BY: ECAN नेपाल शैक्षिक परामर्श संघ

# विचार

2017, JULY
Sunday
23

झुट र सत्यबीचको लडाइँमा
झुट्ले नै जित्छ तर अन्तिम जित
भने सत्यकै हुन्छ।
-राल्फ वाल्डो इमर्सन

तिनीहरूले जे पनि गर्न सक्छन्,
किनभने तिनीहरूले गर्न सक्छु
भनेर भित्रैदेखि सोच्न सक्छन्।
-भर्जिल

## सम्पादकीय

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA

# हवाइ सुरक्षाको आभास देऊ

नेपाल अन्तर्राष्ट्रिय नागरिक उड्ड्यन संगठन (आईकाओ) को गम्भिर सुरक्षा चासो (कालो सूची)बाट हटेको छ। आईकाओको गम्भिर सुरक्षा चासो सम्परीक्षण कमिटीको गत बिहीबारको बैठकले त्यस्तो सूचीबाट हटाउने निर्णय गरेको हो। हवाइ सुरक्षासम्बन्धी मापदण्डभन्दा अति नै कमजोर रहेको ठहर गर्दै आईकाओले नेपाललाई सन् २०१३ देखि गम्भिर सुरक्षा चासो (एसएससी)मा सूचीकृत गरेको थियो। त्यस्तो सूचीमा राखिएपछिको ४ वर्षको अवधिमा नेपालमा भएका प्रगतिको मूल्यांकन गर्न गत असार २० देखि २७ गतेसम्म गरेको सम्परीक्षणका आधारमा नेपालमाथिको गम्भिर सुरक्षा चासो हटेको हो।

सम्परीक्षणका लागि नेपाल आएको आईकाओको दुई सदस्यीय अडिटर टोलीले हवाइ कानुन, नागरिक उड्डयनको संगठन, वायुयान सञ्चालन र उडान योग्यता जस्ता विषयको सम्परीक्षण गरेको थियो। सो टोलीले गरेको अध्ययनका आधारमा नेपाल अन्तर्राष्ट्रिय उड्डयन मापदण्ड परिपालना दरमा उत्तीर्ण भएको छ। अन्तर्राष्ट्रिय उड्डयन मापदण्ड ६० प्रतिशत हुनुपर्नेमा नेपालले सोभन्दा बढी

६६ दशमलव शून्य ८ प्रतिशत नतिजा पाएको छ।

यस क्रममा अडिटर टोलीले नेपाल नागरिक उड्डयन प्राधिकरणको उडान सुरक्षा सुपरिवेक्षण प्रभावकारीता बुझ्न नेपाल वायुसेवा र हिमालय एयरलाइन्सको निरीक्षण गरेको थियो। तोकिएको हवाइ मापदण्ड पूरा नभएको अवस्थामा आईकाओले औसत दरभन्दा थोरै अंक पाउने मुलुकलाई गम्भिर सुरक्षा चासोको सूचीमा सूचिकृत गर्ने गर्छ। नेपाल अहिले त्यस्तो सूचीबाट हटेपछि अन्तर्राष्ट्रिय क्षेत्रमा सकारात्मक सन्देश जाने सरोकारवालाहरुको तर्क छ।

यद्यपि यो उपलब्धी मात्रै नेपालका लागि पूर्ण भने होइन। नेपाल एसएससी सूचीबाट हटे पनि युरोपियन युनियन (ईयू)को कालोसूचीबाट हट्न अझै बाँकी छ। ईयूले नेपाललाई त्यस्तो सूचीबाट हटाएको अवस्थामा मात्र नेपाली वायुसेवा कम्पनीले सिधै युरोपेली मुलुकमा उडान भर्न पाउँछन्। तर आईकाओको अडिटर टोलीले गरेको पछिल्लो अध्ययन नतिजापश्चात नेपालमाथिको ईयूको प्रतिबन्ध हट्ने नेपाल नागरिक उड्ड्यन प्राधिकरणका अधिकारीहरुको दाबी छ। सो निकायले दुई हप्ताभित्रै युरोपेली युनियनलाई एसएससी सूचीबाट हटाउनका लागि पत्राचार गर्ने तयारी गरिरहेको बताइएको छ।

आईकाओले हवाइ कानुन, संगठन, व्यक्तिगत इजाजत, वायुयान सञ्चालन, उडान योग्यता, वायुयान दुर्घटना जाँच, एयर नेभिगेसन सेवा, विमानस्थल सञ्चालनजस्ता पक्षको निरीक्षण गर्दै आएको छ।

नेपाल एयरलाइन्सले यही वर्षको अन्त्यसम्ममा २ वटा वाइडवडी जहाज नेपाल भित्र्याएर एसियाका धेरै गन्तव्यसहित अस्ट्रेलिया, बेलायतजस्ता युरोपेली मुलुकमा हवाइ सेवा विस्तार गर्ने योजना अघि सारेको छ।

जहाज खरिदसँगै अन्य प्रकृया अघि बढिसकेको अवस्थामा नेपालका लागि ईयूको सूची हट्नै पर्ने बाध्यता छ। त्यसका लागि सरकारले कूटनीतिक पहलअघि बढाउन जरुरी छ भने हवाइ सुरक्षाका सेवा प्रदायक र नियामक निकायबीच गतिलो समन्वयको खाँचो छ। नेपालको हवाइ सेवा सुरक्षित छ भन्ने विश्वास अन्तर्राष्ट्रिय जगतमा पुर्‍याउन जरुरी छ।

**लेखकहरूलाई अनुरोध**

१००० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# कम्युनिस्ट पार्टी निर्माणमा पुष्पलालका सोचहरू



प्रेमलकुमार खनाल

मुलुकको वाम एवं प्रजातान्त्रिक आन्दोलनका शिखर व्यक्तित्व पुष्पलालको ३९औं स्मृति दिवश देशव्यापी रूपमा मनाइँदै छ। नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको जन्म विसं १९८१ असार १५ गते रापेछापमा भएको थियो। र उहाँको निधन २०३५ श्रावण ७ गते भएको थियो। पुष्पलालले नेपाली समाजमा विद्यमान सामन्ती शोषणको अन्त्य गरी जनताको जनवादी अधिनायकत्व रहने गरी गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्ने सोचका साथ विसं २००६ वैशाख १० गते नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्नुभएको थियो। पार्टी स्थापना सँगसँगै थालनी भएको सामन्तवाद विरोधी आन्दोलनको ५७ वर्षपछि सामन्ती राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भएको छ। पुष्पलालकै सोचअनुसार वामपन्थी एवं लोकतान्त्रिक शक्तिहरूबीचको सहकार्यबाट सञ्चालन भएको शान्तिपूर्ण संयुक्त जनआन्दोलनका माध्यमबाट मुलुकमा राजतन्त्रको अन्त्य सम्भव भई गणतन्त्रात्मक शासन व्यवस्था थालनी भएको छ। संविधानले जनता सार्वभौम सत्ता सम्पन्न हुने गणतन्त्रात्मक शासन व्यवस्थाका साथै संघीयता, धर्मनिरपेक्षता, समावेशी लोकतन्त्रसहित आर्थिक-सामाजिक रूपान्तरण गरेर सामाजिक न्याय स्थापित गर्दै समाजवादको आधार निर्माण गर्ने लक्ष्यलाई अंगीकार गरेको छ।

मुलुकमा युगान्तकारी परिवर्तन भएर परिवर्तनका उपलब्धिहरू संवैधानिक रूपमा संस्थागत भएका छन्। आजभन्दा ६८ वर्ष अगाडि पुष्पलालले नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्दा अगाडि सार्नुभएका विचारअनुरूप नै मुलुकमा गणतन्त्र स्थापना भई ऐतिहासिक उपलब्धि भएका छन्। यस सन्दर्भमा पुष्पलाल युगान्तकारी परिवर्तनका विचारक, पथप्रदर्शक र भविष्यद्रष्टा हुनुहुन्थ्यो।

कमरेड पुष्पलालको अगुवाइमा स्थापना भएको नेपाल कम्युनिस्ट पार्टीका माध्यमबाट अगाडि बढेको कम्युनिस्ट आन्दोलनले साढे ६ दशक पार गरेको छ। मार्क्सवाद र लेनिनवादको सैद्धान्तिक आलोकमा स्थापना भएको कम्युनिस्ट पार्टीमा तेस्रो महाधिवेशनपश्चात् विभाजन भयो। पार्टीभित्र राजावादी रुझान र दक्षिणपन्थी अवसरवादी सोच चिन्तन बढ्दै गएपछि विभाजनको शुरूआत भएको नेपाल कम्युनिस्ट आन्दोलन आजसम्म आइपुग्दा अनेकन भागमा विभाजित भएको छ।

> नेपाल कम्युनिस्ट पार्टीका माध्यमबाट अगाडि बढेको कम्युनिस्ट आन्दोलनले साढे ६ दशक पार गरेको छ। मार्क्सवाद र लेनिनवादको सैद्धान्तिक आलोकमा स्थापना भएको कम्युनिस्ट पार्टीमा तेस्रो महाधिवेशनपश्चात् विभाजन भयो। पार्टीभित्र राजावादी रुझान र दक्षिणपन्थी अवसरवादी सोच चिन्तन बढ्दै गएपछि विभाजनको शुरूआत भएको नेपाल कम्युनिस्ट आन्दोलन आजसम्म आइपुग्दा अनेकन भागमा विभाजित भएको छ।

वामपन्थी दलहरू यसरी विभाजित हुनुमा कुनै सैद्धान्तिक, वैचारिक आधार देखिन्न। नेतृत्वका बीचमा हुने 'इगो', चरम महत्त्वाकांक्षा, पार्टीभित्र नेतृत्वको निरङ्कुश शैली र भिन्न मतावलम्बीलाई वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्ने नेतृत्वको असक्षमता, नेतृत्वको विकास र हस्तान्तरणमा उदासिनता, पार्टीभित्र चरम गुटबन्दी, जनवादी केन्द्रीयताको सही ढङ्गले अनुशरण गर्न नसक्नु, अनुशासन र स्वतन्त्रताको बीचमा सही ढङ्गले सन्तुलन कायम गर्न नसक्नु, आलोचना-आत्मालोचनाको परिपाटीलाई स्थापित नगर्ने परिपाटी हुर्कंदै गएपछि नै प्राय: कम्युनिस्ट पार्टीहरूमा विभाजन हुने गरेको पाइन्छ।

कमरेड पुष्पलालले कम्युनिस्ट पार्टी निर्माण र सञ्चालनमा वैज्ञानिक विधि र पद्धतिबाट सञ्चालन गर्न हरहमेसा जोड दिनुभएको छ। आज पुष्पलालले स्थापना गर्नुभएको पार्टी यसरी चिराचिरामा विभाजित हुनुको पछाडि माथि उल्लेखित प्रवृत्तिहरू नै पार्टी विभाजनका आधार हुन्। पुष्पलालका सच्चा अनुयायीहरूले पुष्पलालबाट कम्युनिस्ट पार्टी सञ्चालनका सन्दर्भमा यिनै कुरा सिक्न सकिन्छ।

पुष्पलालले कम्युनिस्ट पार्टी निर्माण र सञ्चालनका सन्दर्भमा अगाडि सार्नुभएका विचारहरू अहिले झन् सामयिक र सान्दर्भिक रहेका छन्। पुष्पलालले कम्युनिस्ट पार्टी निर्माणका सन्दर्भमा पहिलो पार्टीको सिद्धान्त र राष्ट्रिय विशेषताअनुरूपको पार्टीको नीति, कार्यक्रम, दोस्रो पार्टीमा सर्वहारा श्रमजीवी वर्गलाई संगठित र परिचालित गर्ने, तेस्रो पार्टीका नीति विचार कार्यक्रमको जनस्तरमा व्यापक प्रचार-प्रसार, चौथो, पार्टीभित्र जनवादी केन्द्रीयतालाई स्थापित गर्ने, विधि पद्धतिबाट मात्र साँचो अर्थमा पार्टी निर्माण हुन्छ भन्ने मान्यतामा दृढ हुनुहुन्थ्यो।

पुष्पलालले पार्टीलाई तीन 'स' अर्थात् 'सिद्धान्त, संगठन र संघर्ष' का सिद्धान्तबाट निर्देशित भएर सञ्चालन गर्न हरहमेसा जोड दिनुभएको छ। कम्युनिस्ट पार्टीले मार्क्सवाद-लेलिनवादका सार्वभौम सिद्धान्त र सच्चाइलाई दृढतापूर्वक आत्मसात् गर्ने र कार्यकर्तालाई तदनुरूप मार्क्सवादी-लेलिनवादी सिद्धान्तबाट लैस गर्नुपर्दछ भन्ने मान्यतामा दृढ हुनुहुन्थ्यो। कुनै पनि वस्तु स्थायी छैनन्। सबै गतिशील छन। दुनियाँमा नित्य निरन्तर प्रगति भइरहन्छ। उत्पादनका साधनमा प्रगति भएपछि विचारधारामा पनि क्रान्ति हुन्छ। यसले गर्दा नयाँ र पुरानो विचारधाराको क्षेत्रमा पनि संघर्ष हुन्छ। यसको सही समाधान मार्क्सवाद-लेलिनवादले मात्र गर्दछ। अत: मार्क्सवाद-लेलिनवादको पनि नित्य निरन्तर अध्ययन गर्न र गराउन कहिल्यै पनि थाक्नुहुन्न भनेर पुष्पलालले बताउनुभएको छ। पार्टीको सिद्धान्त, नीति, विचारमा अस्पष्ट कार्यकर्ता भएमा पार्टीको क्रान्तिकारीपन भुत्ते हुन्छ। अत: पार्टीले मार्क्सवादी-लेलिनवादी सिद्धान्तलाई दृढतापूर्वक आत्मसात् गर्दै पार्टी कार्यकर्ताहरूलाई दीक्षित गरेर मात्र पार्टी सैद्धान्तिक, वैचारिक हिसाबले क्रान्तिकारी पार्टी बन्दछ भन्ने पुष्पलालका विचारहरू अहिले पनि सामयिक छन्।

यस्तै पार्टीले सही सिद्धान्त मात्र अवलम्बन गरेर हुँदैन, पार्टीका नीति विचारहरूलाई आम जनताबीचमा पुर्‍याउन र पार्टीभित्र जनतालाई संगठित गर्न आधारभूत तहसम्म पार्टी संगठनको संरचना विस्तार गर्नुपर्दछ। किसान, मजदुर, महिला, युवा, विद्यार्थीका बीचमा पार्टीलाई विस्तार गर्ने र उनीहरूलाई जनसंगठनहरूमा संगठित गर्दै पार्टीमा भर्ती गर्नुपर्दछ। पार्टीमा आधारभूत तहका मानिसहरू, मजदुर, किसान, सुकुम्बासी, गरिब किसान तथा निम्न मध्यम वर्गका मानिसहरूलाई भर्ती गर्न सकिएन भने तथा पार्टीभित्र पुँजीवादी, धनी किसान र शहर बजारका मध्यम वर्गका मानिसको संख्या बढ्न थाल्यो भने पार्टीभित्रको नेतृत्वमा उनीहरू नै चाँडो पुग्दछन् र यसले अवसरवादी र संशोधवादीहरूको बाहुल्यता बढ्न थाल्दछ भन्ने विषयमा पुष्पलालले स्पष्ट विचारहरू अगाडि सार्नुभएको छ, जुन अहिले कम्युनिस्ट पार्टीभित्रका प्रवृत्तिकै रूपमा देखा परिरहेका छ। पुष्पलालले पार्टीमा माथिल्लो वर्गबाट आएका सदस्यलाई पार्टी सदस्यता प्रदान गर्दा जाँच अवधि (प्रोवेसन पिरियड) लामो अवधि राख्नुपर्दछ भन्ने विचार स्वाभाविक रूपमा पार्टीलाई अवसरवादी र संशोधनवादीहरूको प्रभावबाट न्यून गर्ने हो। तर अहिले प्राय: कम्युनिस्ट पार्टीहरूमा के देखिएको छ भने पार्टी प्रवेश गरेकै दिन, संसदीय क्षेत्रको उम्मेदवार बन्न टिकट दिने परिपाटी हुर्किएको छ। वास्तवमा पार्टीले जनताको सामु लोकप्रिय ढङ्गले काम गरेको छ, वा पार्टीका नीति विचारबाट जनतालाई आकर्षित गर्न सकेको छ भने जनताले पार्टीको उम्मेदवारलाई मतदान गर्ने आधार हुन्छ। यसले पार्टीभित्र वर्षौंदेखि योगदान पुर्‍याइरहेको सदस्य र नवप्रवेशीहरूबीचको अन्तरविरोध बढाउन थालेको छ।

पुष्पलाल नेता प्रधान होइन, नीति प्रधान हो भनेर हरहमेसा जोड दिनुहुन्थ्यो। कम्युनिस्ट पार्टीमा प्राय: व्यक्तिहरू नीति वा सत्यको पक्षमा भन्दा पनि शक्ति र नेता (नेतृत्व) को पछि लाग्ने गरेका छन्। पार्टीभित्र गुटबन्दी बढ्दै गएपछि व्यक्तिहरू नेताको पछि लाग्ने प्रवृत्ति बढेको छ। यो वास्तवमा गलत प्रवृत्ति हो। यही भएर पुष्पलाल आफैंले नेपाल कम्युनिस्ट पार्टीको दोस्रो महाधिवेशनमा गणतन्त्रको कार्यदिशासहितको कार्यनीतिक नारा अगाडि सार्नुभयो। तर उहाँले नेतृत्व गर्न पाउनुभएन। यसै भएर उहाँले नेता प्रधान होइन, नीति प्रधान हो भन्ने कुरा उल्लेख गर्नुभएको थियो। यतिखेर नेपालको कम्युनिस्ट आन्दोलनभित्र पार्टीको सही नीति सिद्धान्त पछाडि कार्यकर्ता हिंड्नेभन्दा पनि नेताको पछि लाग्ने, अमूक नेतालाई देवत्वकरण गर्ने प्रवृत्ति कायमै रहेको छ।

पुष्पलाल कम्युनिस्ट पार्टीलाई जनवादी केन्द्रीयताका आधारमा सञ्चालन गर्न र पार्टीभित्र आलोचना-आत्मालोचनाको परिपाटीलाई स्थापित गर्न हरहमेसा जोड दिनुहुन्थ्यो र उहाँले पिठिउँ पछाडि पार्टी र नेतृत्वको कुरा काट्ने कदापि गर्नुहुन्न भन्ने विचार राख्नुहुन्थ्यो। पार्टी पद्धति र पार्टी परम्पराबाट सञ्चालन हुनुपर्दछ भन्ने मान्यतामा अडिक पुष्पलालले पार्टी पद्धति भनेको जनवादी केन्द्रीयताको पद्धति हो/जनवाद र केन्द्रीयता पार्टी संगठनका दुई पल्ला हुन्। यी तराजुका दुई पल्लाझैं हरहमेसा बराबर सन्तुलित हुनुपर्दछ। यसमा बेथिति आएमा पार्टी जीवनमा नै बेथिति देखा पर्दछ भनेर उल्लेख गर्नुभएको छ। वास्तवमा कम्युनिस्ट पार्टीमा गुटगट गतिविधि बढ्दै गएपछि जनवादी केन्द्रीयताको अभ्यास सन्तुलित ढङ्गले अगाडि बढ्न सक्तैन।

पुष्पलालले सिद्धान्त, संगठनका साथै संघर्षलाई पनि कम्युनिस्ट पार्टीले सँगसँगै अगाडि बढाउनुपर्दछ भन्ने विषयमा जोड दिनुभएको छ। पार्टीले लिएको लक्ष्य प्राप्तिका लागि वर्ग संघर्ष केन्द्रित आन्दोलनको अगुवाइ पार्टीले गर्नुपर्दछ भन्ने विचार राख्नुहुने पुष्पलाललाई साझा शत्रुका विरुद्ध वाम एकता कायम गर्दै संयुक्त मोर्चाका माध्यमबाट अगाडि बढ्नुपर्दछ भन्ने विचार अगाडि सार्नुभयो। पुष्पलालकै दृष्टिकोणअनुसार नै २०४६ र २०६२/०६३ मा वाम एवं लोकतान्त्रिक शक्तिहरूबीचको सहकार्यबाट संयुक्त जनआन्दोलन भई मुलुकमा गणतन्त्र स्थापना गर्न सम्भव भयो। मुलुकमा राजनीतिक हिसाबले सामन्तवादको अन्त्य भए पनि आर्थिक-सामाजिक क्षेत्रमा विद्यमान सामन्ती अवरोध र दलाल पुँजीवादका विरुद्ध संघर्ष गर्न वामपन्थीहरूका बीचमा सहकार्य र एकताको खाँचो रहेको छ।

पुष्पलालले विसं २००६ सालमा नेपाल कम्युनिस्ट पार्टी स्थापना गर्दा देख्नुभएको सपनाकै आधारमा युगान्तकारी परिवर्तन भई गणतन्त्र स्थापना भएको हो। यस सन्दर्भमा पुँजीवादी जनवादी राजनीतिक क्रान्तिको कोर्स पूरा भएको छ। अब आर्थिक-सामाजिक क्रान्ति सम्पन्न गरेर मात्र नेपाली क्रान्तिले पूर्णता प्राप्त गर्दछ र यसको अगुवाइ श्रमजीवी वर्गको अग्रदूत पार्टी कम्युनिस्ट पार्टीले गर्नुपर्दछ। चिराचिरामा विभाजित नेपालका वामपन्थी दलहरूका बीचमा अब आर्थिक र सामाजिक क्रान्ति गरेर देशलाई समाजवादी बाटोमा अगाडि बढाउन, वाम एकताको खाँचो रहेको छ। अत: पुष्पलालले उल्लेख गर्नुभएझैं सही सिद्धान्त, संगठन र संघर्ष क्रान्ति तथा आमूल परिवर्तनका कडी हुन् भन्ने मान्यतालाई आत्मसात् गर्दै अगाडि बढ्न सके मात्र पुष्पलालको सोचअनुसार नेपाली क्रान्तिले पूर्णता पाउने विश्वास लिन सकिन्छ।

(लेखक नेकपा एमालेका केन्द्रीय सदस्य हुनुहुन्छ।)

## पाठक पत्र

### पेट्रोलियमबारे चुरो कुरा के हो ?

तराईका दलहरूले गरेको आन्दोलन र भारतले गरेको अघोषित नाकाबन्दी बिर्सन थालिएको छ। तर कहिलेकाहीं इन्धन अभाव हुँदा ठ्याक्कै त्यसैको झल्को आउँछ। भारतले नाका खोलेको पनि निकै भइसक्यो, तर पेट्रोल, ग्यासलगायतका अति आवश्यक बस्तु जनताले सहज रूपमा पाउन सकेका छैनन्। पेट्रोल पम्पमा पेट्रोल छैन अनि ग्यास पसलमा ग्यास सकिएको छ भन्दै व्यापारीले अहिले पनि फर्काउने गरेका छन्। अहिले पनि एक सिलिन्डर ग्यासका लागि महिनौं कुर्नुपर्छ, त्यो पनि पाउन सकिँदैन।

लोकतान्त्रिक गणतन्त्र उच्च पदस्थ र राजनीतिकर्मीलाई मात्र आयो। प्रधानमन्त्री देउवा आएपछि पनि पेट्रोलियम पदार्थका लागि वातावरण सहज बन्न सकेको छैन। निकै राम्रो काम गरिरहनुभएका गृहमन्त्री जनार्दन शर्माले यस विषयमा ध्यान दिन जरुरी देखिन्छ। सडकमा लाइन बसेका सवारीसाधनका कारण दिनहुँ सवारी जाम भएको छ भने त्यसरी घन्टौं लाइन बस्दा पनी तेल सहज तरिकाले पाउन सकिँदैन। पेट्रोलपम्प सञ्चालनका आफन्त, प्रहरीका आफन्तले भने सजिलोसँग तेल पाइरहेका छन्। जनता कहिलेसम्म निरीह भएर बस्नुपर्ने हो ?

प्रजातन्त्रमा बलियो आधार भनेको जनता हुन् तर जनतालाई सधैं कौडीका भाउमा पनि नगन्ने चाला ठीक भएन। अहिले तेल पेट्रोलपम्पबाट भन्दा बाहिरबाट बढी बिक्री भएको सुनिन्छ तर कारबाहीमा खासै कोही पर्दैनन्। सरकार भएर पनि हरठाउँमा सरकार नभएको आभास भएको छ जनतालाई यति बेला। सरकारले कि केही गर्न सक्दैनौं भन्नुपर्‍यो, होइन भने जनतालाई निराश पार्ने काम छाड्नुपर्‍यो। सरकरले तेल सहज छ भन्दा पनि व्यापारीले के गरेका हुन् वा के भएको हो ? चुरो कुरो जान्न पाउनुपर्‍यो।

*- पोषण गिरी, भक्तपुर*

### लोपोन्मुख चेपाङको अवस्था उस्तै

आजभन्दा पुस्तौंअगाडि चेपाङहरूको जंगलमा र ओडारमा बासस्थान थियो। जंगलको कन्दमूल, सागसिस्नु, गिठा-भ्याकुर खाएर जीवन चलाउँथे उनीहरू। प्राय:जसो चेपाङहरू ४ जिल्ला गोरखा, धादिङ, मकवानपुर, चितवनका विकट ठाउँहरूमा बस्ने गरेका थिए र चेपाङहरूको जनसंख्या अघिल्लो जनगणनाअनुसार ६०,००० (साठी हजार) भन्दा माथि थियो। आजभोलि उनीहरू १० जिल्लाभन्दा धेरैमा बसोबास गरिरहेका छन्।

आजभोलि चेपाङहरू पहिलाजस्तो ओडारमा बस्दैनन्, साना-साना झुपडी बनाएर स्याउलाले बारेर बस्ने गरेका छन् उनीहरू। चेपाङ समुदायहरू शिक्षा, स्वास्थ्यमा कमजोर नै छन्। चेपाङहरूका ठूला-ठूला खेतहरू हुँदैनन्, पाखापखेरा मात्र हुन्छन्। अहिले दुई प्रतिशतसँग मात्र जग्गाधनी लालपुर्जा छ, बाँकी ९८ प्रतिशत चेपाङको ऐलानी खोरिया मात्र छन्। ती खोरियामा कोदो, मकै, फापर, तोरी लगाइन्छ, तैपनि प्रशस्त मात्रामा खान पुग्दैन। हुनेखाने चेपाङलाई ३ देखि ६ महिनासम्म खान पुग्छ, बाँकी समय अर्मापर्मा गरेर जीवन चलाइरहेका हुन्छन्।

दुई वर्षअगाडि आएको विनाशकारी भूकम्पले चेपाङ समुदायमा मानव क्षति मात्र गरेन, आर्थिक क्षति पनि नराम्रोसँग गर्‍यो। डाँडाहरू चिराचिरा पार्‍यो। ती चिराचिरा पारेका डाँडाहरू बिस्तारै वर्षात्को समयमा भत्किएर चेपाङहरूले लगाएको कोदो, मकै पुरिएर नष्ट भयो। चेपाङ समुदायमा गएको दशैं-तिहार मान्न साह्रै समस्या भएको थियो। चेपाङ समुदायमा भोकमरीको चपेटा बढेर फेरि पहिलेजस्तै जंगलतिर बाह्रै महिना कन्दमूल खाएर बस्नुपर्ने त हैन ? भन्ने आशंका अहिले चेपाङहरूको ठूलो चिन्ताको विषय बनेको छ। सरकारले उचित व्यवस्थापनमा ध्यान दिनु जरुरी देखिएको छ।

*- सीताराम शर्मा, मकवानपुर*

### बीपी कोइरालाबारे राम्ररी बुझियोस्

दिवंगत बीपी कोइरालाले राष्ट्रियताबारे थोरै बोलेका छन् र लेखेका छन्। तर उनी स्वयं नै राष्ट्रियताको भावले ओतप्रोत थिए, जसका लागि उनले जीवनलाई दाउमा लगाए, जीवनकै खतरा मोले। तर उनी अतिराष्ट्रवाद, अन्धराष्ट्रवाद र संकीर्ण राष्ट्रवादको खिलाफमा थिए। उनले नेपाललगायत अन्य देशका शासक या नेताले जस्तो राष्ट्रियताको नारा दिएर आफ्नो राजनीतिक अभीष्ट पूरा गर्न खोजेनन्। उनले पराधीनताभन्दा सम्भावित मृत्यु रोजे, जेलजीवन रोजे।

उनले भनेका छन्- राष्ट्र र राष्ट्रियता भनेको फगत माटो होइन, त्यो भौगोलिक क्षेत्रभित्र बस्ने जनता नै मुख्य रूपमा राष्ट्र हो। उनले भनेका छन्- जनता बलिया र समृद्ध भए मात्र राष्ट्रियता बलियो हुन्छ। त्यसैले होला उनी स्वयं रोगले थलिएर विदेशी अस्पतालमा भर्ना भएका बखत लोकतन्त्र ल्याउने बुटी खोज्न भन्दा पनि जनतालाई कसरी निरोगी र स्वस्थ बनाउन सकिन्छ भनेर उपाय सोध्थे।

बीपी कोइरा लोकतन्त्रवादी थिएनन्। लोकतन्त्र र सत्ता प्राप्तिलाई साधन मात्रै ठानेका थिएनन्। त्यसैले उनले सुकिला र मुकिलाको कुरा उठाएका थिए, जसलाई अहिले पनि आफू सत्तामा नभएका बखत मात्रै कांग्रेसीजनले उठाउने गरेका छन्। बीपीको परिभाषामा महलमा बस्ने होइन, झुपडीमा बस्नेहरू सहजरूपमा बाँच्नु र हाँस्नु नै समाजवाद थियो। अहिले बीपीलाई नबुझी उनका हरेक कुरालाई गलत तरिकाले व्याख्या गर्ने गरेको पाइन्छ। यसो हुन नदिन बीपीका बारेमा सबैलाई बुझाउन जरुरी छ।

*- सागर नेपाली, कैलाली*

### नेतृत्वलाई मेरो अनुरोध

नेताज्यू, तपाईंहरू जागिर खान र कमाउन त्यो ठाउँमा जानुभएकै हैन। तपाईंहरू ३ करोड नेपालीको प्रतिनिधित्व गरेर उनीहरूका समस्या समाधान गरी देशको राज्यभार चलाउन जानुभएको हो। तपाईंहरू सेवक बन्नुस्, जनतालाई सेवक नबनाउनुस्। आफू शासक बनेर नबस्नुस्।

यो नेपाल जनताका हातमा छ। जनताले तपाईंहरूलाई कति विश्वासका साथ संसद् भवनको ढोका खोलिदिएका छन् तर तपाईंहरू जनतालाई सेवक बनाउने ? नेपाल प्रजातान्त्रिक देश हो र सम्पूर्ण देश जनताको हातमा छ। देशलाई खेलौना नसम्झनुस्। यदि यसो भयो भने संसद् भवनमा पुर्‍याउने जनताले तपाईंलाई रोडमा झारिदिनेछन्। त्यसैले जनताको र देशको हितमा काम गर्नुस्।

*- योगेश बराल, ललितपुर*

## सामाजिक सञ्जाल



घर अगाडिको खाल्डो पुर्न सरकार गुहार्ने मानसिकता त्यागौं। रैती होइन, नागरिक बनौं।

**Kishore Thapa**
**@Kishore_Sajha**



विश्वासविनाको सम्बन्ध र नेटवर्कविनाको फोन उस्तै हो रे, दुवैमा गेम खेल्न मात्र सकिन्छ।

**Subin Bhattarai**
**@subinbhattarai1**



बाटोमा हिंडिरहेका सयौं-हजारौं मानिसलाई आफन्त नै सम्झनुहोस्, किनभने आफ्ना र पराइ भन्ने कुरा त समयले चिनाउने कुरा हो।

**Bishwas Regmi**
**@belief_regmi**

{ समितिका अध्यक्ष चन्द्रकृष्ण श्रेष्ठले पौराणिक कथनअनुसार परापूर्वकालमा थिमीका स्थानीय बासिन्दाहरुलाई भूतप्रेत, ख्याकजस्ता राक्षसहरुले पीडित भएपछि थिमीका जनताहरुलाई दुःखबाट छुटकारा दिलाउन थिमीका अराध्यदेवी बालकुमारीको साधन गरेपश्चात भाद्र शुल्क पूर्णिमाका दिन एक व्यक्तिलाई सुइरोले जिब्रो छेडेर नगर परिक्रमा गराएपछि भूतप्रेत र राक्षसहरु यस ठाउँमा यस्ता साहसिक व्यक्तिहरु रहेको भन्दै भागेको जनश्रुति रहेको बताउनुभयो।

# लोप भइसकेको जिब्रो छेड्ने जात्रा फेरि सञ्चालन हुने

पुष्कर बुढाथोकी, भक्तपुर




घेरैले जिब्रो छेड्ने जात्रा भन्नेबित्तिकै वैशाख २ गते बोडेमा हुने जिब्रो छेड्ने जात्रा सम्झन्छन्। तर मध्यपुर थिमीको दिगु टोलस्थित दिगुभैरव मन्दिरअगाडिको डबलीमा पनि इन्द्रजात्राको भोलिपल्ट जिब्रो छेड्ने जात्रा मनाइन्छ।

विगतमा सञ्चालन भएर ११ वर्ष यता सञ्चालनमा नआएको यो जिब्रो छेड्ने जात्रा यसपटक भने सञ्चालनमा आउने भएको छ। इन्द्रजात्राको भोलिपल्ट निस्कने येंया पुन्हिया मेय् प्वाः खनेगु जात्रा आर्थिक तथा विभिन्न कारणले संकटमा पर्दै आइरहेको छ। मध्यपुर थिमी नगरबासी तथा विभिन्न सामाजिक संघसंस्थाहरूको सहयोगमा यसपटक भाद्र २१ गते मध्यपुर थिमी नगरपालिका-५ का २९ वर्षीय विरेन्द्रभक्त गजु श्रेष्ठले जिब्रो छेड्ने भएका छन्।

जात्रालाई व्यवस्थित एवं अर्यादित ढंगबाट सञ्चालन गर्न येंया पुन्हिया मेय् प्वाः खनेगु जात्रा व्यवस्थापन समितिसमेत गठन गरिएको छ। जात्रासम्बन्धी जानकारी दिने उद्देश्यले व्यवस्थापन समितिले पत्रकार सम्मेलनको आयोजना गरेको छ। सम्मेलनमा समितिका अध्यक्ष चन्द्रकृष्ण श्रेष्ठले पौराणिक कथनअनुसार परापूर्वकालमा थिमीका स्थानीय बासिन्दाहरूलाई भूतप्रेत, ख्याकजस्ता राक्षसहरूले पीडित भएपछि थिमीका जनताहरूलाई दुःखबाट छुटकारा दिलाउन थिमीका अराध्यदेवी बालकुमारीको साधन गरेपश्चात भाद्र शुल्क पूर्णिमाका दिन एक व्यक्तिलाई सुइरोले जिब्रो छेडेर नगर परिक्रमा गराएपछि भूतप्रेत र राक्षसहरू यस ठाउँमा यस्ता साहसिक व्यक्तिहरू रहेको भन्दै भागेको जनश्रुति रहेको बताउनुभयो।

प्रत्येक वर्ष भाद्र शुक्ल पूर्णिमाको बेलुका करिब ८ बजे थिमीकै दिगु टोलस्थित दिगुभैरब मन्दिर अगाडिको डबलीमा जिब्रो छेडाउने भन्दै अध्यक्ष श्रेष्ठले जिब्रो छेड्ने जात्राका लागि करिब एक महिना अगाडिदेखि नै तयारी गर्नुपर्ने बताउनुभयो।

जिब्रो छेड्ने नातु (सुइरो) बनाउनका लागि करिब एक महिनाअगाडि नातु बनाउने नकर्मीलाई खबर गर्न जानुपर्ने भन्दै उहाँले नातु बनाउन खबर गर्न जाँदा रातो भाले, समेबजिसहित नकर्मीको घरमा जाने र नकर्मीले नातु बनाइसकेपछि ३ हप्ताजति शुद्ध तोरीको तेलमा नातुलाई डुबाएर राख्नुपर्ने प्रचलन रहेको बताउनुभयो। उहाँले जात्रामा त्रिशुलजस्तै तीनतिर भएको नातु(सुइरो) बनाएको बताउनुभयो।

जिब्रो छेड्न आठ दिनअगाडि द्यः दुसालेगु भन्ने गरेको र बालकुमारी मन्दिरमा ११ वटा किसली (माटोको प्यालामा चामल सुपारी र सिक्का राखेको भाग) तथा रातो भालेको बली दिएर बालकुमारीको साधना गर्नुपर्ने बताउनुभयो।

जिब्रो छेड्ने जात्राको चार दिनअघि थिमीको लायकूका पःमाहरूले अहिले पनि हनुमानढोका दरबारमा गएर राज खड्ग लिएर जात्रामा डबलीमा राख्ने प्रचलनमा रहेको जानकारी दिँदै अध्यक्ष श्रेष्ठले इन्द्रजात्राको दिनमा बालकुमारीमा छ्वयला ब्वः, रातो भालेको बलिसहितको पूजा गरी भोज खुवाउने चलन रहेको समेत बताउनुभयो।

त्यसैको भोलिपल्ट येंया पुन्हीको दिनमा दुता नं (जामा) लगाएर बालकुमारीमा पूजा गर्ने परम्परा रहेको छ। यो दिन जिब्रो छेड्ने व्यक्ति मौन व्रत बस्नुपर्दछ। जिब्रो छेड्ने दिनमै बेलुकापख (साँझ) बालकुमारीदेखि दिगुभैरवसम्मको स्थानमा बत्ती दिन गइन्छ। त्यहाँबाट आइसकेपछि दिगुभैरव मन्दिरमा गुरु (जामनः थरका व्यक्ति) को उपस्थितिमा भैरवको पूजा गरिन्छ। यो पूजापश्चात जिब्रो छेड्ने व्यक्तिमा दैविक शक्ति प्राप्त हुने जनविश्वास रहेको छ।

त्यहाँबाट जिब्रो छेड्नेलाई दुई जनाले समाइ भैरवसामुन्ने मुख फर्काइ उल्टो हिँडाइ डबलीमा पुर्‍याइन्छ। सयौं जनमानसलाई देखाएर नकर्मीले बनाएको १० इन्च लामो सुइरोबाट कमिनायोले जिब्रो छेडाउने काम हुन्छ। त्यसपछि म्यं (महादिप) बोक्न लगाइ उसको इच्छाअनुसार नगरपरिक्रमा गराउने गर्दछ। यसरी जिब्रो छेड्ने व्यक्तिले नगरपरिक्रमा गर्दा "ताकुँ म्येः ख्वामसिसें भ्वय् नय्" भन्दा सँगसँगै नगरपरिक्रमा गर्दछ।

जिब्रो छेड्ने व्यक्तिको इच्छाअनुसार पहिला चाँगुनारायण तथा पशुपतिसम्म पनि परिक्रमाका लागि गएको पाइन्छ। इच्छाएको ठाँउमा परिक्रमा गरेपछि बालकुमारी मन्दिरमा पुगी कमिनायोले सो सुइरो निकालिन्छ। सुइरो निकालिसकेपछि जिब्रोमा भएको खालमा नासःद्यः (नित्यनाथ) देवता परिसरको माटो राखिदिन्छ। अनि सुइरोलाई बालकुमारी मन्दिरभित्र ठोकिन्छ। बालकुमारी मन्दिर परिसरमा सुइरो निकालिसकेपछि घर गई मान्यजनबाट सगुन लिन्छ। त्यसपछि जात्रामा सहभागी व्यक्तिहरूलाई भोज खुवाइन्छ। भोज खाइसकेपछि पूर्णिमाको भोलिपल्टको बिहान नातु पूजा भनि द्यःलित तवनेगु (विसर्जन पूजा) का लागि बालकुमारीमा पूजा गर्न जानुपर्ने प्रचलन रहेको छ ।

पत्रकार सम्मेलनमा २०५३, २०५९ र २०६३ सालमा गरी तीनपटक जिब्रो छेडेका कृष्ण नानिचा श्रेष्ठ, अहिले छेड्ने व्यक्ति विरेन्द्रभक्त गजु श्रेष्ठ, समितिका सदस्य राजेश सुवा श्रेष्ठ, प्रदीप श्रेष्ठ 'पुइप जामन' लगायतले नगरको लोपोन्मुख संस्कृति, जात्राहरूलाई संरक्षण गर्न सम्बन्धित निकायले आवश्यक चासो देखाउनुपर्नेमा जोड दिनुभएको थियो। कला, संस्कृतिले धनी मध्यपुर थिमीमा प्रत्येक वर्षको वैशाख २ गते बोडेमा र इन्द्रजात्राको भोलिपल्ट येया पुन्हिमामा थिमीमा गरी वर्षमा दुईपटक जिब्रो छेड्ने जात्रा हुने गरेको सञ्चारकर्मी रामकृष्ण शंखदेवले बताउनुभयो।

## घुस लिदाँलिदै ४ जना कर्मचारी पक्राउ

भक्तपुर, (नेस)

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुस लिइरहेको अवस्थामा मालपोत कार्यालय, भक्तपुरका ४ जना कर्मचारीलाई रङ्गेहात पक्राउ गरेको छ। आयोगको केन्द्रीय अनुसन्धान ब्युरोको टोलीले कार्यालयका ४ जना कर्मचारीलाई गएराति ५० हजार रुपियाँ घुस लिएको अभियोगमा पक्राउ गरेको हो।

पक्राउ पर्नेमा अधिकृत चक्रबहादुर श्रेष्ठ, नासु राजकुमार घिमिरे र दिनेश रेग्मी तथा खरिदार दुर्गा पोखरेल छन्।

एक सेवाग्राहीले आफ्नै तीन आनाको दुई टुक्रा जग्गाबाट भित्र रहेको अर्को जग्गामा जानका लागि बाटो राखी प्लट मिलान गर्नका लागि सबै प्रक्रिया पुर्‍याइ निवेदन दिएकामा अधिकृत श्रेष्ठले गलत नियतले दुःख दिन थालेपछि सेवाग्राहीले आयोगमा उजुरी दिएका थिए। घुस मागेको भन्ने उजुरीका आधारमा आयोगको टोलीले अनुसन्धानका क्रममा उनीहरूलाई रङ्गेहात पक्राउ गरेको हो।

उजुरीका आधारमा आयोगको टोलीले कर्मचारीलाई 'घुस रकम' सहित मध्यपुरथिमी-३ कौशलटारस्थित वेभ सेकुवा कर्नरबाट पक्राउ गरेको हो। अधिकृत श्रेष्ठले सेवाग्राहीबाट ५० हजार रुपियाँ लिएसँगै वेभ सेकुवा कर्नरमै जग्गाधनी पुर्जा सेवाग्राहीलाई दिएको र त्यसलगत्तै उनीहरूलाई आयोग टोलीले नियन्त्रणमा लिएको हो।

अभियुक्त चारै जनालाई आयोगको नियन्त्रणमा राखिएको र थप अनुसन्धानपछि उनीहरूलाई कानुनबमोजिम कानुनी प्रक्रिया अघि बढाइने अख्तियारले जनाएको छ।

## सवारी दुर्घटनामा एकको मृत्यु

भक्तपुर, (नेस)

भक्तपुरमा शनिबार बिहानै भएको सवारी दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ भने अर्का एक घाइते भएका छन्।

अरनिको राजमार्गअन्तर्गत कौशलटारस्थित अरनिको पम्प अगाडि काठमाडौंबाट भक्तपुरतर्फ आइरहेको बा.२ क १२१३ नम्बरको मिनि ट्रिपरमा सोही दिशातर्फ आइरहेको बा. ७७ प ४२२० नम्बरको मोटरसाइकल ठोक्किएर दुर्घटना भएको हो।

दुर्घटनामा परेर गम्भीर घाइते भएकी मोटरसाइकलमा सवार काठमाडौं कीर्तिपुर बस्ने वर्ष १८ की अश्मी सुनारको नागरिक अस्पताल गठ्ठाघरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

मोटरसाइकल चालक सोही ठाउँ बस्ने वर्ष २२ को हरि गहतराजको नागरिक अस्पतालमा उपचार भइरहेको छ।

ट्रिपर र ट्रिपर चालक भक्तपुर नगरपालिका-९ बस्ने वर्ष ३२ का जीवन ज्याठा महानगरीय प्रहरी वृत्त, ठिमी भक्तपुरको नियन्त्रणमा रहेको र दुर्घटनाको बारेमा थप अनुसन्धान भइरहेको महानगरीय प्रहरी वृत्त थिमीका प्रहरी नायब उपरीक्षक श्यामबाबु ओलीयाले बताउनुभयो।

## जिल्ला कमिटी नै माओवादीमा प्रवेश

काठमाडौं, (नेस)

राष्ट्रिय जनमोर्चा, रौतहटको सिङगो जिल्ला कमिटी नै नेकपा माओवादी केन्द्रमा प्रवेश गरेको छ।

शनिबार माओवादीको पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित कार्यक्रममा जनमोर्चाका केन्द्रीय सदस्य तथा जिल्ला अध्यक्ष लखिन्द्र साह, केन्द्रीय सदस्य जगमन्न राम, जिल्ला सचिव लक्ष्मणकुमार राम, जिल्ला सदस्यहरू बीरेन्द्रकुमार साह, रामबाबु साह, इदयन अन्सारीलगायतको कमिटी माओवादी केन्द्रमा प्रवेश गरेको हो। जनमोर्चाका नेताहरूलाई माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले स्वागत गर्नुभएको थियो।

## आकासेपानी संकलन प्रविधि स्थापना

काठमाडौं, (नेस)

काठमाडौंको त्रिपुरेश्वरस्थित विश्व निकेतन उच्च माध्यमिक विद्यालयमा ५० हजार लिटर क्षमताको आकासेपानी संकलन प्रविधि स्थापना गरिएको छ। सो विद्यालयमा ५० हजार लिटर क्षमताको ट्याङकीसहितको प्रविधि जडान गरिएको हो।

यस्तो प्रविधिको खानेपानी तथा सरसफाइ मन्त्रालयका सचिव भीमप्रसाद उपाध्यायले उद्घाटन गर्नुभयो। सचिव उपाध्यायले प्रविधि जडान गरिएपछि विद्यालयलाई आवश्यक पर्ने स्वच्छ र सफा पानीको अभाव नहुने बताउनुभयो।

आईआरएचए स्विजरल्यान्डको आर्थिक तथा गुथी नामक गैरसरकारी संस्थाको प्राविधिक सहयोगमा विद्यालय परिसरकै आकासेपानीलाई सदुपयोग गरिएको गुथीका संयोजक प्रकाश अमात्यले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो।

यसअघि सो विद्यालयमा आकाशेपानी संकलन विधि अभ्यासमा रहेपनि दुई वर्ष अगाडि गएको भूकम्पले विद्यालयको भौतिक संरचना क्षतिग्रस्त भएको थियो। जसका कारण वर्षादको पानी सदुपयोगमा आउन सकेको थिएन। शुक्रबार विश्व निकेतन विद्यालयमा जडान गरिएको प्रविधि सम्भवतः नेपालकै वृहत भएको दाबी गरिएको छ।

कार्यक्रममा काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डका कार्यकारी निर्देशक सञ्जिवविक्रम राणाले आकाशेपानीलाई संकलन गरी प्रशोधनका अन्य उपायसमेत अपनाइएकाले पिउनका लागि सुरक्षित रहेको बताउनुभयो।

विद्यालयका सहायक प्रधानाध्यापक केदारप्रसाद दाहालले आकाशेपानी संकलन प्रविधिबाट विद्यालयका करिब ३ हजार विद्यार्थी र शिक्षक शिक्षिका लाभान्वित हुने बताउनुभयो।

## ज्योतिषशास्त्रलाई विज्ञानको दृष्टिले हेर्नुपर्छ : *बिजुक्छे*

नेपाल समाचारपत्र

भक्तपुर

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले ज्योतिषशास्त्रलाई धर्म र संस्कृतिको भन्दा विज्ञानको दृष्टिले हेर्नुपर्ने धारणा राख्नुभएको छ। ज्योतिषाचार्य डा. वीरेन्द्रप्रसाद कायस्थद्वारा लिखित 'ज्योतिष र रोग' नामक पुस्तकको शनिबार भएको विमोचन गर्नुहुँदै उहाँले हजारौं वर्षको अनुभव र प्रयोगको आधारमा ज्योतिषशास्त्र आएकोसमेत बताउनुभयो। 'विज्ञानले नै ग्रह र नक्षत्रको प्रभाव हुने पुष्टि गर्दै आएको छ', सांसदसमेत रहनुभएका अध्यक्ष बिजुक्छेले भन्नुभयो,- 'त्यसैले ज्योतिषशास्त्रलाई पनि विज्ञानसम्मत बनाउनुपर्छ। सरकारले ज्योतिषशास्त्रबारे अध्ययन अनुसन्धान गर्ने बन्दोबस्त गर्नुपर्छ।'

ज्योतिषशास्त्रलाई भाग्यवाद र नियमित आकस्मिकताको पर्याय बन्नबाट रोक्न उहाँले ज्योतिषाचार्यलगायतलाई आग्रह गर्नुभयो।

कार्यक्रममा नेपाल ज्योतिष परिषद्का केन्द्रीय अध्यक्ष माधवराज पाण्डे र विश्व ज्योतिष महासंघका अध्यक्ष डा. लोकराज पौडेलले सरकारबाट ज्योतिषशास्त्र उपेक्षित बन्दै आएकोमा दुःख व्यक्त गर्नुभयो।

त्यस्तै नेपाल पञ्चाङ निर्णायक समितिका सदस्य प्राडा रामचन्द्र गौतमले यस वर्षको जनै पूर्णिमाका दिन ग्रहण परेकाले नाग पञ्चमीको दिनमा रक्षा बन्धन गर्ने पञ्चाङ समितिले निर्णय गरेको स्पष्टीकरण दिनुभयो।

कार्यक्रममा वास्तुविद् डा. माधवमंगल जोशी, राजुमृग्रेन्द्र जोशी, नेपाल ज्योतिष परिषद् उपत्यका समन्वय समितिका अध्यक्ष ज्ञानेन्द्रप्रसाद जोशी, उपाध्यक्ष केदारप्रसाद जोशीलगायतले डा. कायस्थद्वारा लिखित पुस्तकबारे चर्चा गर्नुभएको थियो। ज्योतिष शिक्षाबारे जान्न चाहनेहरूका लागि पुस्तकले आधारभूत ज्ञान दिने उहाँहरूको भनाइ थियो। लेखक डा. कायस्थले पुस्तकलाई दुई खण्डमा बाँडेर २३ वटा लेखहरूलाई संग्रह गर्नुभएको छ।

## राजपा निर्वाचनमा सहभागी हुनुपर्छ : *मन्त्री साह*

काठमाडौं (नेस)

सहरी विकासमन्त्री प्रभु साहले संविधान संशोधन प्रस्ताव पारित नभए पनि राजपा निर्वाचनमा सहभागी हुनुपर्ने बताउनुभएको छ।

उहाँले दलहरूबीचको द्वन्द्व अन्त्य गर्नु आजको आवश्यकता भएकाले सरकारले संविधान संशोधनका लागि इमान्दार प्रयास गरिरहेको बताउनुभएको हो। मन्त्री साहले भन्नुभयो- 'संविधान संशोधन गर्नुपर्छ, मधेसको समस्या हल गर्न हामी गम्भिर छौं।'

रिपोर्टस क्लबद्वारा शनिबार आयोजित कार्यक्रमा उहाँले अहिले संविधान संशोधन गर्नै हुँदैन भन्ने र संविधान मान्दै मान्दैनौं, जलाउँछौं भन्नेहरू एक ठाउँमा बसेर कुराकानी भइरहेको र नजिक आएकोले संविधान संशोधन हुनेमा आफू विश्वस्त रहेको बताउनभयो।


मन्त्रिमण्डल विस्तार अब एक/दुई दिनभित्रै हुनेसमेत विश्वास व्यक्त गर्दै आफ्नो पार्टीबाट सरकारमा सहभागी हुने मन्त्रीहरूको बारेमा टुंगो लागिसकेको बताउनुभयो।

प्रधानमन्त्री शेरबहादुर देउवाले दिएको निर्देशनबमोजिम नै सडक विस्तारलगायतका विभिन्न कामहरू भइरहेको भए पनि केही ढिलासुस्ती भइरहेको बताउँदै सडकका खाल्डाखुल्डीहरू अब चाँडै पुरिने बताउनुभयो।

सिनेमा कर्नर

TODAY'S MOVIES
Munna Michael 8:20, 11:20 2:20, 5:20
Sayad 2 8:20, 11:20 2:20, 5:20
Ma Yesto Geet Gauxu 8:20, 11:20 2:20, 5:20
Jagga Jasoos 8:20, 11:20 2:20, 5:20
Docter Khate 8:20, 11:20 2:20, 5:20
मेरी कुसुम 8:20, 11:20 2:20, 5:20
कारखाना 8:20, 11:20 2:20, 5:20

Gopi Krishna Movies
Dolby Dogital, DTS Surround Sound
Luxurious & Pushback Seats
Extraordinary Picture Quality
Comfort Lounge
Comfy Cabins Serving Food on order
Massage Chair
Children's Corner
Coffee Joints
Rhythm Room
In-Theatre Advertising




Booking: 4812393/4812409

Guna Cinema
एकै छानामुनी ८ सिनेमा हल

Jagga Jasoos
तारेभिर
धनपति
सायन-२
लाल्टिन
म यस्तो गित गाउछु
रातो घर




Information SMS "smscinema" to 4862 or Dial 01618015 202777
Show Time 9:00, 12:00, 3:00, 6:00

गंगा चलचित्र मन्दिर
2 in 1 बालाजु, काठमाडौं, फोन नं. ९८५१०३०४६२, ९८४१६८०२०६




माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : साथीभाइ, इष्टमित्रमा विवाद, निरर्थक दौडधुप, लखतरान ।
**वृष** : पैसा प्राप्ति, जागिर, पढाइ, व्यापारमा सफलता, मान बढ्ने ।
**मिथुन** : धननाश, मानसिक अस्थिरता, असन्तोष, नेत्र विकार, दौडधुप ।
**कर्कट** : उपहारादि वस्तु प्राप्ति, बोली बिक्ने, कार्य सफल हुनेछ ।
**सिंह** : साथीभाइसँग विवाद, धन हानि, दुर्घटनाको सम्भावना ।
**कन्या** : साथीभाइबाट सहयोग, पारिवारिक सुख, मिष्ठान्न भोजन ।
**तुला** : उपहारादि वस्तु प्राप्ति, कार्य सफल, शारीरिक स्वस्थता ।
**वृश्चिक** : राज्यभय, अपयश, व्यर्थको यात्रा, पेसा-व्यवसायमा बाधा ।
**धनु** : रोगको भय, काममा बाधा, आर्थिक नोक्सानी, शारीरिक कष्ट ।
**मकर** : धनलाभ, मान-सम्मान, समस्या समाधान, बाहन-सुख ।
**कुम्भ** : आर्थिक लाभ, प्रतिस्पर्धी वा शत्रुमाथि विजय हासिल हुनेछ ।
**मीन** : कार्यनाश, शोक-सन्ताप, सन्तान कष्ट, वायुजन्य रोगको भय ।

# नेपाल

'कर्मचारी र प्रहरी देखे पनि नदेखेझैं गर्छन्', तामागढी सेक्टर कार्यालय अन्तर्गतको जंगल नजिकै पर्ने ककडी गाउँका एक सर्वसाधारणले भने- 'बयल गाडामा लोड गरेर दिनहुँ लैजान्छन्।'

## 'संविधान संशोधन हुन सक्दैन'

म्याग्दी, (नेस)

पूर्वप्रधानमन्त्री तथा नेकपा एमालेका वरिष्ठ नेता झलनाथ खनालले अहिलेको समयमा संविधान संशोधन हुन नसक्ने बताउनुभएको छ। नेकपा एमाले म्याग्दीले ३९औं पुष्पलाल स्मृति दिवसको अवसरमा शनिबार बेनीमा आयोजना गरेको प्रवचन कार्यक्रममा पुष्पलालको तस्वीरमा माल्यार्पण गर्दै उहाँले संविधान संशोधन नहुने बताउनुभएको हो।

उहाँले संविधान संशोधन गर्नुहुँदैन भन्ने होइन, संविधानलाई अझै परिष्कृत र परिमार्जन गरेर अगाडि बढनुपर्ने बताउनुभयो। तर, वर्तमान समय संविधान कार्यान्वयनको अवस्थामा रहेको हुँदा तीनै तहको निर्वाचनपछि मात्रै संविधान संशोधन गर्न सकिने बताउँदै अहिले नै संविधान संशोधनको पक्षमा नेकपा एमाले नरहेको नेता खनालको भनाइ छ।

देश संविधान कार्यान्वयनसँगै समाजवादको लक्ष्यतिर उन्मुख भएको भन्दै उहाँले समाजवादमा पुग्नका लागि पाँचवटा कार्यभार पूरा गर्नुपर्ने बताउनुभएको छ। उहाँले राष्ट्रियतालाई बलियो बनाउनुपर्ने, लोकतन्त्रको संस्थागत गर्नुपर्ने, सामाजिक-आर्थिक तथा नेपाली समाजको वैज्ञानिक रूपान्तरण र सन्तुलित विदेश नीति अपनाएर अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो। अबको बाटो समाजवादी व्यवस्थातिर जानुपर्ने उहाँको तर्क छ।

खनालले स्थानीय तहको पहिलो र दोस्रो चरणको चुनावबाट निर्वाचित जनप्रतिनिसामु नयाँ एवं समृद्ध नेपाल निर्माणको अभिभारा आएको बताउनुभयो। उहाँले जनप्रतिनिधिले संविधान, ऐनकानुन र स्थानीय विशेषता बुझेर भिजन ल्याउनुपर्ने आवश्यकता रहेको बताउँदै शिक्षा, स्वास्थ्य, सरसफाइ, वातावरण संरक्षण, पूर्वाधार विकास र औद्योगिकीकरणको माध्यमबाट देशको विकास गर्न आवश्यक रहेको बताउनुभएको छ।

# बयल गाडाबाटै काठ तस्करी

गोकुल घोरसाइने, बारा

जिल्लाको मधुवन सेक्टरबाट फडानी गरेर चोरी तस्करी हुँदै गरेको अवस्थामा गन्जभवानीपुर प्रहरी चौकीको प्रहरी टोलीले करैया गाउँपालिका-४ बाट शुक्रबार बिहान ३ बजे ३ थान सखुवाको गोलियासहित गाडा र एक हल गोरु बेवारिसे अवस्थामा बरामद गर्‍यो। सोही बिहान सेक्टर वन कार्यालयको गस्ती टोलीले जितपुर सिमरा उपमहानगरपालिका-१७ को रघुनाथपुरमा पनि बाँसघारीमा लुकाई राखेको अवस्थामा सखुवाको थप ४ थान हरियो टुना फेला पार्‍यो। प्रहरीले बरामद काठसहित गोरु र गाडा कारबाहीका लागि सेक्टर वन कार्यालय मधुवनको जिम्मा लगाएको छ।



जिल्लामा केही समययता मिलेमतोमा काठ तस्करी वृद्धि भएको गुनासो बढिरहेको बेला प्रहरी र वन कर्मचारी टोलीले एकै दिन दुई स्थानबाट तस्करीको काठ बरामद गरेका हुन्। मधुवन, तामागढी र जिल्लाको तामागढी सेक्टर जंगलबाट बयल गाडामा राखेर काठ तस्करी हुने गरेको हो। 'कर्मचारी र प्रहरी देखे पनि नदेखेझैं गर्छन्', तामागढी सेक्टर कार्यालय अन्तर्गतको जंगल नजिकै पर्ने ककडी गाउँका एक सर्वसाधारणले भने- 'बयल गाडामा लोड गरेर दिनहुँ लैजान्छन्।' स्थानीयका अनुसार दक्षिणतर्फबाट साँझपख आउने तस्करहरूको समूहले हरिया सखुवा फडानी गरी टुना पारेर बयलगाडा राखी लैजाने गरेका छन्। ककडीसहित, सपही, बलुवा, भलुहिखोर नाकाबाट काठ तस्करी हुने गरेको छ। मधुवन सेक्टरअन्तर्गतको सहजनाथ साझेदारी वनमा पनि दक्षिणतर्फबाट पस्ने काठ तस्करीको बिगबिगी छ। तस्करहरूले रामनगर, बोधवन मधुवन र पसाहा नदीपारिको जैतापुर नाका प्रयोग गरी हरिया दाउरा र सखुवाको टुना बनाएर साइकल र बयल गाडामा तस्करी गर्दै आएका छन्। यस क्षेत्रबाट तस्करी भएको काठ जिल्लाको दक्षिणी भेगमा पर्ने चिरान मिल र सीमापारि भारतीय बजारसम्म पुर्‍याएर बिक्री गरिन्छ।

तस्करीको अर्को अखडा तामागढी सेक्टरबाट फडानी भएको काठ भने स्थानीय बजारमा नै खपत हुने गर्छ। तस्कर समूहले यस क्षेत्रबाट पनि बयल गाडा नै प्रगोग गरी काठ तस्करी गर्दै आएका छन्। यहाँको काठ निजगढबजार, सिगौल, रतनपुरी र बागदेव क्षेत्रका घरघरमा पुर्‍याएर बिक्री हुने गरेको छ। तस्करहरूले जंगलबाट टुना वा चिरान बनाएर पनि काठ ल्याइदिने गरेको स्थानीयको भनाइ छ। एउटा ३.५ चौडाइको ४ हाते सखुवा चिरान कडी २ हजारदेखि २ हजार ५ सय रुपियाँसम्म खरिद बिक्री हुने उनले जानकारी दिए। सखुवाको गोलिया भने बजार मूल्यभन्दा निकै कममा बयल गाडाबाट घरमा पुर्‍याइन्छ। 'जस्तो अर्डर आयो त्यस्तै ल्याइदिन्छन्', उनले भने- 'एउटा २० क्विफिटको सखुवा गोलियाको १०/१५ हजार लिन्छन्।' तर बजारमा चिरान ५ हजार र गोलिया काठको मूल्य प्रतिक्विफिट ३ हजार रुपियाँसम्म छ। निजगढ नगरपालिकाभित्र निर्माण हुँदै गरेका अधिकांश घर र भवनमा तस्करीको काठमा नै निर्भर छन्। निजगढ क्षेत्रबाट तस्करीको चिरान ट्रक र बसमा समेत राखेर काठमाडौं, हेटौंडा र वीरगन्ज जस्ता शहरमा समेत पुर्‍याइने गरिन्छ। तामागढी सेक्टरको पुरानो निजगढ, सिगौल, लाल र रतनपुरी नाकाबाट सखुवाको काठ तस्करी हुँदै आएको छ।

वन कर्मचारी र नाका चौकीका प्रहरीको मिलेमतोमा काठ तस्करी हुने गरेको गुनासो छ। तामागढी क्षेत्रबाट हुने तस्करीमा इलाका प्रहरी कार्यालय निजगढका घुमुवा प्रहरीले महिनावारी रकम असुलेर छुट दिने गरेको बताइन्छ। जिल्ला वन अधिकृत भैरव घिमिरे तस्करी नियन्त्रणका लागि कार्यालयले कुनै कसुर बाँकी नराखेको बताउछन्। उनले कर्मचारीको तस्करसँग मिलोमतो रहेको कुरामा सत्यता नभएको यदि त्यस्तो पाइए कडा कारबाही गरिने पनि बताए।

# दुई मिनेट

## पूर्ण खोपयुक्त वडा घोषणा

डोटी, (नेस)

डोटीको जोरायल गाउँपालिका-२ छतिवनलाई शनिबार पूर्ण खोपयुक्त वडा घोषणा गरिएको छ। जिल्ला स्वास्थ्य कार्यालय डोटीले गरेको सर्वेक्षणमा वडाका सबैले खोप लगाउने गरेको पाएपछि वडालाई पूर्ण खोपयुक्त वडा घोषणा गरिएको जिल्ला स्वास्थ्य कार्यालय डोटीका खोप अधिकृत रामस्वार्थ यादवले बताउनुभयो। जिल्ला स्वास्थ्य कार्यालय डोटीका खोप अधिकृत रामस्वार्थ यादवको अध्यक्षतामा भएको उक्त पूर्णखोपयुक्त कार्यक्रमका प्रमुख अतिथी वडा नम्बर २ का वडा अध्यक्ष मानबहादुर मल्ल रहनुभएको थियो। यो वडा साविकको छतिवन गाविस रहेको थियो।

## अनाथ विद्यार्थीलाई सहयोग

गोरखा, (नेस)

नेपाली कांग्रेसका संस्थापक नेता बीपी कोइरालाको ३५औं स्मृति दिवसको अवसरमा नेपाली कांग्रेस निकट नेपाली विद्यार्थी संघ गोरखाले अनाथ विद्यार्थीलाई विभिन्न सामग्री सहयोग गरेर मनाएको छ। सदरमुकामका बालमन्दिर माध्यमिक विद्यालयमा अध्ययनरत अनाथ २४ जना विद्यार्थीलाई सहयोग गरी बीपीलाई सम्झना गरेको नेविसंघ गोरखाका सचिव शरण श्रेष्ठले बताए।

नेपाल विद्यार्थी संघ गोरखाका अध्यक्ष रूप बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा कांग्रेसका नेताहरू नन्दप्रसाद न्यौपाने, पूर्ण दाहाल, गोरखा नगरपालिकाका मेयर राजनराज पन्तलगायतले बीपीको समाजवादको चिन्तन कांग्रेसका नेतृत्व र कार्यकर्ताले अझै राम्रोसँग पालना नगरेकाले विकासमा फड्को नमारेको तर्क गरे। उनीहरूले समाजमा आर्थिक तथा राजनीतिक चिन्तन गर्न बीपीको सिद्धान्त अक्षरशः पालना गरे पनि पुग्ने बताए।

## करेन्ट लागेर मृत्यु

पर्वत, (नेस)

विद्युत्को पोल परिवर्तन गर्ने क्रममा करेन्ट लागेर पर्वतमा एकको ज्यान गएको छ। पर्वतको कुस्मा नगरपालिका-१ का खगराज केसीको पोल परिवर्तन गर्ने क्रममा करेन्ट लागेर मृत्यु भएको हो।

मोदी गाउँपालिका-३ जयले गाउँमा काठको ठाउँमा फलामे पोलमा तार टाँग्ने क्रममा अकस्मात् विद्युत् प्रवाह हुँदा शनिबार बिहान केसीको घटनास्थलमा नै ज्यान गएको स्थानीय एकनाथ सुवेदीले जानकारी दिनुभयो। गाउँमा ४ दिनदेखि विद्युत अवरुद्ध रहेको थियो। विद्युत् अवरुद्ध भएका बेला जानकारी दिएरै पोलमा चढेको भए पनि अकस्मात् विद्युत प्रवाह गरिदिएका कारण केसीले ज्यान गुमाउनुपरेको हो।

# निर्वाचनै नहुने खतरा बढ्यो

पर्वत, (नेस)

नेकपा एमालेका स्थायी समिति सदस्य किरण गुरुङले संसद्को म्याद थप्दै जाने हो भने मुलुकमा कहिल्यै संसदीय निर्वाचन हुन नसक्ने ठोकुवा गरेका छन्।


३९औं पुष्पलाल स्मृति दिवसको अवसरमा नेकपा एमाले पर्वतले आयोजना गरेको प्रवचन कार्यक्रममा बोल्दै स्थायी समिति सदस्य गुरुङले निर्वाचन नगरी संसद्को म्याद थप्दै जाँदा निर्वाचनै नहुने खतरा आउने ठोकुवा गरेका हुन्।

'अहिले निर्वाचित सांसदहरूले आफ्नो म्याद बढाउन पाउँदा लगातार बढाउँदै जाने सम्भावना हुन्छ', उनले भने- 'चुनाव नगरी म्याद थप्दै जाँदा यो शृङ्खला अन्त्यहीन रूपमा चल्न सक्छ, मुलुकमा चुनावै नहुन सक्छ।'

उनले रूपान्तरित संसद्को म्याद एक वर्ष थप गर्न नसकिने स्पष्ट गरे। आवधिक निर्वाचन गरी मुलुकमा संविधान कार्यान्वयनको विकल्प नभएको भन्दै स्थायी समिति सदस्य गुरुङले बताए।

## वर्गीकृत डिस्प्ले

बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।



जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

आकर्षक जग्गा विक्रिमा

धोबिघाट स्याकार होण्डा कम्पनीको अपोजिट चक्रपथ ट्राकको एक कित्ता भित्र पिच बाटोमा १८ आना जग्गा विक्रिमा आनाको २५ लाख मात्र। कृपया दलालले कष्ट नगर्नुहोला।

फोन ९८४१२०९८२४

वर्गीकृत डिस्प्ले

आइतबार, मंगलबार, बिहीबार र शुक्रबार रू. १००० ।-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि. भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६ ४२१९६२२, ४२१९४४५

## वर्गीकृत विज्ञापन

डिप्रेशन र माईग्रेनको सफल उपचार !!!

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।

युनिक मेडिटेशन सेन्टर
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

मर्मत

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्टकारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

उपलब्धी सुविधाहरु
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

चाहियो

मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।
खान बस्नको सुविधासहित।
If you are satisfied, tell others
If not tell us.
राजु मो-बाइक कन्सर्न
न्यूप्लाजा, पुतलीसडक, काठमाडौं
फोन नं. ४४३१२८९, ५०१०५५०

बाथ तथा दमको अचुक उपचार

हिमाली जडीबुटीहरुको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।

बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।

दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।

मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि- गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

काठमाडौं

गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६१३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

ललितपुर

हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६१५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

भक्तपुर


सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

२०७४, साउन
आइतबार
८

'ढुंगाहरु झर्न थालेको छ', सेरापले भने- 'धन्न अहिलेसम्म मानिस, खच्चड हिंडेको बेलामा ढुंगा खसेको छैन र कसैलाई केही भएको छैन। माथिबाट खसेको ढुङ्गाले क्यान्टिलिभरपुलको छेउछेउको रेलिङ नै भाँचिदिएको छ। भूकम्पले हल्लाएको पहाड छ अनि बर्खामा पानी परेर होला झर्न थाल्या छ।'




# क्यान्टिलिभर पुलमा जोखिम बढ्यो



सन्तोष अधिकारी, गोरखा

नेपालमै गोरखामा मात्र निर्माण भएको क्यान्टिलिभर पुलमा जोखिम बढेको स्थानीयले बताएका छन्। उत्तरी गोरखाको चुमनुब्री गाउँपालिकाको चुम्चेतको सर्दीभीरमा बनेको क्यान्टिलिभरमै माथिबाट ढुङ्गा खस्न थालेपछि जोखिम बढेको स्थानीय सेराप गुरुङले जानकारी दिए। मनास्लु पदमार्गमा पर्ने सो पुल हुँदै त्यस क्षेत्रका स्थानीयसँगै मनास्लु क्षेत्र घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटकहरूसमेत हिँडडुल गर्ने गर्छन्।

'ढुङ्गाहरू झर्न थालेको छ', सेरापले भने- 'धन्न अहिलेसम्म मानिस, खच्चड हिँडेको बेलामा ढुंगा खसेको छैन र कसैलाई केही भएको छैन। माथिबाट खसेको ढुङ्गाले क्यान्टिलिभरपुलको छेउछेउको रेलिङ नै भाँचिदिएको छ। भूकम्पले हल्लाएको पहाड छ अनि बर्खामा पानी परेर होला झर्न थाल्या छ।' अहिले मानिसहरू एक्लै एक्लै हिँड्न डर भएको उनले बताए। विदेशी दातृ निकाय डिफिडको आर्थिक सहयोगमा सर्दीभीरमा क्यान्टिलिभर पुल निर्माण भएको हो।

गोरखा भूकम्पपछि उत्तरी गोरखाको दुईवटा भीरहरू सर्दीभीर र यारुबगरको भीरमा डिफिडको सहयोगमा नेपालमै पहिलोपटक क्यान्टिलिभर पुल निर्माण गरिएको थियो। 'माथिबाट ढुंगा खस्न थालेको रहेछ', चुमनुब्री गाउँपालिकाका अध्यक्ष धनबहादुर गुरुङले भने- 'अहिले मानिसहरू त्यहींबाटै हिँडिरहेका छन् तर जोखिम बढेको छ। त्यसलाई कसरी रोकथाम गर्न सकिन्छ हामी हेर्दै छौं।'

# कर्णालीको रैथाने बाली संरक्षणमा महिला

नेपाल समाचारपत्र
कालिकोट

कर्णालीको रैथाने बाली उत्पादनमा महिलाहरूको भूमिका प्रमुख रहेको कालिकोटका महिलाहरूले बताएका छन्। कर्णाली कृषि तथा खाद्य सरोकार समूहले गरेको कर्णालीमा खाद्य र खेतीको अहिले अवस्था महिलाको भूमिका अन्तरक्रिया कार्यक्रममा यहाँका स्थानीय महिलाले सो कुरा बताएका छन्।

स्थानीय बाली उत्पादनमा कर्णालीका महिलाले विषेश भूमिका रहेको पुरुषहरू कामका बाहिर जाने महिलाहरूले बालीलगाएतका घर व्यवहार काम गर्नुपर्ने भएकाले स्थानीय बाली उत्पादन र बालीलाई विषादीमुक्त बनाउन महिलाहरूको भूमिका रहेको नेपाल पत्रकार महासंघ कालिकोटका पूर्वअध्यक्ष दिलु बमले बताइन्। 'हाम्रो समाजमा पुरुष कामको खोजीमा घर बाहिर रहने गरेका छन्। स्थानीय बाली उत्पादनमा महिलाहरूको विषेश भूमिका रहेको छ', उनले भनिन्- 'बाली उत्पादन गरेर मात्र भएन। बालीलाई विषादीमुक्त बनाउन पनि जरुरी रहेको छ।'

कर्णालीमा चिनो, कागुनो, दलहन, फलफूलको उत्पादन निकै हुने गरेको त्यसको उचित संरक्षण प्रवर्द्धनमा यहाँका पुरुषहरूभन्दा बढी अगुवा किसानहरू बढी रहेको कर्णाली कृषि तथा खाद्य सरोकार समूहका अध्यक्ष कालीबहादुर मल्लले बताए। 'कर्णालीमा अरू ठाउँमा पाइने र नपाइने सबै प्रकार बाली हुने गरेका छन्', उनले भने- 'त्यो बाली उत्पादनमा यहाँका पुरुषभन्दा बढी महिलाहरूले संरक्षण प्रवर्द्धन र उत्पादन गर्ने गरेका छन्।'

कर्णालीमा रहेका महिलाहरूले बढी कृषि पेसामा निर्भर रहेको यहाँका महिलाहरूले कृषि पेसाबाट जानेर वा नजानेर धेरै फाइदा लिन नसकेको त्यसका लागि कृषि पेसाबाट आत्मनिर्भर महिलाहरू कम भएको र यहाँका महिलाहरूलाई कृषि पेसाबाट नै आत्मनिर्भर बनाउन पहल चाल्नुपर्ने खाँडाचक्र नगरपालिकाका अगुवा किसान तारा गिरीले बताइन्। 'यहाँका सबै महिलाहरू कृषिमा निर्भर रहेका छन्। तर, कृषिमा नै आत्मनिर्भर हुन सकेका छैनन्', उनले भनिन्- 'त्यसका लागि विशेष पहल चाल्न जरुरी छ।'

# चनाखो हुन प्रजिअको आग्रह

डोटी, (नेस)

डोटीका प्रमुख जिल्ला अधिकारीकुमार खड्काले वर्षात्को मौसम शुरू भएकाले जिल्लाबासीले चनाखो हुनुपर्ने बताउनुभएको छ। वर्षात्को समयमा जिल्लामा विभिन्न किसिमका दैवी प्रकोपका घटनाहरू हुन सक्ने भएकाले सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, संघसंस्थाका प्रतिनिधिलगायत जिल्लाबासीलाई चनाखो भएर बस्न आग्रह गर्नुभएको छ।

सामुदायिक विकास केन्द्र (सीडीसी) डोटीले शनिबार जिल्ला सदरमुकाम सिलगढीमा आयोजना गरेको खोज, उद्धार तथा प्राविधिक उपकरणहरू हस्तान्तरण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी खड्काले सो कुरा बताउनुभएको हो।

त्यस्तै जिल्लामा दैवी प्रकोपको घटना घटिहाले तत्काल उद्धारका लागि खटिने एक छुट्टै टिमको व्यवस्था हुनुपर्ने समेत उहाँले बताउनुभयो। जिल्ला दैवी प्रकोप उद्धार समिति तथा जिल्ला आपत्कालीन सञ्चालन केन्द्र डोटीलाई सामुदायिक विकास केन्द्र (सीडीसी) डोटीले खोज, उद्धार तथा प्राविधिक उपकरणहरूसमेत हस्तान्तरण गरेको छ।

कृषि, स्वास्थ्य तथा वैकल्पिक जीविकोपार्जन प्रवर्द्धन (पहल) कार्यक्रमको सहयोगमा उक्त उपकरणहरू वितरण गरिएको हो। वितरण गरिएका उपकरणमा हेल्मेड, कम्प्युटर, टर्चलाइट, बेल्चा, डिजिटल क्यामेरा, ह्यामबर, पाल, लाइफ ज्याकेट, रेस्क्यु डोरी, कुर्सी, टेबल, घडी, दराज, भऱ्याङ तथा म्याट रहेको सामुदायिक विकास केन्द्र डोटीका अध्यक्ष हेमराज जोशीले बताउनुभयो।

उक्त उपकरणहरू करिब एक लाखको रहेको छ। त्यस्तै जिल्ला समन्वय समिति डोटीका प्रमुख कृष्णप्रसाद गौतमले दैवी प्रकोपपीडितलाई संघसंस्थाले संकलन गरेको राहत जिल्ला समन्वय समितिमार्फत् वितरण गरिनुपर्ने बताउनुभयो। सामुदायिक विकास केन्द्र डोटीले आफूले काम गर्दै आएका जिल्लाका अन्य चारवटा गाविसलाई पनि उक्त खोज, उद्धार तथा प्राविधिक उपकरणहरू वितरण गर्ने भएको सो कार्यक्रममा जानकारी दिइएको थियो।

# बेनी–जोमसोम सडक पुनः अवरुद्ध

नेपाल समाचारपत्र
म्याग्दी

हिमालपारिको जिल्ला मुस्ताङलाई जोड्ने एक मात्र राष्ट्रिय राजमार्ग बेनी-जोमसोम सडक पुनः अवरुद्ध बनेको छ। गए रातिदेखि परिरहेको निरन्तरको वर्षासँगै उत्तरी म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ दानाको जलथले र रघुगंगा गाउँपालिका-३ राखुपिप्लेको घुमाउने तालमा आएको पहिरोका कारण सडक अवरुद्ध भएको हो।

मुस्ताङ जिल्ला र म्याग्दीको उत्तरी भेग जोड्ने सीधा सडक सुविधा सम्बन्ध बिच्छेद हुँदा यातायात सेवा बन्द भएको जिल्ला प्रहरी कार्यालय म्याग्दीले जनाएको छ। रातिदेखि परेको वर्षाका कारण शनिबार बिहानैदेखि बेनी-जोमसोम सडक अवरुद्ध भएको म्याग्दीका प्रहरी नायब उपरीक्षक वसुन्धरा खड्काले बताउनुभयो।

अवरुद्ध सडक खुलाउनका लागि दुवै स्थानमा सडक विभागको डोजर स्ट्यान्डबाइ राखिए पनि निरन्तर वर्षा भइरहेको र पहिरो खसिरहेको हुँदा सडक खुलाउन नसकिएको उहाँले जानकारी दिनुभयो। बेनी-जोमसोम सडक अवरुद्ध हुँदा उत्तरी म्याग्दीका विभिन्न क्षेत्रका साथै मुस्ताङको मुक्तिनाथ दर्शन गर्न आएका भारतीय धार्मिक पर्यटकसहितका यात्रु र सर्वसाधारणहरू अलपत्र परेका छन्।

कालीगण्डकी करिडोर योजनाका सुपरभाइजर इन्द्रसिंह शेरचनले तत्कालै बाटो खुल्ने सम्भावना कम रहेको बताउनुभयो। पहिरो खस्ने क्रम रोकिएपछि सडक मर्मतको कार्य शुरू गरिने बताउँदै पैदलयात्रीलाई नारच्याङ हुँदै वैकल्पिक मार्गको प्रयोग गर्न अनुरोध गरिएको उहाँको भनाइ छ। अवरुद्ध सडकखण्ड आसपासमा नेपाली सेना र नेपाल प्रहरीले समेत यात्रुलाई सहज मार्गको प्रयोगमा सघाइरहेका छन्।

वर्षायाममा पटकपटक अवरुद्ध हुने सडक खुलाउन सम्बन्धित गाउँपालिका र अन्य निकायको विशेष पहलमा प्रयास गरे पनि वर्षाकै कारण दैनिकजसो सडकलाई नियमित सञ्चालनमा ल्याउन चुनौती देखिएको छ। सो सडकखण्डअन्तर्गत केही ठाउँमा सडक समेत चर्किएको छ। उत्तरी क्षेत्र हुँदै हिमाली जिल्ला मुस्ताङसँगको सिधा यातायात सम्पर्क विच्छेदलाई लामो समयसम्म रहन नदिनका लागि गाउँपालिकाले सडक विभागको ध्यानार्कषण गराइसकेको जनाएको छ। हाल बेनी-जोमसोम सडकमा बस, जिप, कार, ट्याक्सी, मालबाहक ट्रकलगायत दैनिक २ सयबढी सवारीसाधनहरू गुड्ने गर्दछन्।

# रहस्यमय बन्यो एकै घरका चारको मृत्यु

नेपाल समाचारपत्र
काभ्रे

८ वर्षदेखि बनेपामा होटल व्यवसाय सञ्चालन गर्दै आएको एउटा परिवारका चार जना सदस्य मृत अवस्थामा फेला परेपछि आफन्तहरूले निष्पक्ष छानविनको माग गर्दै आफन्तले आइतबार किटानी जाहेरी दिने तयारी गरेका छन्।

साविक टुकुचा गाविस-८ हालको बनेपा नगरपालिका-२ का हरिभक्त दाहालको परिवार बनेपा नगरपालिका-८ स्थित बसपार्कमा रहेको गौतम भोजनालयभित्र मृत अवस्थामा फेला परेका हुन्। पसलको सटरभित्र ६५ वर्षीय हरिभक्त दाहाल, ६० वर्षीया आमा हरिमाया दाहाल, ३२ वर्षीय छोरा राजाराम दाहाल र २५ वर्षीया छोरी रञ्जना दाहाल मृत अवस्थामा फेला परेका हुन्। उनीहरूको साथमा सेल्फस नामक औषधिका तीनवटा सीसी फेला परेका छन्। शुक्रबार राति ९ बजे फेला परेको मृतकहरूको शव शनिबार दिउँसो ढिलासम्म उठाउन आफन्तले मानेका थिएनन्।

काठमाडौंबाट प्रहरीको सीआईबी टोलीले घटनाको स्थलगत अनुसन्धान गरेपछि आफन्तले मृतक राजाराम दाहालको कान्छी श्रीमती पूजा दाहाललाई नियन्त्रणमा लिन माग गरेका थिए। उनीहरूको मागअनुसार प्रहरीले पूजालाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय बनेपामा राखेपछि आफन्तले शव उठाउन तयार भएका थिए।

शुक्रबार राति नै शवको पोस्टमार्टमका लागि शिर मेमोरियल लैजाने तयारी गरे पनि आफन्तका कारण रोकिएको थियो। प्रहरीले चारै जनाको शव त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा पठाएको जिल्ला प्रहरी कार्यालय काभ्रेका प्रमुख सहकुलबहादुर थापाले जानकारी दिए।


## हार्दिक समवेदना



जन्म
वि.सं. २००६/५/१६ गते


स्वर्गारोहण
वि.सं. २०७४/३/२७ गते

स्व. स्व. मन्दिरा वैद्य

यस ललितपुर उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष श्री सुभाष गोपाल वैद्यज्यूको **श्रीमती मन्दिरा वैद्य**को मिति २०७४/३/२७ गते मंगलबारका दिन असामयिक निधन भएको आज १३औं दिनको पुण्य तिथिमा स्वर्गिय आत्माको चिरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवार प्रति धैर्य धारण गर्ने शक्ति श्री परमेश्वरले प्रदान गरुन भनि हार्दिक समवेदना व्यक्त गर्दछौं।

सविन श्रेष्ठ
अध्यक्ष
तथा
ललितपुर उद्योग वाणिज्य संघ, परिवार

## जिवो ब्रह्मैव नापरः



आविर्भावः
२००३/५/१०

तिरोभावः
२०७४/३/२४
गुरूपूर्णिमा

डा. स्वामी रामानन्द गिरी

देवघाटधाममा अवस्थित महेश सन्यास आश्रम एवं महेश संस्कृत गुरुकुलका संस्थापक अध्यक्ष, प्राच्य दर्शनका कुशल व्याख्याता, संस्कृत वाङ्मयका विशिष्ट विद्वान, सन्तशिरोमणि श्री १००८ डा. स्वामी रामानन्द गिरीज्यु ब्रम्हलीन हुनभएको समाचारले हामी स्तब्ध र मर्माहत भएका छौं। यस दुःखद् घडिमा स्वामीज्युले दिनुभएका अध्यात्मिक सन्देशको स्मरण गर्दै शोक सन्तप्त शिष्यगण एवं शुभेच्छुक सबैमा धैर्य धारण गर्ने र स्वामीज्युको शिवसङ्कल्पलाई सार्थक बनाउने सामर्थ्य प्राप्त होस् भनी भगवान पशुपतिनाथसँग प्रार्थना गर्दछौं।

गुप्तेश्वर महादेव संरक्षण समिति परिवार
बालकोट, सिरुटार, चाङ्गाथली संगमस्थल
सूर्यविनायक नगरपालिका-२, बालकोट

नेपाल सरकार
सिंचाई मन्त्रालय
सिंचाई विभाग
सिंचाई व्यवस्थापन निर्देशनालय
कोशी पम्प, चन्द्र नहर सिंचाई व्यवस्थापन डिभिजन
राजविराज, सप्तरी

## सूचि दर्ता गर्ने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०७४।०४।०८

यस डिभिजनको लागि चालु आ.व. ०७४।७५ मा आवश्यक पर्ने तपसिल वमोजिमका सामान सेवा,पटक पटक वा एकैपटक खरिद गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनी वा व्यक्तिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र फर्म वा कम्पनी दर्ता प्रमाण पत्र, फर्मवा कम्पनी दर्ता नवीकरण प्रमाण पत्र, स्थायी लेखा नम्बर, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र, आ.व. ०७२।७३ सम्मको कर चुक्ता प्रमाण पत्र नोटरी पब्लिकबाट प्रमाणित गराएको प्रतिलिपि संलग्न गरी रितपूर्वकको निवेदन सहित कार्यालय समय भित्र यस व्यवस्थापन डिभिजन कार्यालयमा सूचि दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**

१. स्टेसनरी मालसामानहरु (मसलन्द तथा विविध)।
२. छपाईसम्बन्धि कार्य।
३. काठ तथा स्टीलका फर्निचर तथा फलोरिङ्ग आपूर्ति र मर्मत कार्य।
४. कम्प्युटर, प्रिन्टर, फोटोकापी मेसिन,यूपिएस, आदि मेसनरी तथा ईलेक्ट्रीक सामान मर्मत तथा आपूर्ति।
५. सवारी साधान (जीप, पिकअप, मोटर साइकल, साइकल) आदिको पार्टपूर्जा आपूर्ति तथा तिनको मर्मत सम्बन्धि कार्य।
६. विज्ञापन, सूचना प्रकासन प्रसारण सेवा ।
७. टेलिफोन, नेटवर्क, ईन्टरनेट, ईलेक्ट्रीक लाईन मर्मत तथा विस्तार सेवा।
८. परामर्श सेवा खरिद सम्बन्धि कार्य (कानूनी सेवा, प्राविधिक परामर्श सेवा, जनशक्ति विकास सम्बन्धि सेवा र सिंचाई प्रणालीको मर्मत सुधार तथा क्षमता बृद्धि सम्बन्धि सेवा र नहर मर्मत सम्बन्धि Appraisal Report Preparation & Re-designing Estimate & Tender document preparation work,Partial Map preparation आदि।
९. पम्प हाउसको पम्प मेसिनहरु संचालन गर्न मर्मत सामाग्री मालसामान तथा मर्मत गरि फिटिङ्ग गर्ने कार्य सम्बन्धि सेवा।

डिभिजन प्रमुख

नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
क्षेत्रीय कृषि अनुसन्धान केन्द्र
तरहरा, सुनसरी

## मौजुदा सुची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७४।०४।०८

यस कार्यालयको लागि आ.व. २०७४।०७५ मा आवश्यक पर्ने तपशिलमा उल्लेखित विभिन्न मालसामानहरु खरिद आपुर्ति गर्न र अन्य सेवाहरु लिनका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद-३ नियम १८ बमोजिम मौजूदा सुची (Standing List) तयार गर्नुपर्ने भएकाले सो सम्बन्धी कार्य गर्न योग्यता पुगेका ईच्छुक इजाजत प्राप्त रजिष्टर्ड फर्म, संस्था, कम्पनी व्यक्ति एवं सेवा प्रदायकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र स्वीकृत इजाजतपत्र, फर्मदार्ता तथा नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) वा मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको प्रमाणपत्र र आ.व. २०७२।०७३ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरु सहित आफूले आपूर्ति गर्न चाहेको कारोबारको व्यहोरा तथा सेवा दिने कार्यहरुको छुट्टाछुट्टै विवरण उल्लेख गरी आवेदनमा अनिवार्य रु..१०।०० को टिकट टांसी कार्यालय समयभित्र यस कार्यालयमा सुची दर्ता गर्न हुन यो सुचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | आपुर्ति गर्नू पर्ने मालसामान तथा सेवाको विवरण |
|---|---|
| खरिद तथा आपुर्ति सम्बन्धी | |
| १. | स्टेशनरी सामानहरु (मसलन्द तथा विविध) |
| २. | छपाई सम्बन्धी कार्य । |
| ३. | फार्म मालसामानहरु |
| ४. | फार्म मेशिनरी आपूर्ति सम्बन्धी |
| ५. | दाना सम्बन्धी । |
| ६. | मल विउ, विषादी लगायत अन्य फार्म सामानहरु । |
| ७. | फर्निचर र फिक्चर सम्बन्धी (मेटल तथा काठ) |
| ८. | फ्लोरिंग र फर्निसिंग सामान आपूर्ति सम्बन्धी |
| ९. | ल्याव केमिकल, उपकरण तथा तिनका पार्टपूर्जाहरु । |
| १०. | निर्माण सम्बन्धी सामान आपुर्ति सम्बन्धी (हार्डवेयर एवं रंगरोगन ) |
| ११. | विज्ञापन सम्बन्धि कार्य । |
| १२. | विभिन्न किसिमका मेशिनरी उपकरणहरु, इलेक्ट्रोनिक सामानहरु, र तिनका पार्टपूर्जाहरु । |
| १३. | इलेक्ट्रोनिक्स उपकरणहरु कम्प्यूटर, (डेक्सटप, ल्यापटप), यु.पि.एस. प्रिन्टर (कलर लेजर) फोटोकपि मेशिन, प्रिन्टर टोनर, फ्याक्स,रेफ्रिजेरेटर र सोसंग सम्बन्धित सम्पूर्ण पार्टपूर्जाहरु । |
| १४. | सवारी साधन (मोटरसाइकल, कार, भ्यान, जिप आदि) र सोका पार्टपूर्जाहरु । |
| १५. | डिजल, पेट्रोल, मोविल सम्बन्धी |
| मर्मत तर्फ | |
| १६. | इलेक्ट्रोनिक्स उपकरणहरु कम्प्यूटर, (डेक्सटप, ल्यापटप),यु.पि.एस.प्रिन्टर(कलर लेजर) फोटोकपि मेशिन, प्रिन्टर टोनर, फ्याक्स, क्यामेरा स्क्यानर र सोसंग सम्बन्धित सम्पूर्ण पार्टपूर्जाहरु । |
| १७. | सवारी साधन मर्मत तथा पार्टपूर्जा सप्लाई सम्बन्धी |
| १८. | फर्निचर र फिक्चर सम्बन्धी (मेटल तथा काठ) |
| १९. | फार्म मेशिनरी मर्मत तथा पार्टपूर्जा सप्लाइ सम्बन्धी |
| २०. | विद्यूत सम्बन्धी सामानहरु |
| २१. | निर्माण तथा रंगरोगन सम्बन्धी |
| २२. | धारा पानी मर्मत सम्बन्धी |
| २३. | डिप बोरिंग स्यालो टेयूवेल सम्बन्धी |
| २४. | अन्य सानातिना मर्मत कार्यहरु |

अन्य थप जानकारीका लागि कार्यालयमा वा कार्यालयको फोन ०२५-४७६४६१ मा सम्पर्क गर्नुहोला ।

# विश्व



**युद्धाभ्यास**

पित सागरमा भइरहेको चीन-रुस संयुक्त नौसैनिक अभ्यासका क्रममा गोलाबारी गरिरहेको रुसी नौसैनिक बेडा। उक्त युद्ध अभ्यासमा चिनियाँ नौसेनाको शक्तिलाई पश्चिमा शक्तिले नजिकबाट अवलोकन गरिरहेको जनाइएको छ।

**सजायँ**

सन् २०१२ र २०१४ मा अदालतबाट खारेज भएको मुद्दामा पूर्वप्रधानमन्त्रीको अनुहार बिगारेको आरोप लागेको थाइल्यान्डका चर्चित विपक्षी नेतालाई थाइ सर्वोच्च अदालतले १ वर्षको जेल सजाँय सुनाएको छ।





**विश्व २ मिनेट**

**अमेरिका**

## झोलाको मुल्य १८ लाख

न्युयोर्क , (एजेन्सी)

चन्द्रमाको धुलो टाँस्सिएको एउटा ब्याग एक लिलामीमा १८ लाख अमेरिकी डलरमा बिक्री भएको छ। उक्त ब्याग स्वामित्वलाई लिएर ठूलो कानुनी संघर्ष चलेको थियो। सन् १९६९ मा पहिलो चन्द्रमा मानव अभियानबाट चन्द्र धरातलमा पाइला टेक्ने पहिलो अन्तरिक्ष यात्री निल आर्मस्ट्रंगले बोकेको उक्त झोला सोथबीको लिलाममा बिक्री भएको हो। उक्त लिलाम अन्तरिक्ष यात्रामा प्रयोग भएका वस्तुहरुसँग सम्बन्धित थियो। खरिदकर्ताले आफ्नो परिचय खुलाउन अस्विकार गरेको छ। बिक्रीपूर्व उक्त झोला २० लाखदेखि ४० लाख अमेरिकी डलरसम्ममा बिक्री हुने अनुमान गरिएको थियो।

**टर्की**

## विद्रोही निराश

इस्टानबुल, (एजेन्सी)

सीआईएले सिरियाली विद्रोहीलाई दिँदै आएको हतियार तथा तालिम सहयोग अन्त्य गर्ने ट्रम्प प्रशासनको निर्णयबाट आफूहरु निरास भएको सिरियाली विद्रोही कमान्डरले बताएको छ। उक्त सहयोग पूर्वराष्ट्रपति बाराक ओबामाका पालामा शुरु भएको थियो। तर विद्रोही भित्रै कट्टरपन्थी हावी हुँदै गएपछि लडाइमा कमजोर पर्दै गएको छ। 'हामीलाई साँच्चिनै धोकाको अनुभव भइरहेको छ।' ओसौद अल सार्कियाका जनरल त्लास अल सलामेहले बताए। उक्त समूह फ्रि सिरियन आर्मीसँग आवद्ध रहेको छ। उनीहरुले पूर्वी सिरियामा इस्लामिक स्टेटसँग लड्न सीआईएले समर्थन गरिरहेको तर सरकारसँग पनि लड्नुपरेको बताएका थिए।

**चीन**

## एआईमा १५० अर्ब लगानी

बेइजिङ, (एजेन्सी)

चीनले आगामी केही वर्षमा देशभित्र आर्टिफिसिल इन्टेलिजेन्स उद्योग निर्माणमा करिब १ खर्ब ५० अर्ब डलर लर्च गर्ने योजना बनाएको छ। चीनले भावि प्रविधि क्षेत्रमा विश्वमा नेतृत्वदायी भूमिका रहने अपेक्षा गरेको बेइजिङले जनाएको छ। सन् २०२० सम्ममा चीनले एआई प्रविधि तथा अनुसन्धान परियोजना केन्द्र अन्य प्रमुख देशहरुको समकक्षमा पुग्ने विज्ञान तथा प्रविधि सहायक मन्त्रीले जानकारी दिएको छ। पाँच वर्षमा ठूलो उपलब्धि हासिल भइसक्ने उनले अपेक्षा गरेको छ। सन् २०३० सम्ममा चीन एआईका लागि विश्वकै नयाँ खोजको केन्द्र बन्ने उनले बताए।

**बेलायत**

## नक्कली पुरुषलाई सजायँ

लन्डन, (एजेन्सी)

कृतिम लिंग अर्थात प्रोस्थेटिक पेनिस लगाइ पुरुष भएको धोका दिने एक महिलालाई अदालतले सजायँ दिएको छ। बेलायतमा २७ वर्षकी गेल न्युल्यान्डले दुई वर्षअगाडि अनलाइन एक किर्ते प्रोफाइल बनाएको र त्यसमा उसले आफूलाई पुरुष देखाएकी थिइन्। सन् २०१३ को उक्त घटनालाई लिएर सन् २०१५ मा उनलाई आठ वर्षको सजायँ सुनाइएको थियो। न्यायाधीशको फैसलालाई निष्पक्ष र सन्तुलित नभएको जिकिर गर्दै उक्त सजायँ रद्द गरिएको थियो। तर मुद्दामा भएको पुन सुनवाइमा पीडितलाई नभनिकन प्रोथेस्टिक पेनिसबाट तीनपटक सम्बन्ध राखेकोमा दोषी पाएपछि न्युल्यान्डलाई ६ वर्षको जेल सजायँ दिएको हो।

# १३ वर्षदेखि पर्यावरणको रेखदेख गर्दै दुई पूरक मित्र

बेइजिङ , (एजेन्सी)

पूर्वी चीनको यलीगाउँमा दुई साथी मिलेर विगत १३ वर्षदेखि आफ्नो जीवन पर्यावरणका लागि समर्पण गरेका छन्। जिया हाइसिया र जिया वेन्की हरेक दिन ८ हेक्टरमा फैलिएको जमिनमा रुख रोप्छन् र त्यसको रेखदेख गर्छन्। यसले उनको गाउँलाई बाढीले बचाउने मात्र नभई प्राकृतिक रूपमा रमणीय पनि हुने उनीहरु बताउँछन्।

वास्तवमा उनीहरुको मित्रता पनि विशेष प्रकारको छ। उनीहरुको मित्रता एक अर्काका लागि पुरक बनेका छन्। वेन्कीको दुबै हात छैनन् भने हाइसिया दृष्टिविहीन हुन्। यिनीहरु दुई जना विगत १३ वर्षदेखि एकअर्काको हात र आँखा भएका छन्। यो मित्रतामा एकजनाले हात पाएको छ भने अर्कोले दृष्टी।

दुबैजना प्रत्येक दिन एउटा मुंग्रो र फलामको रड लिएर जंगल जान्छन्। अगाडि वेंक्वी हिँड्छ भने उनको सर्ट समाउँदै हाइसिया पछि लाग्छन्। नदी तर्नुपर्दा हाइसिया, वेंक्वीको पिठमा चढ्छन् र नदी तर्छन्।

उनीहरु दुबै बच्चाबेलामा सँगै स्कुल जान्थे। स्कुलपछि यी दुबै अलग्गिएका थिए। हाइसियाको बच्चा बेलामा एउटा आँखामात्र दृष्टिविहीन थियो। सन् २०००मा एउटा कारखानामा दुर्घटना हुँदा उनी पूरै दृष्टिविहीन बन्न पुगे। वेक्वी तीन वर्षको हुँदा उनले हाइभोल्टेजको तार छोएका थिए, जसका कारण त्यहीबेलादेखि उनले हात गुमाउनुपरेको थियो।





ती दुबैको जिन्दगी उनका परिवारमा निर्भर भइसकेको थियो। हाइसिया पूर्ण रूपमा दृष्टिविहीन भएपछि काम पनि गुमाउनुपर्‍यो र उनी डिप्रेसनमा जान थालेका थिए। उनका छोरा ४ वर्षका मात्र थिए र उनकी पत्नी पनि बिरामी हुन थाले। परिवारको आडभरोसाको अन्तिम आधार पनि समाप्त भइसकेको थियो।

अर्कोतर्फ वेन्की सानैदेखि अरूमा निर्भर थिए। उनी आफ्नो धेरैभन्दा धेरै काम आफैं गर्ने प्रयास गरिरहेको हुन्थे। उनले बिनाहात काम गर्न सिकिसकेका थिए। पढाइ सकिएपछि उनी स्थानीय वन विभागको मद्दतबाट काम गर्न थालेका थिए। उनी बगैंचामा फलफूलको रेखदेख र रुखबिरुवालाई पानी दिन्थे। एक प्रकारले उनले सबै काम सिकिसकेका थिए।

वर्षौंपछि उनीहरुको पुनः भेट भयो। उनीहरुले मिलेर काम गर्ने र पैसा कमाउने सोच बनाए। दुबैलाई रुख बिरुवामा रुची थियो। उनीहरुले सरकारी जमिन भाडामा लिए र त्यहाँ उनीहरुले रुख लगाउन र पर्यावरणको रेखदेख गर्ने योजना बनाए।

हाइसियाका अनुसार यो धेरै कठिन काम हो इन। उनी विकलांग भए पनि आफ्नो परिवारको बोझ बन्न चाहँदैनथे। उनीहरुका अनुसार अर्को दश वर्षमा रुख ठूला भइसक्नेछन् र उनीहरुले पैसा पाउनेछन्। उनीहरुको काम भनेको अहिले धेरैभन्दा धेरै रुख रोप्नु र त्यसको रेखदेख गर्नु हो। विगत १३ वर्षमा उनीहरुले १० हजारभन्दा धेरै रुख रोपिसकेका छन्। जसमा तीन हजार मरिसकेका छन्। तर ८ हेक्टरमा ३ हेक्टर जमिन रुखले भरिएका छन् र थुप्रै पन्छीले त्यहाँ गुँड बसालिसकेका छन्। पहिला उनीहरुबाट टाढै बस्न रुचाएका गाउँलेहरुले पनि उनीहरुलाई साथ दिन थालेका छन्। पहिला उजाड देखिएका नदीका किनारा अहिले हराभरा भएकोमा गाउँले पनि खुसी छन्।

हालै मात्र चिकित्सकहरुले हाइसियाको आँखाको उपचार हुनसक्ने बताएका छन्। उनी दाताको पर्खाइको सूचीमा छन्। हाइसियाले आफ्नो आँखा सद्दे भइसकेपछि पनि आफू वेंक्वीसँग त्यसरी नै पर्यावरणको रेखदेखमा लाग्ने बताएका छन्।

# ह्वाइट हाउस प्रेस सचिव स्पाइसरद्वारा राजीनामा

वासिंगटन, (एजेन्सी)

ह्वाइट हाउसका प्रेस सचिव सेन स्पाइसरले आफ्नो पदबाट राजीनामा दिएको छ। स्पाइसर नयाँ सन्चार निर्देशकको नियुक्तिलाई असन्तुष्ट रहेको न्युयोर्क टाइम्सले जनाएको छ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले वालस्ट्रिटमा आवद्ध लगानीकर्ता एन्थोनी स्केरमुचीलाई सञ्चार निर्देशकमा चयन गरेको छ, जसको आंशिक जिम्मेवारी अहिलेसम्म स्पाइसरले नै बहन गर्दै आइरहेको थियो।

स्पाइसर ह्वाइट हाउसमा क्यामराअगाडि सञ्चार माध्यमहरुलाई राष्ट्रपति ट्रम्पसँग सम्बन्धित कृयाकलापहरको बारेमा जानकारी दिइरहने गरेका थिए, तर हालैका केही हप्तामा उनले क्यामराबाट दूरी बनाइरहेका छन्।

४५ वर्षीय सेन स्पाइसर सञ्चार निर्देशकमा एन्थोनी स्केरमुचीको नियुक्तीलाई पूर्णरूपमा असन्तुष्ट रहेको र उनले यसलाई ठूलो गल्तीका रूपमा लिएको छ। हालैको घटनाक्रम अमेरिकी राष्ट्रपति चुनावमा कथित रूपमा रुसी हस्तक्षेपलाई लिएर जाँच भइरहेको बेला विकशित हुनुले ट्रम्पलाई थप अप्ठ्यारो हुन सक्ने अनुमान गरिएको छ। उक्त छानबिनमा ट्रम्पको प्रचार अभियान टोलीको मस्कोसँग तालमेल रहेको वा नरहेको जाँच भइरहेको छ। यस जाँचका क्रममा कांग्रेसको कमिटीले राष्ट्रपति ट्रम्पका जेठो छोरा डोनाल्ड ट्रम्प जुनियर र ज्वाईंलाई समेत बयानका लागि कमिटीसमक्ष उपस्थित हुन बोलाएको छ।

यसअघि मायक डब्कीले सञ्चार निर्देशकको पदबाट राजीनामा दिएपछि उक्त पदका लागि नयाँ व्यक्तिको खोजी शुरु भएको हो। त्यसबेलादेखि स्पाइसरले प्रेस सचिव र सञ्चार निर्देशकको जिम्मेवारी सम्हाल्दै आइरहेका थिए।

राष्ट्रपति ट्रम्पले चुनावी प्रसारमा रुसी संलग्नता र मस्कोसँगको मिलोमतोको आरोपलाई अस्वीकार गर्दै आइरहेका छन्। तर उनले प्रचार अभियानका क्रममा एक पटक प्रत्यासी हिलारी क्लिन्टनका इमेल ह्याक गर्न रुसलाई आह्वान गरेका थिए।

# अन्तरिक्ष केन्द्रको ड्रोन तस्वीर सार्वजनिक




टोकियो, (एजेन्सी)

जापानको स्पेस एजेन्सीले अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रमा एक ड्रोनको माध्यमबाट खिचिएका तस्वीरहरु जारी गरेको छ।

इन्टरनल बल क्यामरा ड्रोनलाई अन्तरिक्ष यात्रिहरुको तस्वीर तथा भिडियो खिच्नका लागि पठाइएको हो। ड्रोनलाई पृथ्वीबाट नियन्त्रण गरिन्छ र यो शून्य गुरुत्वाकर्षनमा पनि अगाडि बढ्न सक्छ।

अन्तरिक्षमा तैरिँदै गरेको यो सानो लोभ लाग्ने बल जस्तो ड्रोन एक प्रकारको झ्यालजस्तै भएको छ, जसबाट अन्तरिक्ष केन्द्रमा रहेका अन्तरिक्ष यात्रीहरुको जिन्दगीलाई नियाल्न सकिन्छ।

जापान एरोस्पेस एक्सप्लोरेसन एजेन्सीले उक्त ड्रोन जुनमा अन्तरिक्ष केन्द्र पठाइएको तर त्यसले पठाएका तस्वीर र भिडियोमा अहिले मात्र पहिलोपटक जारी गरिएको जानकारी दिए। अन्तरिक्ष एजेन्सीका अनुसार यो ड्रोन कुनै पनि अवस्थामा घुम्न सक्ने र कुनै पनि एंगलमा तस्वीर लिन सक्छ। यो ड्रोनको मुख्य काम भनेको तस्वीर लिनु र भिडियो रिकर्ड गर्नु हो। अहिलेसम्म अन्तरिक्ष यात्री आफ्नो काम र प्रयोगहरुको रिकर्ड गर्न भिडियो तथा तस्वीर खिच्ने काम आफैं गर्दै आइरहेका थिए।

यसमा उनीहरुको कामको कूल समयको १० प्रतिशत समय खर्चिने गरेको स्पेस एजेन्सीले जनाएको छ।

# बिरालो मार्नेलाई १६ वर्षको जेल सजायँ


लस एन्जलस, (एजेन्सी)

अमेरिकी राज्य क्यालिफोर्नियाको सानजोस शहरको एक अदालतले बिरालो मारेको अभियोगमा २६ वर्षीय रोबर्ट फार्मरलाई १६ वर्षको जेल सजायँ ताकेको छ।

उनले बिरालो चोर्ने ,उनीहरुलाई यातना दिने र अन्त्यमा मार्ने गरेको जनाइएको छ। यसरी उनले १८ वटा बिरालो मारेका थिए। अदालतले उनलाई १८ वटा विरालो मारेको अपराधनमा १६ वर्षको जेल सजायँ सुनाएको छ। रोबर्टले आफ्नो अपराध स्विकार गरेका थिए।

सान्टाक्लाराको उच्च अदालतका न्यायाधीशले यस मामिलामा भएको सुनवाइमा मारिएका प्रत्येक बिरालोको नाम पढेर सुनाएका थिए। विशेषज्ञहरुले एक बिरालोबाट यौन उत्पिडनको प्रमाण पनि फेला परेको बताएका थिए। रोबर्टले उक्त अपराध उनले सन् २०१५ मा सानजोसमा गरेको स्विकारेका थिए। सोही वर्षको अक्टोबरमा उनी एउटा मृत बिरालोसँग आफ्नो गाडीमा सुतिरहेको अवस्थामा फेला पारेका थिए। गाडीमा बिरालोको रौं छरिएको थियो।

ती बिरालाहरु सन् २०१५ को पतझड मौसममा सानजोसको क्याम्ब्रियन पार्क क्षेत्रबाट गायब भएका थिए। तीमध्ये थुप्रै मृत अवस्थामा फेला परेका थिए भने केही थुनिएको अवस्थामा भेटिएका थिए। स्थानीयले रोबर्टको बारेमा बताएपछि प्रहरीले उनलाई हिरासतमा लिएर छानबिन गरेका थिए। रोबर्टले जनावरमाथिको अत्याचारका २१ अपराध स्विकार गरे जसमा १८ बिरालो मारेको र तिनीहरुलाई घाइते बनाएको उल्लेख छ।



> स्वास्थ्य चौकी रारालिहिका अहेब एकराज गिरीले भने- 'ग्रामीण क्षेत्रका महिलाहरु हाल बर्थिङ सेन्टरमै प्रसूति सेवा लिन आउने गरेका छन्। यो खुसीको कुरा हो।'

# कांग्रेस बैठकमा निर्वाचनको समीक्षा

**नेपाल समाचारपत्र**

काठमाडौं

हिजो शनिबारदेखि जारी नेपाली कांग्रेस केन्द्रीय समिति बैठकमा स्थानीय तहको पहिलो र दोस्रो चरणको निर्वाचनको समीक्षा भइरहेको छ। बैठकमा बोल्ने अधिकांश केन्द्रीय सदस्यहरुले पहिलो र दोस्रो चरणको समीक्षा गर्दै तेस्रो चरणको निर्वाचनमा आन्तरिक एकताका साथ अघि बढ्नुपर्ने बताएका छन्।

निर्वाचनको समीक्षा एकमात्र एजेन्डा रहेको कांग्रेस बैठकमा शुरूमै प्रधानमन्त्रीसमेत रहनुभएका सभापति शेरबहादुर देउवाले आ-आफ्नो धारणा राख्न अनुरोध गरेपछि केन्द्रीय सदस्यहरुले निर्वाचनको समीक्षा गर्दै आफ्नो भनाइ राखेका थिए।

बैठकमा आफ्नो धारणा राख्ने क्रममा अधिकांश केन्द्रीय सदस्यहरुले गुट उपगुटको आधारमा टिकट वितरण हुनु नै पहिलो र दोस्रो चरणमा अनपेक्षित हार बेहोर्नुको मुख्य कारण भएको बताएका थिए।

शनिबारको बैठकमा केन्द्रीय सदस्यहरु बलबहादुर केसी, महेश आचार्य, फरमुल्लाह मन्सुर, मानबहादुर विश्वकर्मा, भीष्मराज आङदम्बे, आनन्दप्रसाद ढुंगाना, चन्द्र भण्डारी, कमला पन्त, धनराज गुरुङ, महेन्द्र यादव, शंकर भण्डारी, मीन विश्वकर्मा, पार्वती डीसी चौधरी, गुरुराज घिमिरे, प्रदीप पौडेल, कल्याण गरुङ, रामकृष्ण यादव, देवेन्द्रराज कँडेल र सरिता प्रसाईंले धारणा राखेका थिए।

बैठकको शुरुआतमा वरिष्ठ नेता रामचन्द्र पौडेलले पहिलो र दोस्रो चरणको निर्वाचनमा धेरै त्रुटी भयो, अब यसलाई सच्चाएर पार्टी अघि बढ्नुपर्ने बताउनुभएको थियो। अब संसदीय समिति गठन गरेर मात्र टिकट वितरण गर्नुपर्ने भन्दै उहाँले सभापतिलाई पदाधिकारी मनोनयन गर्नुका साथै केन्द्रीय समितिलाई पूर्णता दिन आग्रह गर्नुभएको थियो। नेता पौडेलले पार्टीको केन्द्रीय विभागहरु गठनमा ढिलाइ भइरहेको बारेमा पनि सभापतिको ध्यानाकर्षण गराउनुभएको थियो।

अन्य केन्द्रीय सदस्यहरुले निर्वाचनमा पराजय भोग्नुको कारणबारे बोल्दै उम्मेदवार छनोटमा ढिलाइ भएको, गुटबन्दीका कारण उम्मेदवार छनोट भएका, अन्तरघात मौलाएका, नेतृत्वको चरित्र नसुध्रिएको, पार्टीभन्दा पनि व्यक्ति मात्र निर्वाचनमा होमिएको जस्तो भएको पनि बताएका थिए। बैठकमा बोल्दै केन्द्रीय सदस्य शंकर भण्डारीले भन्नुभयो- 'नेतृत्वमा रहनेले आफ्ना कमीकमजोरी कहिल्यै स्वीकारेनन्।' उहाँले राष्ट्रियताको मुद्दा जनताको घरदैलोसम्म लैजान कांग्रेस चुकेको पनि बताउनुभएको थियो।

## विष्णुमती सफाइ अभियान १५० हप्तामा

काठमाडौं, (नेस)

स्वयंसेवा र वातावरण संरक्षणका लागि सरकार र नागरिकको संयुक्त प्रयासका रुपमा सञ्चालित विष्णुमती सफाइ अभियान संस्कृति र सभ्यता धरोहर हाम्रो विष्णुमती स्वच्छ र हराभरा बनाउने उद्देश्यले निरन्तर रुपमा सञ्चालित 'विष्णुमती सफाइ अभियान १५० औं सप्ताह'मा शनिबार नेपाल प्रहरीको समेत सहभागिता रहेको छ।

महानगरीय प्रहरी कार्यालयका निमित्त प्रहरी आयुक्त प्रहरी नायब महानिरीक्षक बमबहादुर भण्डारी, ट्राफिक प्रहरी महाशाखाका प्रमुख प्रहरी नायब महानिरीक्षक मिङमार लामालगायतका प्रहरी अधिकृत तथा जावनहरुको उक्त सफाइ अभियानअन्तर्गत गोंगबु नयाँबसपार्कस्थित विष्णुमतीमा सहभागिता रहेको हो।

साथै प्रहरी प्रधान कार्यालय विपद् व्यवस्थापन महाशाखा, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगन्ज, नेपाल प्रहरी संगीत विद्यालय, लागू औषध नियन्त्रण ब्युरो, सशस्त्र प्रहरी गण नम्बर १ नक्साल, केन्द्रीय प्रहरी विशेष कार्यदल, नेपाल प्रहरी अस्पताल महाराजगन्ज र महानगरीय प्रहरी कार्यालय रानीपोखरीबाट खटिएका प्रहरी अधिकृत तथा जवानहरुले बसपार्कस्थित सडक तथा विष्णुमती क्षेत्रमा सरसफाइ गरेका हुन्।

सफाइ अभियान कार्यक्रममा राजनीतिकर्मी, सञ्चारकर्मी, समाजसेवी, विभिन्न सरकारी तथा गैरसरकारी संस्थाका पदाधिकारीहरु तथा प्रतिनिधिहरु, स्थानीयबासीको समेत सहभागिता रहेको थियो।

# विकाससँगै अपराध मौलायो

**नेपाल समाचारपत्र**

काठमाडौं

'अपराध न्यूनीकरणका लागि स्थानीय तह, सामुदायिक सेवा केन्द्र र सामुदायिक प्रहरी सेवाको बारेमा बारेमा छलफल कार्यक्रम आयोजना गरिएको छ।

सो अवसरमा प्रहरी महानिरीक्षक प्रकाश अर्यालले विकास र परिवर्तनसँगै समाजमा देखापर्ने जटिलता अपराध तथा नकारात्मक पक्षहरुलाई निर्मूल पार्ने कार्यमा प्रहरीको नेतृत्वदायी भूमिका रहने उल्लेख गर्दै शान्ति सुरक्षाको बहाल, दण्डहीनताको अन्त्य तथा मानवअधिकारको रक्षाका लागि नेपाल प्रहरीलाई नागरिक समाज, राजनीतिक दलहरु र समुदायको सहयोग, विश्वास र सहकार्यको आवश्यकता पर्ने उल्लेख गर्नुभयो।

सुरक्षा अनुत्पादक क्षेत्र होइन भन्दै प्रहरी महानिरीक्षक अर्यालले विकास तथा आर्थिक उन्नतिलाई आफ्नो एजेन्डाको रुपमा जनताको सामु लैजाँदा सुरक्षालाई पहिलो प्राथमिकता दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले अपराध न्यूनीकरणका लागि प्रहरीसँग सहकार्य गर्न महानगरपालिका तयार रहेको उल्लेख गर्दै सामुदायिक प्रहरीलाई आवश्यक स्रोतसाधनको व्यवस्था गर्न आफू तयार रहेको बताउनुभयो। सुरक्षित शहर बनाउने अभियानमा प्रहरीको सहयोग अति आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो।

उक्त अवसरमा ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले सामुदायिक प्रहरीले ज्यादै राम्रो काम गर्दै आएको उल्लेख गर्दै यसको स्तरोन्नतिसमेत गर्नुपर्ने बताउनुभयो। अबको ५ वर्षभित्रमा ललितपुरका प्रत्येक वडामा सामुदायिक प्रहरी सेवा केन्द्र स्थापना गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो।

उक्त अवसरमा नगरपालिकाका मेयरहरुका तर्फबाट मध्यपुर ठिमी नगरपालिकाका मेयर मदनसुन्दर श्रेष्ठ, उपमेयरहरुका तर्फबाट गोकर्णेश्वर नगरपालिकाकी उपमेयर शान्ता नेपाल र सामुदायिक सेवा केन्द्रका तर्फबाट सामुदायिक सेवा केन्द्र नक्सालका अध्यक्ष नरेन्द्र श्रेष्ठले मन्तव्य व्यक्त गर्नुभएको थियो।

महानगरीय प्रहरी कार्यालयका निमित्त प्रहरी आयुक्त प्रहरी नायब महानिरीक्षक बमबहादुर भण्डारीले धन्यवाद ज्ञापन गर्नुभएको उक्त कार्यक्रममा सामुदायिक सेवा उपत्यका समन्वय परिषद्का तर्फबाट विद्याराज घिमिरेले स्वागत मन्तव्य तथा प्रहरी नायब उपरीक्षक राजेन्द्र पोखरेलले सामुदायिक प्रहरीको परिचय, कार्यक्रमको एजेन्डा, उद्देश्य र सामुदायिक सेवाबाट भइरहेका गतिविधिसम्बन्धी जानकारी दिनुभएको थियो।

# कर्मचारीलाई स्थानीय तहमा खटाउने कार्य सम्पन्न

**विष्णु तिमिल्सिना, बर्दिया**

बर्दिया जिल्लास्तरका विभिन्न कार्यालयहरूमा कार्यरत कर्मचारीहरूलाई ८ वटै स्थानीय तहका कार्यालयमा खटाउने कार्य करिब सम्पन्न भएको छ। ६ वटा नगरपालिका र २ वटा गाउँपालिकाका लागि बर्दिया जिल्लाका विषयगत कार्यालयहरूमा कार्यरत कर्मचारीहरूलाई स्थानीय तहमा खटाउने कार्य करिब सम्पन्न भएको जिल्लास्तरीय कर्मचारी व्यवस्थापन समितिका संयोजक प्रमुख जिल्ला अधिकारी विष्णुबहादुर थापाले जानकारी गराउनुभएको छ।

कर्मचारी खटाउने क्रममा पहिलो चरणमा स्वास्थ्य, कृषि, पशुसेवा र शिक्षा कार्यालयबाट २/२ जनाका दरले सबै गाउँ/नगरपालिकामा पठाइएको छ। दोस्रो चरणमा महिला तथा बालबालिका कार्यालय र जिल्ला समन्वय समितिमा कार्यरत कर्मचारीलाई खटाइएको हो।

बर्दियाका ८ वटै तहका ७५ वडा कार्यालयमध्ये ३३ वडामा वडा सचिवहरू कार्यरत रहेका छन्। बाँकी ४२ वटा वडा कार्यालय सञ्चालनका लागि वडा सचिवका रूपमा प्रशासनिक जनशक्ति कमी भएकाले सामान्य प्रशासन मन्त्रालयमा कर्मचारी पठाइदिन जानकारी पठाइएको प्रमुख जिल्ला अधिकारी थापाले बताउनुभयो।

विषयगत कर्मचारीलाई पनि आफ्नो विषयका अतिरिक्त वडा कार्यालय सञ्चालनका लागि सल्लाह दिइएको प्रजिअ थापाले बताउनुभयो।

स्थानीय तहमा कर्मचारी जान इच्छा नदेखाएका, स्थानीय तहमध्ये गुलरिया नगरपालिका, बाँसगढी नगरपालिका र जिल्ला समन्वय समितिमा रहन धेरै जनाको चाहना गरेका कारण आपसी सहमति गराई कर्मचारी पठाउन केही दिन ढिलो हुन गएको जिल्ला प्रशासन कार्यालय बर्दियाले जनाएको छ।

जिल्ला समन्वय समितिका करार तथा अस्थायी कर्मचारीलाई स्थानीय तहमा पठाउँदा सम्बन्धित नगर/गाउँपालिकाले ४ जनालाई फिर्ता पठाइदिएका छन्। अस्थायी तथा करार कर्मचारी आवश्यकताअनुसार आफै भर्ना गर्छौं भनी फिर्ता गरिदिएकाले चारजना सहयोगी कर्मचारीलाई जिल्ला समन्वय समितिमा ठाडो हाजिरी गराई राखिएको कुरा जिल्ला समन्वय समितिका सचिव तेजराज शर्माले बताउनुभयो।

राज्यको पुनर्संरचना गर्दा स्थानीय तहमा जिल्लास्तरका कार्यालयहरूको अधिकार स्थानान्तरण भई ती कार्यालयबाट हुने कार्यहरू स्थानीय तहबाटै हुने भएकाले जिल्लाका विषयगत कार्यालयका कार्यालय प्रमुख र कार्यक्रम प्रमुखहरू निरास भएको पाइएको छ।

## महाकाली राजमार्ग पुनः सञ्चालनमा

बैतडी, (नेस)

गएराति परेको पानीले सडकमाथिबाट पहिरो खस्दा अवरुद्ध भएको महाकाली राजमार्ग शनिबार अपराह्नदेखि पुनः सञ्चालनमा आएको छ।

बैतडीको सतवाभ्रुदेखि-गोकुलेश्वर सडकखण्डअन्तर्गत पर्ने डिलाशैनी-६ बांगाबगरमा पहिरो जाँदा यातायात अवरुद्ध बनेको सडक स्थानीय बासिन्दा र प्रहरीले पन्छाएपछि सडक पुनः सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय, बैतडीका प्रहरी निरीक्षक कमल विष्टले जानकारी दिनुभयो।

बांगाबगरमा माथिबाट आएको पहिरोका कारण सडक अवरुद्ध हुँदा यातायात पूर्णरूपमा बन्द भएको थियो। सडक सुचारु भएपछि बैतडीबाट बाहिरिने र भित्रिने लामो तथा छोटो दूरीका यातायातका साधन गन्तव्यतिर लागेका छन्।

सडक अवरुद्ध हुँदा काठमाडौं, महेन्द्रनगर, धनगढी, डडेल्धुरा, दार्चुला, बैतडी सदरमुकामका लागि छुटेका तथा जिल्ला भित्रिन लागेका यात्रु अलपत्र परेका थिए।

# ग्रामीण बर्थिङ सेन्टरमा सुत्केरी, मातृमृत्यु दर शून्य

**नन्दराम जैशी, जुम्ला**

स्वास्थ्य चौकी रारालिहिमा सञ्चालित जुम्लाकै पहिलो ग्रामीण बर्थिङ सेन्टरमा ५९ जनाले सुत्केरी गराएका छन्। तिला गाउँपालिका-२ मा अवस्थित रारालिहि बर्थिङ सेन्टरबाट आर्थिक वर्ष २०७३/०७४ मा ५९ जना ग्रामीण जुम्ली महिलाले प्रसूति सेवा लिएका हुन्। ग्रामीण क्षेत्रका गर्भवती महिलाको सेवाका लागि २०६५ देखि सञ्चालनमा आएको उक्त बर्थिङ सेन्टरबाट प्रसूति सेवा लिने महिलाहरुको संख्या बिस्तारै बढ्दै गएको छ।

बर्थिङ सेन्टरमा दक्ष चिकित्सकसहित उपकरणहरुको पनि व्यवस्थापन हुनथालेपछि अघिल्ला वर्षहरुको तुलनामा गत वर्षदेखि ह्वात्तै प्रसूति सेवा लिनेको संख्या बढेको हो। बर्थिङ सेन्टर व्यवस्थित बन्दै गएपछि चालु आर्थिक वर्षमा पनि प्रसूति सेवा लिनेको संख्या पनि बढ्ने देखिन्छ।

यता रारालिहिकी महिला स्वास्थ्य स्वयंसेविका हरिशोभा रावतले गर्भवती महिलाहरुलाई सरसल्लाह दिएर स्वास्थ्य संस्थामा चेकजाँच तथा उपचारका लागि जान अनुरोध गर्ने गरेको बताइन्। उनले भनिन्- 'जन्मान्तर कम गर्ने उद्देश्यले गाँउमा महिला तथा पुरुषहरुलाई पहिले अस्थायी साधन वितरण गर्ने गर्दछौं।' यदि गर्भ रहेमा पनि स्वास्थ्य संस्थामै चेकजाँच र प्रसूति सेवा लिन पठाउने गरेको उनको भनाइ छ।

स्वास्थ्य चौकी रारालिहिका अहेब एकराज गिरीले भने- 'ग्रामीण क्षेत्रका महिलाहरु हाल बर्थिङ सेन्टरमै प्रसूति सेवा लिन आउने गरेका छन्। यो खुसीको कुरा हो।' पहिले घरमै सुत्केरी गराउने प्रचलन थियो। त्यसले गर्दा कयौं आमा तथा नवजात शिशुले ज्यान गुमाउनुपर्थ्यो। जनचेतनाका कारण हाल त्यसको ठीक उल्टो भएको भन्दै सुरक्षित प्रसूति सेवा नपाएर अकालमा मर्ने मातृ तथा शिशु मत्युदर शून्यमा झरेको उनले बताए। तत्कालीन घोडेमहादेव, मालिकाठाँटा र रारालिहिलगायतका छिमेकी गाविसका गर्भवती महिलाहरुले बर्थिङ सेन्टरबाट प्रसूति सेवा लिएको उनले जानकारी दिए।

उनले भने- 'बर्थिङ सेन्टरमा अहिले औषधि उपकरण र दक्ष स्वास्थ्यकर्मीको अभाव छैन। हामीले निरन्तर सेवा दिइरहेका छौं। तर हिउँदे सिजनमा चिसो र विभिन्न कारणले स्वास्थ्यकर्मीहरु बिदामा बस्ने गर्दा गुणस्तरीय सेवा प्रवाहमा कमी भएको महसुस हुन्छ।' त्यसको अन्त्यका लागि लागिपरेको बताउँदै स्वास्थ्य चौकीमा रहेको १० जनाको दरबन्दी कोटा पूरा भएको उनको भनाइ छ।

बर्थिङ सेन्टरमा प्रसूति गर्न नसक्ने बिरामीलाई तत्काल कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रिफर गर्ने गरिएको छ भने हाल हरेक वडा र गाउँस्तरसम्म स्ट्रेचर वितरण गरिएको छ।

## *शिक्षा...*

*उहाँले भन्नुभयो- 'मागलाई सम्बोधन गर्न हामीले शुक्रबार ३ दिने अल्टिमेटम दिएका छौं, आइतबारसम्म पनि हाम्रो माग पूरा गरिएन भने हामी कडा आन्दोलनमा उत्रनेछौं।'*

*उहाँले माग पूरा नभए सम्पूर्ण काम ठप्प पार्नेसम्मको आन्दोलन गर्ने चेतावनी दिनुभयो। 'हामी चरणबद्ध आन्दोलन गर्नेछौं, त्यसमा कालोपट्टी बाँध्नेदेखि काम ठप्पसम्मको हुनसक्छ।' -उहाँको भनाइ थियो।*

*उहाँले अहिले नै कामै ठप्प गर्ने आन्दोलनको पक्षमा नरहेको तर मागको विषयमा कुनै सुनुवाइ हुँदैन भने जस्तोसुकै कठोर आन्दोलन गर्न बाध्य हुने बताउनुभयो।*

*शुक्रबार शिक्षाका विभिन्न १७ वटा कार्यसमितिको बैठकले आधिकारिक ट्रेड युनियनको अगुवाइमा स्थानीय तहमा कर्मचारी खटनपटनको सम्बन्धमा पटकपटक ज्ञापनपत्र दिँदासमेत सुनुवाइ नभएपछि ३ दिने अल्टिमेटम दिएको थियो।*

*हाल शिक्षा मन्त्रालयअन्तर्गत २ हजार ७ सय २ कर्मचारी, १ हजार ५३ स्रोत व्यक्ति, १ हजार ४ सय ७० शिक्षा सेवाका कर्मचारी छन्। ४ सय ४० उपसचिवमध्ये ७५ जनालाई स्थानीय सरकार मातहत खटाइसकेको छ। तर ती कर्मचारीहरू हालसम्म कार्यालय पुगेका छैनन्।*

***पूर्वका सबै जिशिअद्वारा वरिष्ठताको माग***

*पूर्वाञ्चलका ३५ जिल्ला शिक्षा कार्यालयका जिल्ला शिक्षा अधिकारी, निमित्त जिल्ला शिक्षा अधिकारी, सहायक जिल्ला शिक्षा र अधिकृतहरूले वरिष्ठताको आधारमा सरुवा गर्न माग गरेका छन्।*

*हिजो शनिबार विराटनगरमा भएको भेलाले शिक्षा मन्त्रालयले मनपरीरूपमा गरेको निर्णय सच्याउन माग गरेका छन्। बैठकमा पूर्वाञ्चलका क्षेत्रीय शिक्षा निर्देशकको समेत सहभागिता रहेको थियो। निर्देशकले निर्णय वरिष्ठताको आधारमा कर्मचारी व्यवस्थापन गर्न आग्रह गर्नुभयो।*

## *मधेस...*

*विश्लेषक सीके लाले पनि उक्त विषयमा जोड दिए। लालले मधेसवादी दलका नेताहरुमा पनि कमीकमजोरी रहेको बताउँदै त्यसलाई सुधार्न आवश्यक रहेको औंल्याउनुभयो। मधेसको आन्दोलन समाप्त नहुने बताउँदै लालले अहिलेका मधेसवादी दलले मधेसको माग पूरा गराउन नसके अर्को आन्दोलन हुने बताउनुभयो।*

*राजपा नेता महेन्द्र यादवले पनि संयुक्तरुपमा आन्दोलन गर्न आफूहरु तयार रहेको बताउनुभयो। उहाँले आन्दोलनले नै मधेसको माग पूरा हुने बताउँदै राजपा त्यसका लागि तयार रहेको दाबी गर्नुभयो।*

*सोही कार्यक्रममा माओवादीका मधेसी नेताहरुले आफूहरु स्वायत्त मधेस एक प्रदेशको पक्षमा रहेको बताउनुभएको छ।*

*यता मधेसी मधेसका बारे वैकल्पिक इतिहास लेख्न आवश्यक रहेको वक्ताहरुले बताएका छन्। तराई मधेस राष्ट्रिय परिषद्ले शनिबार नै काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा मधेसका बारे भ्रम फैलाइएको भन्दै वैकल्पिक इतिहास लेखन आवश्यक रहेको निष्कर्ष निकालिएको छ।*

*छलफलमा लेखक युग पाठकले नेपालको इतिहास एकतर्फी रहेको बताउँदै अन्य कोणबाट पनि लेखन हुनुपर्ने सुझाउनुभयो। त्यस्तै, विश्लेषक तुलानारायण साहले पनि वर्तमान राज्य भ्रमित मानसिकताबाट गुज्रिरहेको बताउँदै इतिहासको पुनर्व्याख्या र लेखन हुनुपर्ने बताउनुभयो।*

## *माओवादी...*

*माओवादी केन्द्रले जारी मतदाता नामावली संकलनको कार्यमा ध्यान दिने बताउँदै वैदेशिक रोजगारीमा रहेका नेपालीहरूलाई पनि मतदानको व्यवस्था गराउनका लागि निर्वाचन आयोगसँग आग्रह गर्ने निर्णय गरेको नेता चौलागाईंले बताउनुभयो। बैठकले आगामी भदौभित्र जनवर्गीय संगठनहरूको सम्मेलन सम्पन्न गर्ने निर्णय गरेको छ।*

*बैठकले माओवादीबाट विभाजित भएर अगल पार्टी गठन गरेका मोहन वैद्य, बाबुराम भट्टराई, नेत्रविक्रम चन्दलाई पार्टी एकताका लागि अपिल गर्ने निर्णय गरेको छ। प्रचण्डको भनाइ उद्धृत गर्दै नेता चौलागाईंले भन्नुभयो- 'विभाजित माओवादीसँग पुनः पार्टी एकताको सम्भावना राम्रो देखिएको छ।'*

*त्यसैगरी यसअघि नै महाधिवेशनको मिति तोकेको माओवादी केन्द्रको महाधिवेशन अब तीन तहकै निर्वाचनपछि मात्र हुने भएको छ। निर्वाचनअघि महाधिवेशन गर्ने सम्भावना नभएको निष्कर्ष माओवादीले निकालेको छ।*

*निर्वाचनमा पार्टी पराजय भोग्नुपरेको भन्दै नेताहरूले असन्तुष्टि जनाएपछि अध्यक्ष प्रचण्डले चार कारणले स्थानीय तहको निर्वाचनमा अहिलेको सिट ल्याउन सम्भव भएको बताउनुभयो। प्रचण्डको भनाइ उद्धृत गर्दै नेता चौलागाईंले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'पार्टी एकताले हौसला बढायो, यसले कार्यकर्तामा उत्साह जगायो, संविधान निर्माण र कार्यान्वयमा पार्टीले भूमिका खेल्यो, मेरो नेतृत्वको सरकारले देश र जनताको पक्षमा काम गर्‍यो, निर्वाचनमा पोलिटब्युरो सदस्यहरूको परिचालनले प्रभाव पार्‍यो।'*

## *लक्ष्य...*

*समयमा पुल निर्माण कार्य सम्पन्न हुन नसक्दा यात्रु र सवारीसाधनहरू निकै मारमा पर्ने गरेका छन्। सरकारले पुल निर्माण कार्य द्रुत गतिमा अघि बढेको बताए पनि व्यवहारतः ठेकेदारको लापरबाही र समयमा पर्याप्त बजेट आइनपुग्दा दर्जनौं पुलहरू अलपत्र अवस्थामा छन्।*

*निर्माणका लागि चाहिने सामग्रीहरू ढुवानी र वर्षात्याममा काम रोकिएकाले निर्माणको काम ढिलाइ भएको ठेकेदार कम्पनीले बताएका छन्। पुल बनाउन आवश्यक पर्ने प्रस्तावित बजेट अर्थ मन्त्रालयले समयमा नदिँदा पनि अप्ठ्यारो भएको सडक विभागले बताएको छ।*

Government of Nepal
Ministry of Irrigation
Department of Irrigation
Eastern Regional Irrigation Directorate
**Irrigation Development Division, Panchthar**

**AMENDMENT ON INVITATION OF BID**

This is with reference to the notice published on 14 July, 2017 (2074/03/30) in "Nepal Samachaar Patra" (नेपाल समाचारपत्र दैनिक) daily newspaper and **website www.bolpatra.gov.np**. There has been following amendment **in Clause No. 1** of Notice. All the concerned are informed to refer to the amendment notice.

1. Irrigation Development Division (IDD), Panchthar invites sealed bids or electronic bids from eligible bidders for the construction of the following works through Single Stage, Two Envelope Bidding Procedure following National Competitive Bidding procedures.

| S.N. | Contract No | Name of ISP | Name of the works | Bid Security (NRs) | Cost of Bid Documents |
|---|---|---|---|---|---|
| 1 | MIP/BLLISP-IDDPanchthar/NCB-04/073/074 | Baghkur Lunglewa ISP,Phidim Municipality-9, Panchthar | Construction of Canal and canal Structures. | 6,00,000.00 | 5,000.00 |

Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document. The **"Letter of Technical Bid"** submitted with Technical Bid, and the **"Letter of Price Bid"** submitted with Price Bid in separately sealed envelopes must be signed by authorized signatory.

**Division Chief**



# अर्थ

> साताको बजारको प्रकृति हेर्दा आर्थिक वर्ष अन्तिमको सिजनल इफेक्ट देखिएको पुष्टि भएको देखिएको छ। साताको पछिल्लो दिनमा आएको गिरावटले बजार यही गतिमा अगाडि बढ्ला भन्नेमा त्रास सिर्जना गराउँछ।


ज्योति

## हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • ५०० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

JAGDAMBA STEEL
देशको मेरुदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
|---|---|---|---|---|
| काठमाडौं | ७६ | ७३ | ७६ | ७६ |
| सिमरा, बिरगंज, कलैया | ७४/४० | ७१/४० | ७४/४० | ७४/४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ७५/४० | ७२/४० | ७५/४० | ७५/४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ७६/९५ | ७३/९५ | ७६/९५ | ७६/९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ७५/१० | ७२/१० | ७५/१० | ७५/१० |
| पोखरा, स्याङ्जा | ७५/६० | ७२/६० | ७५/६० | ७५/६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।

JAGDAMBA E Fe 500 NS:191
EARTHQUAKE RESISTANT REBAR
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।



## काठमाडौं सुनचाँदी व्यवसायी संघको १५औं साधारणसभा सम्बन्धी सूचना

काठमाडौं सुनचाँदी व्यवसायी संघको यही मिति २०७४/०४/२१ गते शनिबार निम्न स्थान, समय र मितिमा १५औं वार्षिक साधारण सभा हुन गइरहेको हुँदा सम्बन्धित सदस्य महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
सभा हुने मिति : २०७४ श्रावण २१ गते, शनिबार
सभा हुने समय : बिहान ८:०० बजेदेखि १२:०० बजेसम्म ।
स्थान : Yellow Pagoda, Jamal, Kathmandu.


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७४ साउन ८ जुलाई २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० का रु. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रु. | १०२।६४ | १०३।२४ |
| युरो १ का रु. | ११९।५२ | १२०।२२ |
| पाउन्ड स्टर्लिङ १ का रु. | १३३।४७ | १३४।२५ |
| स्विस फ्रन्क १ का रु. | १०७।९८ | १०८।६२ |
| अस्ट्रलियन डलर १ का रु. | ८१।३५ | ८१।८३ |
| क्यानाडियन डलर १ का रु. | ८१।६४ | ८२।१२ |
| सिङ्गापुर डलर १ का रु. | ७५।२१ | ७५।६५ |
| जापानी यन १० का रु. | ९।१९ | ९।२४ |
| चिनियाँ युआन १ का रु. | १५।१६ | १५।२५ |
| साउदी अरब रियाल १ का रु. | २७।३७ | २७।५३ |
| कतारी रियाल १ का रु. | २७।९३ | २८।०९ |
| थाई भाट १ का रु. | ३।०७ | ३।०९ |
| सं. अरब इमिरट दिराम १ का रु. | २७।९५ | २८।११ |
| मलसियन रिङ्गिट १ का रु. | २३।९६ | २४।१० |
| दक्षिण कारियन वन १०० का रु. | ९।१८ | ९।२३ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रानर १ का रु. | १२।४५ |
| डनिस क्रानर १ का रु. | १६।०७ |
| हङकङ डलर १ का रु. | १३।१४ |

**नोटः** वर्तमान व्यवस्था अन्तर्गत वणिज्य बैङ्कहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# साढे ८ लाख पर्यटक नेपाल भित्रिए

दीपेन्द्र थापा, काठमाडौं

आर्थिक वर्ष २०७३/७४ मा करिब साढे आठ लाख पर्यटक नेपाल भित्रिएका छन्। अध्यागमन विभागका अनुसार गत आवमा ८ लाख ४५ हजार १ सय ४७ पर्यटकले नेपाल भ्रमण गरेका छन्। भूकम्प र नाकाबन्दीपछि सुस्ताएको नेपालको पयर्टन बजार पुनः लयमा फर्किने क्रममा रहेको छ।

गत आर्थिक वर्षमा पर्यटकको उच्च आगमनले सरकारले पर्यटक भित्र्याउने लक्ष्यको नजिक पुगेको सरोकारवाला बताउँछन्। पर्यटनविज्ञ प्रचन्डमान श्रेष्ठका अनुसार अघिल्ला दुई वर्ष नेपालको पर्यटन क्षेत्रका निम्ति निराशाजनक रह्यो तर अब विस्तारै लयमा फर्किने संकेत गरेको छ।

नेपाल समाचारपत्रसँग कुरा गर्दै श्रेष्ठले भन्नुभयो-'हामीले प्रचारप्रसार र पर्यटकलाई सहज वातावरण दिएर सकरात्मक सन्देश प्रवाह गर्न सक्यौं भने आगामी वर्ष १० लाख पर्यटन भित्र्याउन सकिन्छ।'

पर्यटक आगमनमा वृद्धि हुँदै गएको अध्यागमन विभागका अधिकृत कृष्ण सापकोटाले बताउनुभयो। 'हाम्रो आँकडा हेर्दा विस्तारै पर्यटक आगमनमा वृद्धि भइरहेको छ। आउँदा वर्षमा पर्यटकको संख्या थप बढ्ने आशा गर्न सकिन्छ।' सापकोटाले भन्नुभयो।

भारतमा पाँच सय र हजार दरका नोटमा प्रतिबन्ध लागेपछि पछिल्ला दुई महिनायता नेपाल भ्रमणमा आउने भारतीय पर्यटकको संख्यामा कमि आएको होटल एसोसिएसन अफ नेपाल (हान) का महासचिव बिनायक शाहले बताउनुभयो। उहाँले भन्नुभयो-'भारु नोट प्रतिबन्धको समयमा नै नेपालमा भारतीय पर्यटकको आगमन बढी हुने समय पनि हो।' उहाँका अनुसार भारु प्रतिबन्धको प्रत्यक्ष असर होटल व्यवसाय र क्यासिनोमा समेत देखिएको छ।

अध्यागमन विभागको आँकडा अनुसार नेपाल घुम्न आउने पर्यटकमा भारतीयको संख्या उल्लेख्य छ। आर्थिक वर्षमा भारतबाट मात्रै १ लाख ४६ हजार ४५६ जना पर्यटक नेपाल भ्रमणमा आएका छन्। चीनबाट १ लाख ७ हजार ३५९ जना पर्यटक आएका छन्।

यसैगरी अमेरिकाबाट ६२ हजार ३०४ र श्रीलंकाबाट ५८ हजार ७८७ जना र पर्यटक नेपाल भ्रमणमा आएका छन्। बेलायतबाट ५१ हजार ३४२ जना नेपाल आउँदा थाइल्यान्डबाट ३१ हजार १७८ जना सन् २०१६ मा नेपाल घुम्न आएका छन्। आर्थिक वर्षको अन्त्यतिर पर्यटनका आगमनमा वृद्धि भएको देखिन्छ।

वर्ष सन् २०१६ मा ७ लाख २९ हजार ५५० पर्यटक नेपाल भित्रिएको तथ्यांक विभागसँग रहेको छ। यो संख्या अघिल्लो वर्षको तुलनामा ३६ दशमलव ११ प्रतिशतले बढी हो। सन् २०१५ मा ५ लाख ३६ हजार पर्यटकमात्रै नेपाल भित्रिएका थिए।

सन् २०१४ मा पर्यटक आगमनको संख्या भने झन्डै ८ लाख थियो। सरकारले सन् २०२० सम्ममा २० लाख पर्यटक ल्याउने योजना सार्वजनिक गरेको छ। यो संख्यामा पर्यटन भित्र्याउन नेपाल पर्यटन बोर्डले धेरै प्रचार प्रसारमा जोड दिनुपर्ने पर्यटक व्यवसायीको सुझाव छ। आगमन बढाउनकै लागि २०१७ लाई युरोपका देशमा नेपाल घुम्ने वर्षको अभियान शुरू भइसकेको बोर्डले जनाएको छ। यसले पनि पर्यटक आगमनमा केही वृद्धि आउने आशा गर्न सकिने ठाउँ रहेको व्यवसायीले बताएका छन्।

# यतीको एटीआर जहाज आयो




काठमाडौं, (नेस)

यती एयरलाइन्सले एटीआर जहाज खरिद गरी काठमाडौं ल्याएको छ। नेपाली दर्ता नम्बर ९ एन-एएमएन (म्यानुफ्याक्चरिङ सिरियल नम्बर) रहेको नयाँ विमान एफएए/ईएएसए चाप प्रमाणित नेपाली आन्तरिक उडान क्षेत्रकै सर्वाधिक नयाँ (कान्छो) विमान भएको कम्पनीले जानकारी दिएको छ। एयरलाइन्सले सेवा थप विस्तारित गर्ने उद्देश्यका साथ एमएसएन ८७६ सहितको एटीआर विमान थपेको घोषणा गरेको हो।

यतीको पहिलो एटीआर विमान शनिबार मध्यान्ह सिंगापुरबाट थाइल्यान्ड हुँदै त्रिभुवन विमानस्थलमा अवतरण गरेको छ। फ्रान्सको जहाज निर्माता कम्पनी एटीआरमा निर्मित ७२ सिटे एटीआर ७२-५०० एक अर्बको लगानीमा यतीले पहिलो एटीआर काठमाडौं भित्र्याएको हो।

सिंगापुरको कम्पनी नर्डिक एभिएसन क्यापिटलसँग यतीले जहाज खरिद गरेको हो। यती एयरलाइन्सले एक हप्तापछि विराटनगर र नेपालगन्ज विमानस्थलबाट सेवा थालनी गर्ने जनाएको छ। साथै एनएसीद्वारा नै वित्तीय सहयोग प्रदान गरिएको दोस्रो एटीआर ७२-५०० को आगमनसँगै कम्पनीले भद्रपुर र भैरहवाबाट समेत एटीआर सेवा सञ्चालनमा ल्याउने जानकारी दिएको छ। दुई इन्जिन सहितको एटीआर ७२-५०० फ्रेञ्च-इटालियन कंसोर्टियम एटीआरद्वारा निर्मित टर्बोप्रप एयरक्राफ्ट हो।

एटीआर७२-५००लाई ह्यामिल्टन सन्डस्ट्रान्ड कम्पोजिट ब्लेड प्रोपेलर सुसज्जित दुई वटा प्राट एन्ड ह्विट्ने पीडब्ल्यू १२७ इन्जिनले शक्ति प्रदान गर्छ। यी अत्याधुनिक प्रविधि सुसज्जित इन्जिन र प्रोपेलरले अद्वितीय कार्यक्षमता प्रदर्शन गर्नुका साथै, इन्धन मितब्ययी, न्यून ध्वनी र न्यून ग्रिनहाउस ग्यास उत्सर्जन गर्ने कम्पनीले जनाएको छ। सन् १९९८ बाट सेवा थालनी गरेको यती एयरलाइन्सले आफ्नो सब्सिडायरी तारा एयरको साथमा नेपालमै सर्वाधिक ठूलो सञ्जाल र अधिक विमानमार्फत सेवा प्रदान गरिरहेको कम्पनीको दाबी छ।

# २३ करोडभन्दा बढी फ्रिज

नेपाल समाचारपत्र
पर्वत

आर्थिक वर्ष २०७३ /७४ मा आएको कुल बजेटमध्ये पर्वतमा २३ करोड रुपियाँ फ्रिज भएको छ। विनियोजन भएको बजेट समेत खर्च हुन नसक्दा जिल्लामा विकास निर्माणका काम समेत प्रभावित बनेका छन्। गत आर्थिक वर्षका लागि विनियोजन गरिएको चालूतर्फको कुल बजेट ३ अर्ब, ४३ करोड, २ लाख ४५ हजार ४ सय ४४ रुपियाँमध्ये १३ करोड रुपियाँ फ्रिज भएको छ। जसमा ३ अर्ब ३० करोड ६३ लाख ६९ हजार ५ सय ६ रुपियाँ ९९ पैसा खर्च भएको हो।

पुँजीगत तर्फको कुल बजेट ८२ करोड, १८ लाख ६९ हजारमध्ये ७२ करोड, ६० लाख ९७ हजार ४ सय ३४ रुपियाँ रकम खर्च भएको छ। पुँजीगततर्फ १० करोड रकम फ्रिज भएको कोष तथा लेखा नियन्त्रण कार्यालय पर्वतका प्रमुख कोष नियन्त्रक विष्णुप्रसाद खरेलले जानकारी दिनुभयो।

सरकारी कार्यालयहरुले आर्थिक वर्ष २०७३/७४ मा सरकारले विनियोजित गरेको रकम अनुसारको काम हुन नसक्दा रकम फ्रिज भएको हो। आर्थिक वर्षमा बढी रकम फ्रिज भएका कार्यालयहरु मध्ये सिँचाइ डिभिजन कार्यालय रहेको छ। जसको पुँजीगतर्फको कुल बजेट ८ करोड ३६ लाख ४० हजार रहेकोमा ५ करोड ४ लाख ५२ हजार ३ सय २८ रुपियाँ खर्च भएको खरेलले बताउनुभयो। कार्यालयले असार महिनामा मात्रै ६० प्रतिशत काम गरेको छ। २ करोड ९७ लाख ६३ हजार रकम असार महिनामा खर्च भएको छ। उहाँका अनुसार सबैभन्दा बढी बजेट खर्च गर्नमा जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रहेको छ। जसको कुल बजेट ३० करोड १५ लाख १० हजार रहेकोमा २९ करोड ४९ लाख ९९ हजार ९ सय ३८ रुपियाँ खर्च भएको छ। ६५ लाख १० हजार ६२ रुपियाँ फ्रिज गरेको यस कार्यालयले पनि असारमा मात्रै झण्डै साढे १६ करोड रकम खर्च गरेको उहाले बताउनुभयो।

त्यसबाहेक प्रायःजसो रकम सबै कार्यालयको फ्रिज भएको कोष तथा लेखा नियन्त्रण कार्यालय पर्बतले जनाएको छ। जिल्लामा रहेका सबै सरकारी कार्यालयमध्ये बढी निकासा रकम सबैभन्दा बढी असार महिनामा खर्च भएको कार्यालयले जनाएको हो। पुँजीगततर्फको ५० प्रतिशत रकम असार महिनामा खर्च भएको कोष तथा लेखा नियन्त्रण कार्यालय पर्वतले जनाएको छ। असार महिनामा मात्रै झण्डै १ अर्ब रुपियाँ खर्च भएको छ। जिल्लामा सञ्चालित कार्यालयहरुले प्रभावकारी रूपमा काम गर्न नसक्नु, समय समयमा गर्नुपर्ने कार्यक्रम असार महिनामा मात्र लागु गर्नु, असार महिनामा मात्र योजना सम्झौता हुनु लगायतका कारण जिल्लामा बिकास निर्माणका कामले गति लिन नसकेको स्थानीय बासिले गुनासो गरेका छन्।

पर्वतमा भने अघिल्लो आर्थिक वर्षमा कुल बजेटमध्ये २० करोड रुपियाँ फ्रिज भएको थियो। जिल्लामा वर्षेनी विकास बजेट फ्रिज हुँदै आइरहेको पाइएको छ। जसले गर्दा जिल्लाको समग्र विकासका लागि आएको बजेटको समुचित रपमा उपयोग हुन सकिरहेको छैन्।

# दरबारमार्गमा एम्पायर रेष्टुरेन्ट खुल्यो



काठमाडौं, (नेस)

राजधानीको दरबारमार्गमा नयाँ रेष्टुरेन्ट सञ्चालनमा आएको छ। युवाहरुको समूहले साढे २ करोड रुपियाँ लगानीमा 'द एम्पायर' नामक रेष्टुरेन्ट सञ्चालनमा ल्याएका हुन्।

पुमा शोरुमको ठीक विपरित रहेको द एम्पायर रेष्टुरेन्टमा एकैपटक सय जनालाई सेवा दिन सकिने सञ्चालक गणेश ढकालले जानकारी दिनुभयो। पारिवारिक वातावरण भएको यस रेष्टुरेन्टले युवावर्गलाई समेत आकर्षित गर्ने उहाँको भनाइ छ। रेष्टुरेन्टको अग्रभावमा रहेको स्थानमा बसेर विभिन्न परिकारका स्वाद लिँदै दरबारमार्गको दृश्यसमेत हेर्न सकिन्छ।

उक्त रेष्टुरेन्टमा जापनिज सुफी, थाई फूड, कोरियन फूड, इण्डियन तथा कन्टिनेन्टल, हिमालयन कफी टेस्ट, ड्रिङ्कलगायत आधुनिक परिकार उपलब्ध रहेको छ। रेष्टुराँभित्रको वाटर फाउन्टेन, पेन्टिङलगायत आन्तरिक सजावट द एम्पायरको मुख्य आकर्षक रहेको अर्का सञ्चालक राजन उप्रेतीले जानकारी दिनुभयो। ओपन र हाईजेनिक किचन भएको एम्पायरले स्वास्थ्य र सफाईमा अन्तर्राष्ट्रिय मापदण्ड पूरा गरेको छ।

रेष्टुरेन्ट हरेक दिन बिहान ८ बजेदेखि बेलुकी १२ बजेसम्म खुला रहने छ। हरेक शुक्रबार र शनिवार लाइभ म्युजिकको समेत व्यवस्था गरिएको उहाँले बताउनुभयो। हाल एम्पायरमा २२ जना कर्मचारी रहेका छन्। 'एम्पायर रेष्टुरेन्ट सबै परिवार, कर्पोरेट, पर्यटन, सेलिब्रेटी तथा युवालाई लक्षित गरी सञ्चालनमा ल्याइएको हो' उहाँले भन्नुभयो- 'यसको मेनु पनि मध्यमवर्गीयलाई लक्षित गरी तयार पारिएको छ।'

# लगानीकर्तालाई नयाँ आर्थिक वर्ष उत्साहप्रद देखियो

नेपाल समाचारपत्र
काठमाडौं

आर्थिक वर्ष २०७४/७५ को पहिलो साता शेयर लगानीकर्ताका लागि फलदायी बन्यो। नयाँ आर्थिक वर्षको शुरूआतसँगै नयाँ बजेट र मौद्रिक नीति कार्यान्वयनमा आउँदा उत्साहित बनेको थियो।

आर्थिक वर्षको पहिलो साता परिसूचक र कारोबार रकम दुवैमा उच्च सुधार आए पनि यो क्रमले अबका दिनमा पनि सोही गति लिनेमा सरोकारवालाको मनमा प्रश्न उठेको छ। यसैक्रममा साताको पहिलो तीन दिन सकारात्मक देखिए पनि शेयर बजारमा बुधबार र बिहीबार भने सामान्य करेक्सन देखिए।

साताभर बीमा कम्पनीका कारोबार उच्च रह्यो। सो अवधिमा उच्च कारोबार गर्ने १० मध्ये ६ वटा बीमा कम्पनी रहे। बीमा कम्पनीले हकप्रद र बोनसमार्फत् आफ्नो चुक्ता पुँजी वृद्धि गर्ने योजना बीमा समितिमा पेस गरेको खबर सार्वजनिक भएपछि लगानीकर्ता बीमा कम्पनीतर्फ आकर्षित भएका हुन्। बीमा समितिले पुँजी वृद्धिको योजना माग गर्दा अधिकांशले हकप्रद र बोनस वितरण गर्ने प्रस्ताव पेश गरेका छन्।

त्यस्तै नयाँ मौद्रिक नीति र बजेटले उत्पादनमूलक क्षेत्रलाई प्राथमिकतामा राखेपछि उत्पादन मूलक समूहले पनि उल्लेखनीय सुधार हासिल गरे। चुनावी माहोलपछि बजारमा लगानीयोग्य तरलताको अभाव नहुँदा सबै समूहमा सुधार आएको जानकारहरुको बुझाइ छ।

गत साताको बजारको प्रकृति हेर्दा अर्थिक वर्ष अन्तिमको सिजनल इफेक्ट देखिएको पुष्टि भएको देखिएको छ। साताको पछिल्लो दिनमा आएको गिरावटले बजार यही गतिमा अगाडि बढ्ला भन्नेमा त्रास सिर्जना गराउँछ। तर बैंक तथा वित्तीय संस्थाले गत आवको चौंथो त्रैमासिक रिपोर्ट प्रकाशन गर्न शुरू गर्दा राम्रो लाभांश दिने कम्पनीतर्फ लगानी आकर्षित हुने पक्का छ। यस हिसाबमा बजारमा थप सकारात्मक प्रभाव नपर्ला भने भन्न सकिँदैन।

पाँचै दिन कारोबार भएको बजारमा नेप्से परिसूचक ५३ दशमलव शून्य ८ अंकले बढेको थियो। गत साता १ हजार ५ सय ८२ दशमलव ६७ अंकबाट शुरू भएर १ हजार ६ सय ३५ दशमलव ७५ को अंकमा आएर रोकियो। गत साता बजारमा १ सय ६५ कम्पनीका ८७ लाख ५३ हजार ८ सय ८० कित्ता शेयर ४ अर्ब ७३ करोड ८२ लाख ७६ हजार रुपियाँमा कारोबार भए। कारोबार रकम अघिल्लो साताको तुलनामा १२ दशमलव ७२ प्रतिशत बढी हो। अघिल्लो साता बजारमा ४ अर्ब २० करोड ३४ लाख ५२ हजार रुपियाँ बराबरको कारोबार भएको थियो।

त्यसैक्रममा १ करोड १४ लाख ३८ हजार ३ सय ९० कित्ता शेयर कारोबार भएका थिए। गत साता शेयर बजारमा पहिलो तीन दिन क्रमशः सुधार आएको थियो। आइतबार बजार परिसुचक शून्य दशमलव ९ अंकले बढेको थियो भने सोमबार र मंगलबार क्रमशः २० दशमलव ५८ र ३४ दशमलव २६ अंकले बढेको थियो। तर, बुधबार र बिहीबार भने परिसूचक १ दशमलव १४ र १ दशमलव ५२ अंकले ओरालो लागे पनि बजार समग्रमा बढेको हो।

गत कारोबारमा आएका ८ समूहमध्ये ७ समूहका परिसूचकमा सुधार आए। सुधार आउनेमध्ये सबैभन्दा धेरै बीमा समूहको परिसूचकमा ६ सय ४२ दशमलव ८२ अंकको सुधार आयो। त्यस्तै होटल समूह, उत्पादनमुलक, विकास बैंक र बैंकिङ समूहका परिसूचकमा क्रमशः ७५ दशमलव ९९, ५८ दशमलव ३८, ४५ दशमलव ७३ र ४३ दशमलव २८ अंकले बढे। जलविद्युत् र वित्त समूहमा पनि २४ दशमलव ७६ र १६ दशमलव ३ अंकको सुधार आयो। अन्य समूहमा भने ३ दशमलव ७६ अंकको गिरावट आएको थियो।

यस्तै 'क' वर्गका कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक अघिल्लो साताको तुलनामा ११ दशमलब ४१ अंकले बढेर ३ सय ४७ दशमलब ४५ अङ्कमा आइपुगेको छ। कारोबार रकमको आधारमा गत साता नेपाल लाइफ इन्स्योरेन्स कम्पनी अग्रस्थानमा रह्यो। कम्पनीको कूल २८ करोड ३४ लाख ४० हजार रुपियाँ बराबरको शेयर कारोबार भयो। त्यस्तै फर्वाड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्थाको २६ करोड ९० लाख रुपियाँ, सूर्य लाइफ इन्स्योरेन्स कम्पनीका संस्थापक शेयरको २४ करोड ६ लाख रुपियाँ, नेसनल लाइफ इन्स्योरेन्स कम्पनीको १५ करोड ५१ लाख रुपियाँ र नेको इन्स्योरेन्स कम्पनीको १४ करोड ७९ लाख रुपियाँ बराबरको शेयर कारोबार भएका थिए। कारोबार भएको सेयर संख्याको आधारमा लक्ष्मी भ्यालु फन्ड-१ ले शीर्ष स्थान ओगटेको छ। गत साता कम्पनीका ७ लाख १८ हजार कित्ता शेयर कारोबार भए।

त्यसैगरी कारोबार संख्याको आधारमा फर्वाड कम्युनिटी माइक्रोफाइनान्स वित्तीय संस्था अग्रस्थानमा रह्यो। कम्पनीका कुल ३ हजार ७ सय १ वटा कारोबार भएका थिए। गत साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि पाँचै दिन खुला रह्यो। गत हप्ता ऋणपत्रतर्फ संस्थागत तथा सरकारी ऋणपत्रको कुनै पनि कारोबार भएन।

साताभरी ५ कम्पनीका शेयर नेप्सेमा सूचीकृत भए। नेप्सेमा स्वदेशी लघुवित्त वित्तीय संस्थाको १० लाख कित्ता साधारण, ज्योति विकास बैंकको २६ लाख ४ हजार ५ सय ६० कित्ता हकप्रद, हाम्रो विकास बैंकको २६ लाख ७ हजार २ सय १७ कित्ता हकप्रद शेयर तथा सिभिल बैंकको १३ लाख २० हजार कित्ता बोनस शेयर सूचीकृत भएका छन्। त्यस्तै विकास ऋणपत्र-२०८० को ७ करोड कित्ता साधारण शेयर पनि नेप्सेमा सूचीकृत भए।

ब्रोकरले मार्जिन कर्जा वितरण गर्न सक्ने व्यवस्था, सरकारले स्थानीय तहलाई पहिलो किस्ता निकासा, कारोबारमा भ्याट तत्काल नलाग्ने, निःशूल्क आस्वा, सहज तथा छिटो बाँडफाँडको व्यवस्था खबरले गत साता बजारमा सकारात्मक भाइव दिएको थियो।

२०७४, साउन
आइतबार
८

सन् २०१४ मा पर्यटक आगमनको संख्या भने झन्डै ८ लाख थियो। सरकारले सन् २०२० सम्ममा २० लाख पर्यटक ल्याउने योजना सार्वजनिक गरेको छ। यो संख्यामा पर्यटन भित्र्याउन नेपाल पर्यटन बोर्डले धेरै प्रचार प्रसारमा जोड दिनुपर्ने पर्यटक व्यवसायीको सुझाव छ।




# मेगा बैंक संघीय प्रणालीमा जाने



काठमाडौं, (नेस)

आठौं वर्षमा प्रवेश गरेको अवसरमा मेगा बैंकले संघीय संचरना अनुसार सातवटै प्रदेशमा 'प्रदेश हेडक्वार्टर' स्थापना गर्ने घोषणा गरेको छ। बैंकको प्रधान कार्यालयमा आयोजित कार्यक्रममा मेगा बैंकका अध्यक्ष भोजबहादुर शाहले सो कुरा बताउनुभएको हो। उहाँले त्यसको शुरूआत प्रदेश नम्बर ५ को बुटवलबाट भइसकेको पनि जानकारी दिनुभयो।

अध्यक्ष शाहले टुरिजम डेभलपमेन्ट बैंकसँगको मर्जर प्रक्रिया जारी रहेको बताउँदै मर्जरपछि मेगा बैंक नेपालको सबैभन्दा बढी पुँजी भएको बैंकमध्ये पर्ने दाबी गर्नुभयो। चालू आर्थिक वर्षमा नै टुरिजमसँगको मर्जर प्रक्रिया सकिने उहाँको भनाइ छ। 'संघीयताको कार्यान्वयनसँगै नयाँ आर्थिक सम्भावना र चुनौती देखिन थालेका छन्। त्यसैले नयाँ शहरका रूपमा विकास भइरहेका हुलाकी राजमार्ग र मध्यपहाडी राजमार्ग आसपासमा नयाँ सम्पर्क र सम्बन्ध विस्तार गर्ने हामीले योजना बनाएका छौं,' अध्यक्ष शाहले भन्नुभयो। त्यसका लागि बैंकले विज्ञसँगको छलफलबाट पाँच वर्षे योजना तय गरेको उहाँले जानकारी दिनुभयो। कार्यक्रममा बोल्दै मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत अनिलकेशरी शाहले चालू आर्थिक वर्षमा २० वटा नयाँ शाखा खोल्ने जानकारी दिनुभयो। स्थानीय तहको चुनावले आर्थिक सम्भावनाका धेरै ढोका खोलेको उहाँको भनाइ थियो। सीईओ शाहले बैंकिङ क्षेत्र तरलताको अभावले गुज्रिए पनि बितेको वर्ष मेगा बैंकले राम्रो नाफा आर्जन गर्न सकेको बताउनुभयो। उहाँले आगामी वर्षदेखि बैंकको नाफा झनै बढ्ने बताउनुभयो।

सीईओ शाहले शेयरधनीलाई ६५ प्रतिशत हकप्रद शेयर जारी गर्ने प्रक्रिया अगाडि बढिसकेको जानकारी दिँदै छिट्टै प्रतिशेयर १ सय रुपियाँका दरले २ अर्ब ९७ करोड ८५ लाख ३ हजार ४ सय ३३ रुपियाँ बराबरको २ करोड ९७ लाख ८५ हजार ३४ दशमलव ३३ कित्ता शेयर शेयरधनीलाई निष्काशन गर्न लागेको बताउनुभयो। वार्षिकोत्सवका अवसरमा मेगा बैंकले काठमाडौंको बौद्धमा सञ्चालित 'गरिब तथा अनाथ बालिका गृह' लाई एक लाख रुपियाँ आर्थिक सहयोग प्रदान गरेको छ।

# बोटलर्स नेपाललाई आईक्यानको सम्मान

नेपाल समाचारपत्र

काठमाडौं




इन्स्टिच्यूट अफ चार्टर्ड एकाउन्टस् अफ नेपाल (आइक्यान) ले बोटलर्स नेपाललाई वेस्ट प्रिजेन्टेड एनुअल रिपोर्ट अवार्ड २०१६ को लागि रनर-अप अवार्डद्वारा सम्मान गरेको छ।

कम्पनीले साधारण क्षेत्रतर्फ उत्कृष्ट वार्षिक प्रतिवेदन २०१६ प्रस्तुत गरेको आधारमा आइक्यानको सम्मान पाएको हो। आईक्यानद्वारा आयोजित कार्यक्रममा अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले बोटलर्स नेपाललाई सो अवार्ड प्रदान गर्नुभएको हो। गत वर्ष बोटलर्स नेपालले तेस्रो रनर-अप अवार्ड प्राप्त गरेको थियो।

सो अवसरमा बोटलर्स नेपाल लिमिटेडका प्रबन्ध निर्देशक पुनित भार्सनेले कम्पनी सम्पूर्ण सेवा र उत्पादनमा उच्च गुणस्तर कायम गर्नका लागि प्रतिबद्ध रहेको बताउनुभयो। 'पारदर्शिता र जिम्मेवारीताको लागि उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यास सुनिश्चित गर्दै हामी निरन्तर अघि बढ्नेछौं।' उहाँले भन्नभयो।

पछिल्ला दिनमा बोटलर्स नेपाल लिमिटेड, कोकाकोला कम्पनीको आधिकारिक उत्पादक कम्पनीले नेपालमा सरोकारवालाको विश्वास कायम गरेकोमा विभिन्न सम्मान प्राप्त गरेको जनाएको छ। कम्पनीले यसअघि पनि उत्पादन क्षेत्रका लागि सबै सार्क मुलुकका पहिलो स्थान सुरक्षित गरेको थियो। सो अवार्ड साफा (साउथ एसियन फेडेरेसन अफ अकाउन्टेन्टस्) ले पारदर्शिता, जिम्मेबारीता र सुशासनमा सुधार गरेकोमा प्रदान गरेको थियो।

# नबिल बैंकद्वारा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन

काठमाडौं, (नेस)

नबिल बैंकले ३३औं वार्षिकोत्सवको अवसरमा आर्थिक समावेशीकरणलाई अभिवृद्धि गर्ने हेतुले लमजुङको बेंसीशहरमा वित्तीय साक्षरता सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको छ।

बैंकले बेंशीशहरमा सचेतना र्‍याली, सडक नाटक तथा स्थानीय तहमा सफल भएका साना व्यवसायीबीच अन्तर्क्रिया गरी आर्थिक साक्षरतासम्बन्धी जानकारी दिएको हो।

कार्यक्रम फिनलिट नेपालसँगको सहकार्यमा गरिएको हो। कार्यक्रमको संयोजन बेंशीसहर शाखाका शाखा प्रबन्धक अमृतराज उप्रेती र फिनलिट नेपालका प्रकाश कोइरालाले गर्नुभएको हो।




विभिन्न सरकारी निकायका कर्मचारी, सुरक्षाकर्मी, समाजसेवी, स्थानीय बासिन्दा तथा विद्यार्थीको सहभागितामा आयोजित र्‍यालीको उद्घाटन लमजुङका प्रमुख जिल्ला अधिकारी युवराज मैनालीले गर्नुभएको थियो। र्‍याली मनाङ चौताराबाट सेरा चोक हुँदै नबिल बैंकसम्म पुगेको थियो।

र्‍यालीपछि नोट तथा सिक्कालाई कसरी सफा राख्ने, बैकिङ कारोबार गर्ने बानीको विकास कसरी गर्ने, बैंकमा रकम जम्मा गर्दाका फाइदाहरु के हुन, अनावश्यक रकम खर्च गर्ने खराब बानीलाई कसरी नियन्त्रण गर्ने, एटीएम कार्डको प्रयोग कसरी गर्ने आदि जस्ता विषयमा सन्देश प्रवाह गर्ने खालको मनोरञ्जनात्मक सडक नाटक कार्यक्रम आयोजना गरिएको थियो।

# फोर्स मोटर्सको एक्सचेन्ज अफर

काठमाडौं, (नेस)

फोर्स मोटर्सको आधिकारिक बिक्रेता आयाम इन्टरकन्टिनेन्टल प्रालिले साउन ९ गतेदेखि लागू हुने गरी एक्सचेन्ज अफर ल्याएको छ।

उक्त अफरमा ग्राहकले जस्तोसुकै पुरानो वा थोत्रो गाडीको मूल्य कम्तिमा ५ लाख प्राप्त गर्नेछन् भने उक्त रकम समायोजन गरी फोर्स मोटर्सको १४ सिट क्षमता भएको जीप वा २६ सिट क्षमता भएको मिनी बस खरिद गर्न पाउने छन्। फोर्स मोटर्सका गाडी सुपथ मूल्यमा उपलब्ध गराई आफ्नो गाडीको बिक्री संख्या बढाउने उद्देश्यले कम्पनीले ग्राहकलाई यस्तो अफर ल्याएको जनाएको छ। कम्पनीले यो अफरमा गाडी खरीद गर्ने ग्राहकलाई एक वर्षको कर छुट, ३ वर्ष वा ३ लाख किलोमिटर वारेन्टी, स्पेयर पार्टसमा आजीवन छुट र सात पटक फ्रि सर्भिसलगायत सुविधा प्रदान गर्ने कम्पनीले जनाएको छ।

FORCE

KUMARI JOB.COM
YOUR CAREER STARTS HERE !
के तपाईले आज Login गर्नुभयो?
01-4478845 , 4480374 , 4464043
info@kumarijob.com

मेगा बैंक नेपाल लिमिटेडको
**बचत खातामा हकदावी सम्बन्धी ३५ दिने सूचना**

काभ्रेपलाञ्चोक जिल्ला कोलाती भुम्लु नगरपालिका वडा नं ४ निवासी बुद्धिमान पहरीको नाती, हर्क बहादुर पहरीको छोरा धन बहादुर पहरीको मिति २०७३ मंसिर २ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको कपन शाखामा रहेका बचत खाता नम्बरहरू ००३००५००७४२५९ र ००३००५००१८०३२ बन्द गरी उक्त बचत खाताहरूमा रहेको रकम मृतकको छोरा मान बहादुर पहरीले पाँउ भनि कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त बचत खाता उपर निज निवेदक बाहेक अन्य कसैको हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र अधिकारवाला हकदारले सबुद प्रमाण सहित दावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित समय भित्र कुनै पनि हकवालाको निवेदन नपरेको अवस्थामा निवेदकको माग बमोजिम उक्त खाताको रकम निवेदकलाई प्रदान गर्ने व्यहोरा जानकारी गराइन्छ । साथै, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको हक दावीको निवेदन उपर कुनै कार्यवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

**मेगा बैंक नेपाल लिमिटेड**: राइजिङ मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९, फोन: ९७७-१-४१६९२१७, फ्याक्स: ९७७-१-४१६९२१५

## ADVERTISEMENT RATES FOR NEPAL SAMACHARPATRA

### Rates

| | B/W | COLOR |
|---|---|---|
| Inside page per Clm/cm | Rs.1200 | Rs.1500 |
| Third page per Clm/cm | Rs.1800 | Rs.1800 |
| Back page per Clm/cm | Rs.2000 | Rs.2000 |
| Front page per Clm/cm | Rs. 2600 | Rs. 2600 |

### Dispaly Box & Classified Ads

| | |
|---|---|
| Per Display Box | Rs. 1000 /- (1clm/5cm) |
| Passport Display Box | Rs. 1000/- (1clm/5cm) |
| Per Word | Rs. 15/- (Normal) |
| Per Word | Rs. 20/- (Bold) |

### Discounts & Premiums

| | |
|---|---|
| Jacket Page (Front & Second Page) | Rs. 20,00,000 |
| Jacket Page (Front & Back Page) | Rs. 22,00,000 |
| Top Strip (Any Page) | 50 % (Premium) |
| Island/ Irregular Ad | 50% (Premium) |
| Earpanel (FP) | Rs. 20,000 |
| Side PopUp (FP) | Rs. 25,000 |
| **Frequency Discount** | |
| For Four insertions in a month | 7 % |
| For Five or more insertions in a month | 10 % |
| Full Page Discount | 10% |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Width of Column | : | 3.8cm |
| No. of Column | : | 8 columns |
| Height of Column | : | 50 cm |
| Printable Area | : | 33 X 47 cm |
| Overall size | : | 33 X 50 cm |
| Process | : | Web Offset |
| Screen | : | 85DPI/95DPIw |

## ADVERTISEMENT RATES FOR KAMANA/ SADHANA

### Rates

| | RATE |
|---|---|
| Cover Full Page (Outside Back) | Rs. 90,000/- |
| Cover Full Page (Inside Front) | Rs. 75,000/- |
| Cover Full Page (Inside Back) | Rs. 75,000/- |
| Inside Ordinary Full Page | Rs. 60,000/- |
| Double Spread | Rs. 100,000/- |
| Central Spread | Rs. 110,000/- |
| Inside Ordinary Half Page | Rs. 40,000/- |
| Inside Ordinary Quarter Page | Rs. 30,000/- |
| Strip | Rs. 30,000/- |

### Frequency Discount

| | |
|---|---|
| For six insertions in a yea | 7% |
| For twelve insertions in a year | 10 % |

Note: All rates are excluding VAT

### Mechanical Data

| | | |
|---|---|---|
| Full Page Bleed | - | 21.3 cm by 29.3 cm |
| Full Page Non Bleed | - | 18.5 cm by 27 cm |
| Half Page Horizontal | - | 18.5 cm by 14.5 cm |
| Half Page Vertical | - | 9.5 cm by 27 cm |
| Quarter Page | - | 9.5 cm by 14.5 cm |
| Vertical Strip | - | 6 cm by 27 cm |
| Horizontal Strip | - | 18.5 cm by 6 cm |
| Double Spread Bleed | - | 42.6 cm by 29.3 cm |
| Double Spread Non Bleed | - | 37 cm by 27 cm |
| Cover Double Spread Bleed | - | 41 cm by 29.3 cm |

**Rates effective from Shrawan 1, 2074. PLEASE BE ADVISED THAT THE ADVERTISING RATE MIGHT CHANGE WITH 7 DAYS NOTICE IN *NEPAL SAMACHARPATRA***

**Kamana News Publications Pvt. Ltd.**
Maru Bhimsensthan, Kathmandu, Nepal
Phone no : 4261179, Fax : 4218990
Email : nepalsamacharpatra@gmail.com





# नेयमार सर्वाधिक महँगो खेलाडी हुने तयारीमा

लन्डन, (एजेन्सी)

भारतीय क्रिकेटर महेन्द्रसिंह धोनी वार्षिक आम्दानीको आधारमा फोर्ब्सको शीर्ष १ सय धनी खेलाडीको सूचीमा परिसकेका खेलाडी हुन्। धोनीको वार्षिक आम्दानी २ करोड ८७ लाख डलर (करिब ३ अर्ब २० करोड नेपाली रुपियाँ) रहेको स्रोतले जनाएको छ। अहिलेसम्म धोनी शीर्ष १ सय धनी खेलाडीको सूचीमा पर्ने पहिलो क्रिकेटर हुन्।

अब यस्तो रेकर्ड अगाडि आएको छ कि धोनीलाई मात्र होइन विश्वका कयौं खेलाडी कमाइको मामिलामा पछाडि पर्न सकिन्छ। बार्सिलोनाका चर्चित स्ट्राइकर नेयमार जुनियरलाई विश्व रेकर्ड रकममा पेरिस सेन्ट जर्मेन



(पीएसजी) ले आबद्ध गर्न लागेको छ।

फ्रेन्च फुटबल क्लब पीएसजीले ब्राजिली स्टारका लागि १९ करोड ६० लाख पाउन्ड (करिब २६ अर्ब ४० करोड नेपाली रुपियाँ) मा किन्न गइरहेको छ। यो सम्झौताका लागि नेयमारले स्विकार गरिसकेको पनि फ्रेन्च अखबारले जनाएको छ। यदि यो सम्झौता भएमा नेयमारले हरेक साता ५ लाख ९६ हजार पाउन्ड (८ करोड नेपाली रुपियाँ बराबरी ) पाउनेछन्। पीएसजी अहिले विश्वकै शक्तिशाली युरोपेली क्लब बन्ने तरखरमा रहेको छ।

विश्व फुटबल लिगमा सर्बाधिक महगो ट्रान्सफरमध्ये अहिलेसम्म फ्रेन्च खेलाडी पल पोग्बा अगाडि रहेका छन्। उनलाई म्यानचेस्टर युनाइटेडले युभेन्टसबाट सन् २०१६ मा १० करोड ५० लाख युरोमा भित्र्याएको थियो। यो नेपाली रुपियाँ करिब १२ अर्ब ६० करोड बराबरी थियो।

# पदक विजेता सम्मानित

काठमाडौं, (नेस)

मनमैजुस्थित मानसिंह डोजोले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामा पदक जित्न सफल आफ्ना खेलाडीलाई शनिबार नगदसहित सम्मान गरेको छ।

सन् २०१६ मा भारतमा भएको तेस्रो दक्षिण एसियाली कराते च्याम्पियनसिप तथा मलेसियामा भएको तेस्रो अन्तर्राष्ट्रिय खुला केएल मेयर्स कप करातेमा स्वर्ण जितेकी रूपा महर्जन १५ हजार नगदसहित सम्मानित भइन्। भारतमा भएको तेस्रो दक्षिण एसियाली करातेमा स्वर्ण जितेका रवि तामाङ १० हजार नगदबाट पुरस्कृत भए। भारतमा भएको



तेस्रो दक्षिण एसियाली करातेमा कांस्य जितेकी एलिना विकलाई ५ हजार नगदबाट सम्मान गरियो। सोही अवसरमा पुरुषमा आकाश मण्डल तथा महिलामा शिबा भण्डारीलाई मानसिंह डोजो वर्ष खेलाडी- २०७३ अवार्ड प्रदान गरियो।

## धरहरा

### मतलवी शहर

जसलाई जे मन लाग्यो त्यही गर्न पाइन्छ हजुर यो शहरमा, कसलाई के भन्ने के नभन्ने केही मतलव नभएको मतलवी शहर हो काठमाडौं। यस्तैयस्तै निराशा र चिन्ता व्यक्त गर्नेहरूको संख्या राजधानीमा बढ्दो अवस्था रहेको छ। तर जसले जति चिन्ता व्यक्त गरे पनि यस्ता विषयवस्तुले भने कहिले छोडेको हैन क्यार। यस्तैयस्तै कुराले धरहरा पनि केही सयमदेखि आफैं निराश भएको मात्रै होइन स्वार्थी दुनियाँले गर्ने गरेको कर्तुतका बारेमा पनि धरहरा जानकार हुँदै



आएको छ। एकले अर्कालाई सम्मान गर्न नसक्ने भएपछि आफूलाई चाही सम्मान खोज्ने प्रबृत्तिको अन्त्य हुनुपर्ने ठम्याइ धरहराको छ तपाईंको चाहिँ के छ कुन्नी पाठकबृन्द ? अरु आफैं बुझ्नुहोला है त ?

# श्रीदिवा क्वाटरफाइनलमा

काठमाडौं, (नेस)

आयोजक श्रीदिवा इन्टरनेसनल स्कुल ११औं श्रीदिवा मन्सुन मिट अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको गर्ल्सतर्फ शनिबार क्वाटरफाइनलमा प्रवेश गरेको छ।

दुई टिम रहेको समूह 'ए' को लिग खेलमा श्रीदिवाले हिमालीलाई १५-८ ले पराजित गर्दै समूह विजेतका रूपमा क्वाटरफाइनलमा स्थान पक्का गर्‍यो। पराजयका बावजुद हिमाली पनि उपविजेता बन्दै अन्तिम आठमा पुग्यो। गर्ल्सको अन्य लिग खेलमा ज्ञानोदयले विल्सन एकेडेमीलाई १४-६ तथा युनिभर्सलले काठमाडौं विद्याकुञ्जलाई २८-१५ ले हराए। ब्वाइजमा बुद्ध एकेडेमीले विल्सनलाई ४१-३०, हिम्सले ज्ञानोदयलाई ४९-३८ तथा इनोभेटिभले नेपाल सेन्ट्रललाई ५९-३८ ले पन्छाए।

# छोटो दौडमा बोल्टको वर्चश्व



मोनाको, (एजेन्सी)

युसेन बोल्टले मोनाको डायमन्ड लिगअन्तर्गत १ सय मिटर दौडमा स्वर्ण जितेर छोटो दौडमा आफ्नो वर्चश्व कायमै राखेका छन्। शुक्रबार राति मोनाकोमा भएको १ सय मिटर दौड जमैकन स्टारले ९ दशमलव ९५ सेकेन्डमा पूरा गरेका हुन्। यो उपाधिले आगामी अगस्टमा लन्डनमा हुने विश्व एथ्लेटिक्स च्याम्पियनसिपमा आफ्नो उपाधि जोगाउन उनी तयार रहेको पनि संकेत दिए। बोल्टले लन्डन विश्व एथ्लेटिक्स च्याम्पियनसिपमा करिअरको अन्तिम दौड लगाएर अन्तर्राष्ट्रिय करिअर समाप्त गर्ने घोषणा गरिसकेका छन्।

# नेपाल तेस्रो

काठमाडौं, (नेस)

नेपालले दोस्रो दक्षिण एसियाली भेट्रान टेबलटेनिस प्रतियोगिताको ५० वर्षमाथि पुरुष टिम इभेन्टमा कांस्य जितेको छ। श्रीलंकाको कोलम्बोमा जारी प्रतियोगिताको सेमिफाइनलमा नेपाल आयोजक राष्ट्र श्रीलंकासंग ३-१ ले पराजित भएपछि कांस्यमा सीमित भयो। नेपालसहित माल्दिभ्स, भारत, पाकिस्तान र श्रीलंका गरी ५ राष्ट्र सहभागी प्रतियोगितामा नेपालले त्यसअघि भारतको तामिलनाडु र मेघालयको टिमलाई पराजित गरेको थियो।








## आवश्यकता

**पद**: ड्राइभर

**योग्यता**:

१. कक्षा १० वा +२ पास गरेको ।
२. सवारीसाधन चलाउन लाइसेन्स प्राप्त ।
३. ३ वर्ष सवारीसाधन चलाएको अनुभव भएको।
४. उपत्यकाभित्रको बाटो र ठाउँहरुको राम्रो जानकारी हुनुपर्ने ।

इच्छुक व्यक्तिहरुले आफ्नो ***Biodata*** हाम्रो ईमेल : ***hrkamana@gmail.com*** मा पठाउन सक्नुहुनेछ ।

अन्य जानकारीका लागि सम्पर्क

**कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.**
भीमसेनस्थान, काठमाडौं
सम्पर्क: ०१-४२६११७९, ९८०१००३७३७





कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, सम्पादक: लेखनाथ अधिकारी, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ